CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँ-ग्रिला

पूर्णाङ्क २५

२५

निबन्ध अंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँ–ग्रिला

(साहित्यिक त्रैमासिक)

वर्ष–८ साउन–भदौ–असोज २०४७ पूर्णाङ्क २५

प्रमुख सल्लाहकार

रमेश विकल

संपादक

विजय चालिसे

तेजप्रकाश श्रेष्ठ

अमरकुमार प्रधान

सहयोगी

के. पी: खनाल

एस्. बी. मल्ल

बाबुराम कापले

कार्यालय

७/४६४ चिकँमुगल

काठमाडौं

पो. ब. नं. १७९१

मूल्य १०।–

सां-ग्रिला प्रकाशनको निम्ति
सां-ग्रिला परिवारद्वारा प्रकाशित

निबन्ध

मनुजबाबु मिश्र	१
रमेश विकल	६
कृष्णप्रकाश श्रेष्ठ	१५
राजेन्द्र सुवेदी	२६
दर्नाल	३४
रामहरि पौडेल	३७
रामबहादुर श्रेष्ठ	४५
सुनिल पौडेल	५१
मोहन सिटौला	५३
तेजप्रकाश श्रेष्ठ	५६
घट्राज भट्टराई	६३
रामकुमार पाँडे	६६
कृष्णप्रसाद पराजुली	७२
आनन्ददेव भट्ट	७६
अमरकुमार प्रधान	९०
गोपीकृष्ण शर्मा	१००

स्तम्भ

चिल्लोपात	८८
कोण । प्रतिकोण	९३
नूतन प्रकाशन	९५
साहित्यको चौतारी	९८
बाल रचना	११८
सां-ग्रिलाको पातो	११६
परिशिष्ट	१०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा संरक्षकहरू

प्रधान संरक्षक

श्री जयराम बतौंला

सरना निर्माण सेवा प्रा. लि; ग्रा. गा. भैंसे. वडा नं. २, मकवानपुर ।

संरक्षक

१ श्री ध्रुव कार्की

ग्रध्यक्ष डी. एस. कन्स्ट्रक्सन (प्रा) लि.
हेटौंडा-११ राप्ती रोड, फोन नं. ५५६

२. श्री रामराजा जोन्छे

प्रोप्राइटर सुप्रिम निर्माण सेवा
झोछे, काठमाडौं

३. श्री जवाहरलाल क्षेत्री
श्री बाबुराम शर्मा

प्रोप्राइटर,
एम.एल. क्षेत्री एण्ड सन्स कन्स्ट्रक्सन कं
तथा
लम्जुङकाली कन्स्ट्रक्सन, भरतपुर, बसेनी

४. श्री शिवबहादुर कार्की

प्रो शिव निर्माण सेवा, हेटौंडा, न.पा
वडा नं. १०

५. श्री इन्द्रप्रसाद सिखडा

ग्रध्यक्ष, इन्द्र निर्माण सेवा, हेटौंडा

श्री जीतबहादुर तामाङ्ग

प्रोप्राइटर, त्रिशुली कन्स्ट्रक्सन कं.
त्रिशुली गा. वडा नं. ४
बगुदाबजार, नुवाकोट

७. श्री बद्रीप्रसाद आचार्य

सुरेश निर्माण कं. (प्रा) लि.
का. न. पा. वडा नं. ११
बबर महल, कुरिया गाउँ
(हनुमान स्थान ग्रगाडि)

८. नागर्जुन कन्स्ट्रक्सन कं.

बालाजु, काठमाडौं

९. श्री रमेश गोर्खाली

सुन्दर स्टोर्स
बीरगंज

ग्राजीवन सदस्य

१०. जगत निर्माण सेवा

प्रोप्राइटर, बसन्त सिल्वाल
धोबीधारा, डिल्लीबजार, काठमाडौं

विशेष सहयोगी

११. श्री आई. पी. प्रधान

प्रोप्राइटर, जेपी कन्स्ट्रक्सन (प्रा) लि; काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा आँखा

मनुजबाबु मिश्र

सावधानीको पनि हद हुन्छ साथी ! भन्नोस् कति मात्र सावधान रहूँ । कति तिरबाट मात्र सावधान रहूँ ! जावा दुइटा आँखा । त्यो पनि दुवै अगाडि पटि । चिलिम भित्रको पातोजस्तो खाल्टा भित्र खाम्लाङ्ङै । आफ्नै कञ्चट, निदार र गालाका उडिल्ला ढिस्काहरूले छेकेर छेउछाउका केही देख्न नसकिने । जन्मेदेखि हेर्‍या हेर्‍यै । थाकेर चुर भइसकें । लखतरान परिसकें । हिँड्दा हिँड्दै ती कुप्प झुप्प भएर उल्लुकैं उङ्घ्न लाग्छन् । कहिले चिप्राले च्याप्पै ! कहिले पाकेका घाउझैं कचकचाउँदा । कति हेरून् ! कति देखुन् ! कति मात्र सावधान रहुन् ! युद्ध मोर्चाका गुरिल्लाझैं, रडारयुक्त जहाजकैं, 'अवाक' बनेर दुवै आँखा घुमिरहन्छन्, सावधानीपूर्वक ! तैपनि कसैले हिर्काइहाल्छ, मलन्ति पारेर । सावधानीका प्रमुख ठेकेदार आँखा नै हुन् । आँखा नै आफ्नो शक्तिले भेटेसम्म इमान्दारीपूर्वक खतराको सूचना दिने गर्छन् । आँखाको उत्तरदायित्व यति ठूलो छ कि,उसले सानो मात्र गल्ती गरिदियो भने पनि ज्यानै जान सक्छ । विश्व ब्रह्माण्ड नै चुर्ण हुन्छ । आँखाको सानो असावधानीबाट धरतिमा ट्राफीक दुर्घटना भएजस्तै, महा आकाशमा परिक्रमा गर्ने सहश्र ग्रह, नक्षत्रहरू मध्ये, एउटाको मात्र आँखा असावधान भइदियोस् त ! ओहो ! कति ठूलो काम छ यो आँखाको । कान त शत्रु आएको मात्र थाहा पाउनसक्छ नाक पनि शत्रु आएको सिवाय अन्य कार्य गर्न सक्तैन । मुख त झन् मान्छे उचाल्ने विज्ञापनै मात्र हो । तर शत्रुको खोकिलामा लुकेको खतर्नाक हतियार देखेर सावधानीको घण्टी घन्काइदिने त आँखै मात्र हो । आज विश्वमा मान्छेहरू देखेको कुरा, छापेको कुरा समेत पढ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नसक्ने बन्दै गैरहेका छन् । त्यस्ता अधिकांश अशिक्षित मान्छेहरूसँगै बसेर पनि आँखा त छापिएको लेखिएको कुराहरू मात्र होइन, नलेखिएको कुरा, मान्छेको मुख हेरेर उसको मनसाय समेत पढ्न सक्छ । बिहान हेरेर दिन बताउन सक्छ । नर्क हेरेर स्वर्ग बनाउन सक्छ । आकाश हेरेर धर्ति बनाउन सक्छ । लौ त ! मान्छेको दुईवटा आँखा नभइदियोस् त ! उसको के हाल हुँदोरहेछ ? कविहरू भन्छन्:

'देब्रे हेर, दाहिने हेर, अगाडि हेर, पछाडि हेर, छेउछाउतिर हेर, माथि हेर, तल हेर, जावो दुईटा कुवाका व्याङ जस्ता !' कसरी सबैतिर हेर्ने ? देखे सम्म त ती आँखा सावधानै रहन्छन् । तर हिर्काउनेहरू कहिल्यै उसको अगाडिबाट आउँदैनन् । देखिने गरेर आउँदैनन् । अनि के गर्नु ! दुईटै भए पनि एकनास हेरिदिइरहेको हुन्थ्यो । बेथितिको विजुलीकै झिप्प झिप्प गरिरहन्छन् छिन छिनमा । अनि त्यै झिमक्याएको बेलामा समेत कसैले झापट दिन्छ के गरूँ ? मेरो शरीर छियाछिया भैसक्यो । मेरो छातीभरि पाषाण युगको पाषाणास्त्रदेखि लिएर अत्याधुनिक गोली समेत गाडिएका छन् । मेरो छाती किलागल भइसक्यो । पेरूत मात्र होइन, शातिला र सावा भइसके । जावा दुईटा 'कुपनयन' कति मात्र निगरानी गरून ? आँखा एकातिर । खतरा शईअतिर । के गरूँ साथी ! म कति सावधान रहूँ ?

विश्वयुद्ध सिद्धिएताका मान्छेले अकाशतिर हेर्न छाडिसकेका थिए । तर आजकल फेरि मान्छेको आँखा आकाशमुखी हुँदै गइरहेको छ । आकाशबाट आउने खतराबाट ऊ ज्यादै शसंकित र सावधान हुन लागिरहेको छ ।

हुनत मानव संस्कृति नै 'आकाशमुखी' संस्कृति हो । प्राचीन कालदेखि नै मानिसले आफ्नो जन्म, मृत्यु र जीवनको लम्बाई र दौडको गतिलाई महा आकाशीय शक्तिले सन्चालन गरिरहेको हुन्छ भन्ने कुरामा दृढ विश्वास गरि आएका छन् । धरतिमा बस्ने सबैको पालन पोषण आकाशमा बस्नेले गर्दछ भन्ने कुरामै मानव धर्म, संस्कृति, आस्था, श्रद्धा र विश्वास बनिसकेको छ । त्यसैले आफूलाई दुःख पर्दा, सुख पर्दा, इच्छा आकांक्षाको पूर्ति गर्नु पर्दा, कसैलाई जित्नु पर्दा, मान्छे आकाशतिरै फर्केर आकाशवासीसँग शक्ति माग्छ । आकाशवासीसँग ऊ तर्सन्छ र आकाशवासीय शक्तिलाई खुसी पार्न ऊ जे-जस्तो पनि गर्न तम्सन्छ । मान्छेको ग्रह दशा सबै आकाशमा बस्ने हुनाले तिनैलाई खुसिपार्नु मानव संस्कृति र मानव धर्म बन्न गयो । त्यति बेला कुनै आकाशवासी रिसायो भने तिनैलाईमात्र खुशीपारे पुग्दथ्यो अथवा पूजा, पाठ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होम, हवनबाट ती शान्त हुन्थे । पिरीहाले पनि एउटा व्यक्ति वा परिवार सम्मको मात्र अनिष्ठ हुन्थ्यो । आजकाल त ! आकाशवासी रिसाए भने ठूला ठूला निर्दोष मानव समुदाय समेत नष्ट हुन्छन् । तिनीहरूसँग क्षेप्यास्त्र, अरुणास्त्र, अग्न्यास्त्र, विषास्त्र, वरूणास्त्र, परमबम अस्त्र आदि डरलाग्दा हात हतियारहरू छन् भन्नेकुरा धर्तिका सबैले थाहा पाइसके । त्यसैले आज सबै आतंकित भएकाछन् । आकाशमुखि भएका छन् । पूजा पाठबाट तिनलाई शान्त पार्न सकिंदैन भन्ने पनि बुझिसकेका छन् । त्यसैले आज मान्छेको टाउको नै 'रडार' भएर घुम्न लागेको छ । आकाशका वरिपरि मुन्टो बटारेर हेरिरहन्छन् तिनका दुईवटै आँखा । आधुनिक मान्छे बनाउनेले मान्छेको बनावटमा कुनै आधुनिकीकरण गर्न सकेन । एउटा आँखा मात्र पनि तालुमा जडिदिएको भए, पनि कति निश्चित भएर निदाउन पाउने थियो ऊ । तर के गर्नु ! उसको तालुमा त झन् खतराको आभाससम्म नपाउने गरी स्पातको विर्को नै लागि दिएको छ । उभो मुन्टो नपारी ऊ आकाश देख्नै सक्तैन । आफ्नो इतिहास् भरि युद्धको अगुल्टोदेखि तर्सदै आएका मानव जाति आज विजुलीको उज्यालोदेखि पनि तर्सन थालिसकेका छन् । म त झन् एउटा कम्जोर कलाकार साथी ! मेरा दिमागभरि खतराका घण्टी घन्घनाई रहेछन् । आधुनिकताको प्रदिप्त प्रकाशले लखेट्दैछ मलाई । म भाग्दै छु आफ्नै पुर्खाको ढुङ्गे गुफातिर । त्यहीं बसेर आफ्ना परं शत्रुको चित्र बनाई तिनमाथि बदला लिन । अब म त्यो गुफामा पसें भने कहिल्यै ती निर्दोष डायनोसर्स र वायसनको चित्र बनाउने छैन, तिनमाथि रिष फेर्न । बरू म त्यहाँ आणविक बम, रकेटदेखि लिएर मान्छेको अमानवीयता र पशु प्रवृत्तिलाई कल्याणकारी शिवले ध्वस्त पारेको चित्र रचना गरेर आतंककारी र मानव द्रोही माथि बदला लिने छु । रूद्र जातिलाई विनाश गरेर धर्तिभरि शिवै शिवको निर्माण गर्नेछु । बरू मेरो शरीर टाउको विनाको मुर्कट्टा भइदिएको भएपनि मैले कसैबाट पनि सावधान रहनुपर्ने थिएन । मेरो टाउको भकुण्डोजस्तो खोक्रो मात्र भइदिएको भएपनि चित्त बुझाउँथे । तर के गर्नु साथी ! मेरो टाउको दैवी कम्प्युटरको सचेत डल्लो नै भैदियो । सिङ्गै धर्तिको विखालु किरा फट्याङ्ग्राको सार्वजनिक गुण नै भैदियो यो ।

सबै मान्छेको 'टाउको' हुने हुनाले आकाशे खतरा मेरोलागि मात्र चिन्ताको विषय होइन । आजसम्म आकाशवासीको प्रहारबाट मेरो शरीरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै घाउ चोट लाग्न पाएको छैन । अतः आधुनिक आकाशको खतराबाट मैले सावधान रहनुपर्ने कुनै आवश्यकता छैन । मलाई त दायाँ, बायाँ, अगाडि, पछाडि कै मात्र डर छ । आफूले टेकेको ठाउँनै भास्सिएला र अहिरावणको देशमा पुगिएला भन्ने पो डर छ । पछिल्तिर सन्याक सुरुक गरेजस्तो लाग्छ र टाउको घुमाउँछु । त्यही बेला पारेर कसैले गलहत्याईदिन्छ । पूर्व हेर्‍यो, पश्चिमबाट गोली आएर मेरो कोखामा लाग्छ । पश्चिम हेर्‍यो फेरि पूर्वबाट झन्हनाउँदै विष्णुको चक्र नै आएर मलाई मुर्छा परिदिन्छ । अनि बेला न कुबेलामा झ्याप्प झ्याप्प निभिरहनु पर्ने यी आँखैदेखि रिस उठेर आउँछ ।

कहिलेकाहीं आफ्ना यी दुई आँखामाथि दया लागेर पनि आउँछ । अनि ऐना हेरेर तिनलाई सुमसुम्याइदिन खोज्छ । तर तिनको अवस्था देख्दा जीउनै सिरीङ्ग भएर आउँछ । घीन लाग्छ । पचपचाउँदो, अनुहार नपरेको कतै कालो, कतै कैलो, कतै पीप, कतै रातो जालो, डुइङ नै नमिलेजस्तो जता-ततै इरेजर दलेर फोहर पारेको । काठे पाराको । अँ एउटा आँखाको डुइङ सम्म पनि आकर्षक बनाउन नसक्ने कुन अकुशल कलाकार होला त्यो ? मेरो आमाले त पक्कै होइन । उहाँ कलाप्रेमी हुनुहुन्थ्यो । आफैं उत्कृष्ट कलाकृति हुनुहुन्थ्यो । तर पनि उहाँले कला रचना गरेको भन्ने मलाई थाहा छैन । उहाँको धर्को तान्नेसम्म पनि ढङ्ग थिएन ।

त्यसो भए कसले बनायो होला त मेरो आँखा ? बाबुले ? हो ! मेरो बाबा अलि अलि आर्ट गर्नुहुन्थ्यो । तर पनि टुपुक्क परेको आँखा बनाउने उहाँको पनि ढङ्ग थिएन । पहिलो कुरा त उहाँले आफ्नै आँखा पनि राम्रोसँग बनाउन सक्नु भएको थिएन र आफ्नै असावधान आँखाको कारणबाट उहाँको मृत्यु भएको थियो ? अर्को कुरो बाउ त बिऊ पो राख्न सक्छन् त ! त्यो सानो तिलको गेडा जत्रो बीऊ भित्र सजिलै अटाउन विकाश र प्रगति गर्न सक्ने सिंगो मान्छे बनाउन, त्यसमाथि पनि विश्व ब्रह्माण्डीय गति प्रगतिको सन्चालन गर्न सक्ने स्यानो 'हाइपर कम्प्युटर' टाउको बनाउन; त्यस्तो अणु जत्रो टाउको मा पनि परम अणु जत्ता आँखा गाडिदिन मेरो बाबुको मात्र किन कस्को बाबुको तागत ! मान्छेको त त्यस्तो भने एउटा भूसुनाको बाउले रोप्ने बिउ कत्रो होला ! त्यो बिऊ भित्र बस्ने भूसुना झन् कत्रो होला ! त्यस्का पनि आँखा त झन् कत्रा होलान् ! त्यस्ता साना आँखा बनाउने कलाकार; अनि उसले प्रयोग गर्ने बन, छिनो, कुचो, कलम झन् कत्रा होलान् ? कस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजब ! कुन् गजबको कुरो त, मान्छे होस् वा भूसुना, हात्ति होस् कि ह्वेल सबैका आँखाको काम एउटै छ । देख्नु ! देखेको कुरालाई सम्झनाको कापीमा सार्नु । अनि बाँच्नको लागि संधै अनगिन्त खताराबाट सावधान हुनु । भुसुनाको आँखाको पनि निश्चित आकार छ । त्यस्को आँखाको पनि जड्नु अगाडि, कैयूं ड्रइङ गरिए होलान् ।

ओहो ! को होला त त्यो कलाकार ? कस्ले बनायो होला त त्यो हाम्रो आँखा ? ईश्वर छ रे ! यी सन्सारको सबैथोक उनले बनाएका रे ? खोई ! उनको ज्यासल कहाँ छ त ? त्यत्रो ठूलो ज्यासलमा कामगर्ने मजदुरहरू एक दुईजना त देखिनु पर्ने ? अतलदेखि पातालसम्म अनि भू-लोकदेखि स्वर्गलोकसम्म मान्छे पुगिसक्यो । कहाँ छ त त्यो ईश्वरको ज्यासल ?

त के आफैं बन्यो हाम्रो आँखा ? असम्भव ! मेरो क्यानभासमा त एउटा धर्कोसम्म तानिएको छैन आफै, मैले नै नतानीकन । आफैं बन्ने भए बनाउनेको के काम ? आँखा बाउले बनाएका हुन् कि ईश्वरले, बरू मैले नै बनाउन पाएको भए बुद्धका जस्ता फस्क्लास आँखा बनाइदिन्थें । मोटामोटा तुलिकाले सरक्क कोरा निकालेर संधै हाँसिजस्ता, देख्ने मात्त होइन, संधै सतर्कतापूर्वक हेरिरहने, आँखासम्म न झिम्क्याउने, दुईटा चेतनशील आँखा बनाइदिन्थें । सोच्दा सोच्दै मैले आफ्नै छोराको किचाले आँखा सम्झन पुगें । अनि आफैंले बनाएका अनगिन्ती चित्रका निर्जीव र गाईजात्रे आँखाहरू सम्झन थालें । साँच्चै हो ! 'शृष्टि गर्न गाह्रो श्रष्टाको आलोचना गर्न सजिलो भनेको ।

हाम्रा आँखाको आकार नै नराम्रो त कहाँ हो र ! त्यस्ले त जन्मेदेखि नै पोखरीमा परेको भकुण्डोझैं, शोक, सन्ताप, अभाव र असन्तोषको आँसु जमेको डोल्ल्याङमा डुबेर बस्नुपरेको छ र पो त हरसमय खतराको छायाले त्यसलाई हल्लाइरहन्छ । खतराका अनगिन्ती लहरहरूले त्यसका किनारालाई छताछुल्ल पारिराख्छ । त्यसैले पो त ! बिचरा यी आँखाहरू के गरून् ! दुःख पाएपछि सबै नराम्रै देखिन्छन् !

विचित्रको छ त्यो आँखा ! यसको रहस्य बुझ्नै सकिदैन । आँखा बन्द गरिदियो भने कुनै दशै दिशा देखिन्छ । स्वर्गको दृष्य परीहरूको नाचगान हल्क्क्लाएको अमरावती, शान्ति र विकाशको प्रशान्ते देखिन थाल्छ । तर आँखा खोल्यो भने चाहीं एकैतिर मात्रै सोलीधार हेरेजस्तो हुन्छ । तैपनि आँखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्द गरूं त बन्द नगर्नेहरूले आक्रमण गर्छन् । के गरौं साथी ! आँखा खोलेर आत्म सुरक्षा पनि गर्न नसकिने, बन्द गरेर आत्म आनन्द लिन पनि नपाइने ।

आँखा जस्ले बनाएको भएपनि, मान्छेले बनाएजस्तै एउटा मात्र 'फिश आई लेन्स' जडिदिएको भए, कमसेकम तीनतिर त देख्न सकिन्थ्यो । आँखा जस्तो महत्वपूर्ण अंग पनि जाबो दुइटा ! बरू दाँतै दुइटा भएकोभएपनि त्यति नुक्सान हुने थिएन । यस्तै कुपनयन भए पनि यी आँखा बनाउनेले एउटा आँखा तालुमा एक एक वटा कानेनेर चिउँडो मुनि एउटा छातीमा दुइटा, नाइटोमा एउटा ढंडाल्नोमा दुईटा, मलद्वारमा द्वारपाल दुईटा, जडिदिएको भए मान्छे-लाई असंख्य अदृष्य खतराहरूको सामना गर्नु पर्ने नै थिएन । जताबाट जस्तो खतरा आउन लागेपनि दिमाकमा खतराको घण्टी बजिहाल्थ्यो ।

ओहो ! मेरो त कुर्कुच्चा र पैताला भरि पनि काँडाले छिया छिया परिसकेको छ । कतिपटक नदेखेर धापमा गाडिन पुगेको छु कति पटक मैले टेकेको जमिनै भासिएको छ । अनि कैयुं चोटी त केले केले तलतिरबाट मेरो खुट्टै समाएर पछारिदिएको छ । पैतालामा पनि एक एक आँखा हुनै पर्ने ।

जीऊ भरी आँखै आँखा भएको काँडे शरीरहरू म भित्र सल्बलाउन लागे । हत्तरपत्त स्केच बुक झिकेर फट्टाफट आँखैआँखा भएको मान्छेहरूका रेखाङ्कन गर्नलागें । सबै मान्छे भूतजस्ता देखिए । रूखचरजस्ता देखिए । डरले छाति नै ढुक्क फुल्यो ।

धत ! के मान्छे पनि काँडाको माला हो र जतातत्तै आँखै आँखा जड्न । मान्छेलाई जाबो दुईटा आँखा र एउटा नाक जोगाएर हिंड्न त धौ धौ परि-रहेको छ । एक त जीउ भरि आँखै आँखा भैदिएको भए यस्तो आधुनिक लुगा लगाएर उसले हिंड्न पाउने नै थिएन । अर्को कुरो आँखै मात्र थुप्रो भएर बढो सावधान हुन सकिने हो र ? सावधानी त चेतनामा हुन्छ । भित्र रिलै छैन भने क्यामराले के खिच्छ ? दिमाकै खोक्रो छ भने आँखा मात्र भएर के काम ? फेरि कति कुरामा मात्र सावधान रहनु । आँखा त दिमाकमा पस्ने ढोकासम्म न हो । दुईटा ढोकाबाट पसेको सावधानीको समाचारलाई नै मान्छेको दिमा-कले टिप्नै सकेको छैन । छाप्ने क्षमतै छैन भने सम्बाद र समाचार मात्र आइरहेर के काम ! अस्ति मात्र आफ्नो आँगनमा आनन्दले बसेको मान्छे गोली लागेर मरे । गोली कताबाट आयो कताबाट ! सुतेको बेलामा हानेको गोलीले अर्को मान्छे झण्डै खत्तम भएको ! एक्कासी एउटा ट्याक्सीले आएर मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हातै भाँचिदियो । म जावो को त के कुरा गएका केही वर्ष भित्रमा कताकता सयौं जोर आँखाले सावधान राखेका मान्छे त खत्तम भए । इन्दिरा गान्धि, हुस्ने जैन, केनेडी, मजीबुर, जीयाउल रहमान,सादात,पार्कचुङ ह्वा कसैले पनि गोली आएको पत्तै पाएनन् । यो त भै गो जो असावधान रह्यो, त्यही मर्‍यो । तर आजको विश्वमा त एउटाको असावधानीबाट अनेकौंको विनाश हुने गरेको छ । विश्वका अधिकांश मानिस एउटा को असावधानीबाट मरेकाछन् चाहे त्यो युनियन कार्वाइड वा चेर्नोमील चुईएको घटना होस , उडेको जहाज खसेको र गुडेको रेल पल्टेको दुर्घटना होस् वा अणुबम विष्फोटनको घटना ! जावो दुईटा आँखाबाट पसेका खतराको संकेतलाई त मानव चेतनाले टिपेर सावधान राख्न सक्दैन भने, शरीर भरिका आँखाबाट खतराका संकेत ओइरिन लागे भने त उसको टाउको नै हावा नअटाएको बेलुन भई पड्कने छ ।

प्राचीनकालतिर बरू सबै खतराहरू मूर्तहुने गर्दथे । प्रहार गर्ने प्रायः सबै हतियारहरू पनि मूर्त नै हुन्थे । तिनलाई देख्न सकिन्थ्यो । तर आजकल त सबै अमूर्त । हान्ने पनि अमूर्त, हतियार पनि अमूर्त । त्यस्ता हतियार झन् लाग्ने खुकुरीभन्दा डरलाग्दा हुन्छन् । कैयूपटक त्यस्तै अमूर्त हतियारबाट 'वहिदारको मरण' भइसकेको छ मेरो । एक चोटी झण्डै बौल्हाएको । एक चोटी झण्डै जागीर र इज्जत सँगसँगै गएको । यस्ता त कति कति ! न मैले आफूलाई हान्नेलाई देख्न सकें, न त हतियारलाई नै ! भूत लागे झैं लाग्छ, के गरू ?

जानेको खतराबाट सावधान रहन सकिन्छ । तर के गर्नु मैले जानेको भन्दा नजानेको खतराहरू एकलाख गुना बढी छन् । कतिबाट मात्र मेरा यी आँखा सावधान रहुन्, झन् उज्यालो देख्यो कि होमिने मान्छेको स्वभाव । म अपाङ्ग पुतली नै भइसकें । उज्यालोतिर होमिदा होमिदा मेरो शरीर, मन, मस्तिष्कका सबै पखेटा उडिसके । आजकल त टुकीको उज्यालोदेखि पनि तर्सन्छु ।

खतरै खतराको युद्धमोर्चामा मान्छेको जन्म हुन्छ । खतरै खतराको बीचमा पनि बाँचिरहने रहरले ऊ सावधानी पूर्वक संग्राम गरिरहन्छ । त्यस्तो संग्राममा सके बाँच्छ, नसके मर्छ । ऊ अली कम्जोर भैदियो भने उसैका बन्धु-वर्गले उसको हत्या गरिदिन्छन् । ऊ अलि बलियो भयो भने पनि उसलाई कसैले देखिसहँदैनन् । त्यसैले ऊ आफूलाई 'न्युट्रल' बनाएर बाँच्न खोज्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म पनि त्यस्तै 'न्युट्रल' बनेर बाँच्ने कोशिस गर्दैछु । आफूलाई बचाउने सघर्ष गर्दै छु । मेरो टाउको प्रगतिशील र सृजनात्मक नभएर आधुनिक 'रडार' भएको छ । खतराको संकेत पाउन रातदिन मेरो टाउको 'सर्चलाइट' झैं घुमिरहन्छ । यही घुम्ने काम र बाँच्ने प्रयत्नलाई नै मैले आत्म विकाश भन्न लागेको छु । अनि यही घुम्ने गतिलाई नै मैले प्रगति भन्न थालेको छु । अस्तु

हर्मिताज
बौद्धनाथ, काठमाडौं ६

विजया दशमी २०४७ को

शुभउपलक्ष्यमा

हार्दिक मंगलमय शुभ-कामना

व्यक्त गर्दछौं ।

सृष्टि छापाखाना
लगनटोल

विजया दशमी २०४७ को

सुखद-उपलक्ष्यमा

सुख शान्ति तथा सम्बृद्धिका लागि

हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

अभ्यूदय ट्रेड सर्कल
भीमसेन स्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ माने छाता

रमेश विकल

छ माने, हुन त धेरै वस्तु हुन सक्छन्, तर, सबैभन्दा उपयुक्त वस्तु छाता नै हुन सक्छ । छाता भनेको छहारी हो । छहारी भनेको घामपानी दुवैलाई काम लाग्ने वस्तु हो । तर छहारी मात्रका लागि भए त छाताको नै आवश्यकता पर्दैनथ्यो । किनभने छहारी त घुमले पनि दिन सक्छ, रूखको बाक्लो हाँगा पातले पनि दिन सक्छ । अनि वर्सात् कै कुरा हो भने आजभोलि वर्षाती पनि बजारमा बिक्री हुन्छ । अनि सबैभन्दा गहकिलो छहारीको काम त घरले गर्छ । तर ! छाता ! . यो अर्कै कुरा हो । यो बोकेर हिँड्नु हुन्छ, घर, रूख, बोकेर हिँड्नु हुँदैन । अनि घुम पनि असारमा रोपाईं जाँदा र गाउँले बुहारी घट्ट जाँदा मात्र ओढ्छन् । त्यसैले शहरिया भलादमीलाई यो सुहाउँदैन । छाताले छहारीमात्र दिने, वर्षा-घामपानी मात्र रोक्ने होइन परेका बेला यसले लठ्ठीको काम पनि दिन्छ, अङ्कुशेको काम पनि । त्यसैले त मानिसले छातालाई धेरै महत्व दिन्छ । अरू त अरू तपाईंको बाबु बाजे परलोक हुँदा पनि पुरेत बाजेले सबैभन्दा पहिले पलङ खाटका साथमा छाता जुत्ता दान गर्नु भन्छन् । किनभने तपाईंका पितृको मृत आत्मा (आत्मा मृत त हुँदै हुँदैन तर चल्तीका लागि यसो भनिन्छ) ले रौरव नगरको बगरमा हिँड्दा तलबाट तातेको बालुवा र माथिबाट सूर्यको अत्यन्त प्रखर प्रचण्ड तापले तालु पैंताला खुल्याउन खोज्दा तपाईंले दान गरेको छाता-जुत्ताले उनीहरूलाई बचाउँछ र शास्त्रले (पुरेत शास्त्रले) यसै भन्छ ।

अब हुन त तपाईंले सातधारा पसिना बगाएर कमाएको जगेर्ना गरेको (अथवा हुन सक्छ बाबु बाजेले जगेर्ना गरिदिएको एक टुक्रो गँरी पाटो बेचेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा आफैं बस्ने घर गोठ साइला ढकालका हातमा घितो राखेर रिन काढेको) थैलो हालेर ल्याएको छाता जुत्ता आफ्ना बाबु बराजुका पितृ आत्माले ओडेर हिंडेको त तपाईं देख्नु हुन्न, बरू उल्टो जूठे घर्तिको आमाको श्राद्ध खान जानलागेका पुरेत बाका शीर पाउको शोभा बढाउँदै त्यसले धोबी खोलाको बगरको बालुवा र भदौ महिनाको टण्टलापुर घामबाट उनको तालु पैतालाका छाला खुल्लनबाट बचाएको तपाईं देख्नु हुन्छ तर जे होस् बाबु आमाका मृत आत्माको नभए पनि पुरेतको जीवित आत्माको तालु–पैताला त यसले बचाएकै हुन्छ। त्यसैमा तपाईंले सन्तोष गर्नु पर्छ। तर छाताका ठाउँमा घर र रूख भएको भए पुरेतले यसरी बोकेर हिंडेन सक्तैनथे र तपाईंलाई संतोष हुँदैनथ्यो।

अझ छाताको चमत्कार त अरू पनि कति छ कति जुन चमत्कार न घरले गर्न सक्छ न रूखले। मानव स्वभावको विशेषता के हो भने नितनूतन वस्तुको भोग गर्न खोज्छ ऊ। अब तपाईं सोच्नोस् तपाईं घर सधैं नयाँ बनाइरहन सक्नुहुन्न, न त छहारीवाल रूख नै सधैं नयाँ पाउनुहुन्छ। रूख नयाँ (बिरुवा) छौंन्जेल यसले छहारी दिन सक्तैन (यसमा बाक्ला हांगा र पात लागि सकेका हुँदैनन्) तर जब यसले बाक्ला हाँगा-पातयुक्त भएर छहारी दिन थाल्छ, त्यो बूढो भैसक्छ! तपाईंकै गाउँको सबैभन्दा बाक्लो छहारी दिने पीपलको रूख कति वर्षको भयो होला त अन्दाज गर्न सक्नुहुन्छ? (लगभग सय दुईसय वर्षको त भयो नै होला।) तर छातामा त्यस्तो डर हुँदैन। हद भयो भने यो चार पाँच वर्ष बूढो हुन सक्ला त्यसपछि तपाईं त्यसलाई (चंख हुन सक्नु भयो भने) तुरून्त नयाँ बनाउन सक्नु हुन्छ। यसमा तपाईंको स्वभावको 'बिर्सने' बानीले पनि खुबै ठूलो मदत गर्न सक्छ।

मानिसको स्वभावको कहीं न कहीं बिर्सने बानीको बिऊ हुन्छ यो मानिसको मनोविज्ञानको कुरा हो। बाठो मान्छेले आफ्नो बिर्सने बानीलाई आफ्नो लाभको कुरामा प्रयोग गर्छ लाटाले हानी हुने कुरामा। अब मानिलिनोस् बाहिर पानी परिरहेको छ। तर तपाईंलाई बाहिर नगै भएको छैन। तपाईंको पनि बिर्सने बानी त छँदैछ, तर पानी परेको बेला छाता लिएर हिंड्नु पर्छ भन्ने कुरालाई चाहिं तपाईंको बिर्सने बानीले बिर्संदैन। तर एउटै नमज्जा कुरा के भने तपाईंको छाताले पाँच छवटा वर्षाको मुसलधारे पानी खपेर जीर्ण रूप लिइसकेको छ। तपाईंले त्यसलाई नयाँ बनाउने फुर्सत पाउनु भएको छैन। किनभने तपाईंको जागिरको तलब (अथवा कामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्याला) यति थोरै छ त्यसले तपाईं, तपाईंकी धर्मपत्नी र उनको मिसिनले वर्षका दुईटाका दरले उत्पादन गरेका डेढ दर्जन कालीमाटीका मूर्तिजस्ता चिची भूँडीका पेटमा चारो हाल्नै पुग्दैन, छातालाई नयाँ किन्ने प्रश्नै उठ्तैन। अब रह्यो बिर्सने बानीको मदतले त्यसलाई नयाँ रुप दिने कुरा । त्यसको साइत आजसम्म किन हो कुन्नि आको छैन । -

यी सबै कुरा मनमा खेलाउँदै तपाईं ईश्वरको ध्यान गरेजस्तै नयाँ छत्र भगवानको ध्यान गर्दै त्यही पुरानो छाता बोकेर घरबाट निस्कनु हुन्छ । तपाईंका आजु बाजु अनेक रङ अनेक ढाँचा र अनेक अनुहारका छाताले तपाईंको पुरानो छाताको खिसी त गर्छन नै, तर त्यसबाट तपाईंमा लघुताभास हुनु पर्ने खण्ड छैन । किनभने तपाईंको पनि घूम नभएर छातै हो । राम्रा छाता हुनेले तपाईंलाई खिसि गरेर नाकमुख चेप्राएर हिड्छन भने तपाईं पनि रत्नपार्कको रेष्टोरांका सेडमुनि, बस बिसौनीका सिमन्टीका छहारीमुनि लुगलुग काम्दै आधाभन्दा बढी हुर भिजाएर उभिएका सुकुल गुण्डा भलादमीहरू, अथवा सडकमै अलपत्र परेका ठेला गाडा मुनि खुम्चिएर बसेका, अथवा बाबुचाको शानदार ममचा पसलको बाहिरी फलैंचा मुनि कुकुर गुँडल्किए झैं गुँडुल्किएर एक माथि अर्को खापिएर काम्दै बसेका ठेला वाल, मागने केटाहरूलाई खिसि गरिदिनोस्, सापो नापो ठिक्क ।

तर तपाईं नयाँ सडक जुद्ध शालिक निर पुग्दा वर्षादले प्रचण्ड रूप लिन्छ । अब यस उग्र वर्षाको प्रचाण्ड गोदाइ तपाईंको जीर्ण छाताले खप्न सक्तैन । यति बेला भने तपाईंलाई चिन्ता हुनु स्वाभाविकै हो– कहाँ जाने ओतलिन ?...तर धन्दा नमान्नोस ! तपाईंको अगाडि विशाल बजार छ । हुन त तपाईंको विशाल बजारमा कुनै काम छैन (काम त धेरै पैसा हुनेको मात्र हुन्छ त्यहाँ तपाईं हामी जस्ता बुङ्गा त कि तमासे बनेर त्यहाँ पस्छ, कि यस्तै ठरी बर्सादबाट बचन । त्यसैले तपाईंले पनि पानी नरोकिकउन्जेल त्यहाँ पसेर तमासा हेर्नु बेसै हुन्छ । कामको काम (पानीबाट बच्ने) तमासाको तमासा– एक पन्थ दुई काज । तपाईं मात्र होइन, तपाईंजस्ता तमासे त्यहाँ धेरै हुन्छन् ।

अब तपाईं आफ्नो थोत्रो छाता बन्द गरेर विशाल बजारमा पस्नु हुन्छ । तर तपाईंलाई साँच्चै तमासे मात्र भएर विश्राम कक्षमा बस्न इच्छा हुँदैन– कमसे कम भित्र नपस्नु पसिसके पछि कुनै खास कक्षमा पसेर नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ माल सामानको निरीक्षण गर्नु र भाउ ताउ बुझिराख्नु बेसै हुन्छ । कुन बेला परिआयो भने ?..कसलाई के थाहा ! .. त तपाईं एउटा विशेष बिक्री कक्षमा पस्न खोज्नु हुन्छ ।... तपाईं जस्तै केही अरू पनि त्यहाँ पसिसकेका र मालसामान वल्टाई पल्टाई गर्दै हुन्छन् तर त्यहाँ पस्न छाता त बाहिरै (स्टैण्डमा) छोड्नु पर्ने रहेछ । किनभने वर्षाको छाता, पानी तर्केर भित्रको भुईंको कार्पेट भिज्न सक्छ, अरूले पनि आफ्ना छाता त्यहीं छोडेर गएका छन् । तपाईं पनि आफ्नो छ वर्षे जीर्ण छाता त्यहीं अरूका नामी, दामी र नयाँ छाताका बीच छोडेर भित्र पस्नु हुन्छ ।

केही छिन मालताल वल्टाई पल्टाई र भाउ ताउ गरेपछि तपाईंलाई बिरक्त लाग्छ– अरू किन्दै पनि गर्छन्, तर तपाईं खालि भाउताउ मात्र गर्नुहुन्छ । पसलेले के भन्ला तपाईंलाई ? तपाईंलाई संकोच लाग्छ । त्यसैले तपाईं अब अरू त्यहाँ नअडी बाहिर निस्कन हतारिनु हुन्छ । निस्की पनि हाल्नु हुन्छ ।

तर मैले अगि नै भनिसकें,मानवीय मनोविज्ञान अनुरूप तपाईंको पनि केही न केही, केही न कहीं बिर्सने बानी छ । भलै तपाईंको त्यो बिर्सने बानी अघि घरबाट पुरानो छाता लिएर हिंड्दा सक्रिय नभएको भए तापनि अहिले यहाँ त्यो पूर्ण सक्रिय भएको छ । तपाईंलाई घरबाट छाता लिएर आएको थिएँ भन्ने सम्म त होक्का हुन्छ, त्यसभन्दा पर कस्तो छाता, कति पुरानो, कस्तो बींड (बाँसको कि बेतको ?) गरेको, आदि इत्यादि कुरा सबै बिर्सिसक्नु भएको छ । तपाईंले आफ्नो छाता यही कोठा बाहिर अरू छाताका साथमा राख्नु भएको थियो– यति हेक्काका भरमा तपाईं एउटा छाता टिपेर हिंड्नु हुन्छ । अब यसो गर्दा आफ्नो जीर्णका ठाउँमा अर्काको नयाँ परेछ रे, यसमा तपाईंको के दोष ! बिर्सने बानी भए पछि.. । .. त्यो बानी तपाईंले आफैं रचना गरेको पनि त होइन – जन्मकै साइत !

त देख्नु भो तपाईंले छाताको करामत ! तर यसको यो चर्तिकला यति मात्र होइन । कहिले कहीं त यसले तपाईंले सपनामा पनि नचिताएको आनन्दको भोग तपाईंलाई भोगाउँछ साथै तपाईंको परोपकारी भावनालाई कसैको उपकार गर्ने अवसर पनि दिलाउँछ ।

मान्नुहोस्, तपाईंको छाता पनि छ, भाग्य पनि छ । तपाईं झरीको बेला असंख्य छाता नहुनेका बीच छाता ओढेर सानसँग छाती फर्काउँदै सडकमा हिंडिरहनु भएको छ । वरपर रूझेर हिंडेका वा कुनै पसलका सेडमुनि पाटीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालीमुनि खुम्चिएर ओत लागेका मानिसहरू तपाईंतिर बडो ईर्ष्यालु आँखाले हेरिरहेका छन् । तपाईं उनीहरूको दुर्भाग्य माथि खिस्सीको मुस्कान फर्याँक्दै हिंड्नु हुन्छ । तपाईंलाई कसैको पर्वाह छैन ।

अकस्मात तपाईंका आँखाआफू भन्दा केही अगाडि रूझ्दै हिंडिरहेकी एउटी नारीको पानीले भिजेर टाँस्सिएका पातला लुगाभित्रबाट पुष्टिएका फिलाको अद्भुत गति, अरू हात पाखुरा, तिघ्रा पिंडौंलाका मांशल र पुष्ट फलकले तपाईं भित्र मानवता जाग्छ– विचरी रूझेर हिंडिछ । .. छाता पनि नलिई हिंडेकी ।

अब तपाईं आफ्नो मानवताको भावनाबाट आफूलाई रोक्न सक्नुहुन्न । अत्यन्त संवेदनशील भएर आफ्ना पाइला छिटछिटो बढाउंदै त्यस रूझेकी महिलाका हाराहारी पुगेर आफ्नो अमूल्य सेवा अर्पण गर्नु हुन्छ– म तपाईं लाई छाता ओढाउन सक्छु ? रुझेर किन हिंड्नु हुन्छ ?

महिला तरूनी छ, राम्री पनि छ । तर एक्कासी परपुरूषको छातामुनि आउन उसलाई अलि संकोच लाग्छ । किनभने ऊ खान्दानकी मान्छे हो । अरूले के भन्लान् ? ..ऊ वरिपरि संकोचले हेर्छे । अनि तपाईंको मुखमा पनि हेर्छे । तपाईंलाई पनि संकोच त लाग्छ तर तपाईंसँग छाता छ, कुनै रूझेर हिंडेको असहायलाई छाता ओढाउनु पाप त होइन, कसले के भन्ने ? तपाईं हाँसिदिनु हुन्छ ।

घरबाट हिंड्दा पानी पर्लाजस्तो थिएन ..हेर्नोस् न– महिला सफाई दिन खोज्छे । तपाईं भन्नुहुन्छ– त्यस्तै हो, कहिले कहीं यस्तै हुन्छ । .. अनि महिला खुसुक्क तपाईंको छाता मुनि आउँछे । त्यसो गर्दा उसको भिजेको मासुको गन्ध र भित्रको नारी उर्जाको गर्मी तपाईंको शरीरमा र नाकमा प्रवेश गर्छ । तपाई परमानन्दमा मग्न हुंदै बेहोसमै उससँग बढी ढेस्सिने (बढी ओत दिने निहुँमा) चेष्टा गर्नुहुन्छ । उसलाई पनि पुरुष शरीरको गर्मीको स्पर्श त्यति अरूचिकर हुँदैन । त्यसमाथि उसलाई तपाईंको अनुहार को भद्रताको मुखुण्डोले विश्वास जमाइसकेको हुन्छ । यसरी तपाईंले छाता हुनुको परम उपलब्धी भोग्न पाउनु हुन्छ ।

यस्तो गुनी र चमत्कारी छाताको जन्मको इतिहास त मलाई थहा छैन, तर मलाई के कुरामा विश्वास छ भने यो यस कलिजुगमा होइन देउता का पालादेखि– सत्य जुगमै आविष्कार भएको हो । यसको ज्वलन्त प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो पुरेत शास्त्रमा छाता दानको महिमा गाइनु, पशुपतिनाथको सुनको छाता हुनु र राजालाई छत्रपति भन्नु नै यथेष्ट छ। त्यसैले यसलाई खालि पश्चात्य उपज मात्र ठान्नु हाम्रो भूल हुनेछ। .. आज हामीसँग अनेक रङ अनेक ढाँचा, अनेक रूपका छाता छन् र आज राजामात्र होइन रैती- प्रजा दुनियाँ सबै छत्रपति छन्। तर यसको मूलमा चं त हाम्रै शास्त्रकार ऋषिहरूकै बुद्धि र आविष्कारक प्रतिभाको चमत्कार छ। अस्तु

२०४७ वैशाख
आरूबारी,

विजया दशमी २०४७ को
शुभउपलक्ष्यमा
हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं।

कृष्ण प्रिन्टङ्ग प्रेस
टेंगलटोल ल. पु.

Color Photo Service

A RELIABLE NAME FOR BEST
COLOR FILM PROCESSING
IN TOWN

Colar Photo Service
6/193 New Road Kathmandu
Tel, 223-967

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामको चर्चा : उपनामको व्याख्या

कृष्णप्रकाश श्रेष्ठ

यो चराचर जगत् नाममय छ । विश्वब्रह्माण्डका यावत् वस्तुहरूलाई मान्छेले कुनै न कुनै नामद्वारा संवोधन गर्ने गरेको छ । कहाँसम्म भने मानव-इन्द्रीयद्वारा अनुबोध हुन नसक्ने भावात्मक कुराहरूलाई समेत मानिसले नाउँ प्रदान गरेको छ । यस परिप्रेक्ष्यमा यावत् नामहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ : वस्तुवाची र भाववाची । वस्तुवाची नाम पनि दुई प्रकारका छन् : जातिवाची र व्यक्तिवाची । व्यक्तिवाची नामको पनि यस्तै श्रेणीविभाजन हुन सक्तछ : जस्तै भौगोलिक नाम र व्यक्तिविशेषको नाम । यस लेखमा केवल व्यक्तिविशेषको नामहरूको मात्र सँक्षेपमा चर्चा गरिनेछ ।

व्यावहारिक दृष्टिले व्यक्तिविशेषको नाम अत्यावश्यक नै हुन्छ । यसैले नै कुनै पनि व्यक्तिको जन्म हुनासाथ उसको नाम राख्ने परम्परा छ । हिन्दूधर्म अनुसार त मान्छेको जीवनचक्रमा सम्पन्न गर्नुपर्ने सोह्र संस्कारमध्ये नामकरण एक महत्वपूर्ण संस्कार नै मानिएको छ र शिशु जन्मेको छैठौं दिन जन्मकालको ग्रहगतिको गणना गरेर चुचेचोला आदि नक्षत्र र राशि निरूपित गर्ने वर्णहरूको आधारमा जन्मदाताद्वारा शिशुको नामकरण गरिन्छ । नेपाली परम्परानुसार ज्योतिषले दिएको आद्याक्षरको आधारमा राखिने तथाकथित चिनोको नाउँ प्रायः गोप्य राखिन्छ । व्यवहार चलाउनको निम्ति चाहिं बाबुआमाले अर्कै लौकिक नाउँ दिन्छन् । यदि चिनाको नाउँलाई मान्छेको वास्तविक नाउँ मान्ने हो भने यस्तो लौकिक नाउँलाई उपनाम मान्नु पर्नेहुन्छ ।

मान्छेका यस्ता लौकिक नाउँहरू पनि मुख्यतः दुई प्रकारका हुन्छन्: औपचारिक र व्यवहारिक । व्यवहारिक नाम जेष्ठताक्रमको आधारमा प्रायशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखिएको पाइन्छ । जस्तै ठूले (ठूली), माहिला (माहिली), साहिला (साहिली), कान्छा (कान्छी), ठूलबाबु (ठूलनानी, ठूलीमैंया), सान्बाबु (सान्नानी, सानीमैंया) आदि । परिवारमा प्रचलित यस्ता नाउँहरु कतिसम्म दिगो चरित्रका हुन्छन् भने नाताबोधक यस्ता उपनामहरुको प्रयोग नाताको वास्ता नगरी सबैले गरिरहेको पाइन्छ । यस सन्दर्भमा राममान सिंह प्रधानको कथन मननीय छ : 'मेरो उहाँ (हृदयचन्द्रसिंह प्रधान-श्रेष्ठ) काका हुनुहुन्थ्यो तैपनि म उहाँलाई भान्दाइ नै भन्दथें । यो उहाँको समुदायमा साह्रै प्रचलित नाम हो । उहाँ पहिले टेंगाल टोलमा आफ्नो मामाकहाँ बस्नुहुन्थ्यो । मामाले भान्जालाई 'भान्जा' भन्नु स्वाभाविकै भयो । यसै भान्जा शब्दलाई टोले र आसपासका मानिसहरुले अपभ्रंश पारी 'भान्जा'को सट्टा 'भान' र नेपाली आदरसूचक शब्द 'दाइ' गरी 'भान्दाइ' भनी सम्बोधन गर्ने गरेका रहेछन् । उहाँको यो नामको प्रचार हुनुको एक अर्को कारण १९९७ सालमा केही साथीहरुसँग मिलेर उहाँले छेत्रपाटीमा एक प्राइमरी स्कूल खोल्नुभएको थियो र म पनि त्यस स्कूलको विद्यार्थी भएकोले उहाँ 'काका' भएर पनि मैले उहाँलाई 'भान्दाइ' नै भन्ने गर्दथे ।...' (३-३७)' +

गाउँघरतिर कुनै बालक जन्मेको बारको आधारमा पनि नाउँ राख्ने चलन पाइन्छ, जस्तै आइते, मंगले आदि । तर औपचारिक नाउँहरू विशेषत: कुनै देवदेवीको आधारमा राख्ने चलन व्यापक रूपले प्रचलित छ । नेपाली औपचारिक नाउँका मुख्य तीन संघटक अंग हुन्छन् जसले क्रमश: व्यक्ति, परिवार वा खलक र थरको बोध हुन्छ । यसै गरी कतिपय देशहरूमा (जस्तै रुसमा) नाम, पितृनाम र थरनाम यी तीन तत्वद्वारा पूरा नाम अस्तित्वमा आएको पाइन्छ तर नेपालमा पितृनामको चलन छैन । पितृनामको सट्टा नेपालीमा पुरुषवाची र स्त्रीवाची नामप्रत्ययको प्रयोग गरिन्छ । पछिल्लो समयमा यस्तो प्रत्ययलाई छाड्ने पनि चलन देखापरेको छ । जे होस्, नेपाली नाउँहरूमा ज्यादै प्रचलित दोस्रो संघटक तत्वको रूपमा प्रसाद, बहादुर, कुमार, मान, लाल, भक्त, दास, गोपाल, कृष्ण, नारायण आदि छन् भने स्त्रीनाममा चाहिं कुमारी, माया, बदन, लक्ष्मी आदि प्रचलित छन् । यस्तो नामप्रत्ययको

+ कोष्ठभित्र दिइएका अंकमध्ये पहिलोले सन्दर्भ ग्रन्थ सूचीमा समावेश कृतिलाई जनाउँछ भने समाखचिन्हले छुट्याएर त्यसपछि दिइएको अंकले पृष्ठ संख्या जनाउँछ । - श्रेष्ठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगिल्तिर प्रथम संघटक तत्वको रूपमा व्यक्तिको मुख्य नाम रहन्छ जुन पुरुष र नारी दुवैको निमित्त देव वा देवीको नाम प्रयुक्त हुन सक्छ । तसर्थ लक्ष्मी, सरस्वती, भगवती आदि देवीको नाममा पुरुषवाची प्रत्यय नाम जोडिएको भए पुरुषको नाम हुन्छ भने विष्णु, शिव, कृष्ण आदि पुरुषदेवहरूको नाममा स्त्रीवाची प्रत्यय नाम गाँसिएको भए त्यो नारीनाम हुन्छ । लक्ष्मीप्रसाद, लक्ष्मीबहादुर, लक्ष्मीभक्त पुरुषनाम हुन् भने जगतलक्ष्मी, त्रिपुरलक्ष्मी, जनकलक्ष्मी, भीतलक्ष्मी, जयलक्ष्मी, अमृतलक्ष्मी, हेरम्बलक्ष्मी, आर्यलक्ष्मी आदि नारीनाम हुन् ।

नेपाली समाजमा अति प्रचलित नामहरू राम, कृष्ण, विष्णु, लक्ष्मी राधा आदि देवदेवीकै नाम हुन् । देवताहरूका राजा इन्द्रले पनि एक अग्रगण्य स्थान ओगटेको पाइन्छ । 'नेपाली समाजमा के पुरुष, के स्त्री, दुवैले इन्द्रकै नामबाट पनि अनेकन् नाम राख्न थाले, जस्तो— पुरुषमा इन्द्र, इन्द्रध्वज, इन्द्रबहादुर, इन्द्रसेन, इन्द्रसिंह, इन्द्रनरसिंह, इन्द्रशमशेर, इन्द्रबिक्रम, इन्द्ररत्न, इन्द्रमान, इन्द्रलाल, इन्द्रप्रसाद, इन्द्रवीर, इन्द्रनारायण, इन्द्रदेव, इन्द्रकुमार आदि आदि, तथा स्त्रीमा पनि इन्द्रशोभा, इन्द्रप्रभा, इन्द्रकुमारी, इन्द्रराज्य लक्ष्मी, इन्द्रमाया आदिआदि । यसरी 'इन्द्र' शब्दलाई नाम बनाउनु अथवा नाममा जोड्नुको एक उद्देश्य चाहिं हुन सक्छ इन्द्रमा हुने असल गुणहरू हृदयंगम गर्नु अथवा इन्द्रशब्दमा हुने स्वरमाधुर्यलाई ग्रहण गर्नु' (३–१०) । द्रष्टव्य के छ भने प्रत्ययको रूपमा 'इन्द्र' शब्द गाँसिएका नाउँहरू पनि ज्यादै लोकप्रिय छन्, जस्तै राजेन्द्र, महेन्द्र, वीरेन्द्र, हीरेन्द्र, तेजेन्द्र, दीपेन्द्र, देवेन्द्र, लोकेन्द्र, सुरेन्द्र आदि ।

जन्मकुण्डलीको खास नाउँलाई लुकाउनुको तात्पर्य चाहिं भूतप्रेतको आँखाबाट शिशुलाई बचाउनु हो भन्ने लोकधारणा रहेको छ । तसर्थ त्यसको सट्टामा दिइने अर्को जुनसुकै नाम पनि 'छद्मनाम' हो भन्नु पर्ने हुन्छ । वास्तवमा राजनैतिक कार्यकर्ताहरूले र लेखक कविहरूले पनि यस्तो छद्मनामको प्रयोग गर्नेगरेको पाइन्छ । उदाहरणार्थ, राणाकालमा 'शारदा' पत्रिकामा आफ्ना रचना छपाउनुसमेत निरापद नभएको हुँदा गोविन्दबहादुर मल्ललाई उनका शुभचिन्तकहरूले संस्कृतमा गोविन्दकै अर्थ झल्काउने नेपाली शब्द 'गोठाले' को छद्मनामबाट रचना छपाउने सल्लाह दिएका थिए र यसै 'छद्मनाम' वा 'उपनाम'बाट नेपालका लब्धप्रतिष्ठ कथाकार प्रसिद्ध पनि छन् । अनि कुनै धर्ममा दीक्षा ग्रहण गरी भिक्षु, साधु, सन्त आदि बन्ने धार्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार पूरा गर्दा त लौकिक नाउँ सदासर्वदाको लागि त्याग गरी दीक्षानाम लिने परम्परा रहेको छ । नेपालको परिप्रेक्ष्यमा जोसमणि सम्प्रदायका सन्तहरू र बौद्धभिक्षुहरूको उदाहरण प्रस्तुत गर्न सकिन्छ, जस्तै निर्गुणानन्द, अमृतानन्द आदि । जोशमणि सम्प्रदायको प्रभावमा परी दीक्षा ग्रहण गर्ने रणबहादुर शाह पनि 'स्वामी महाराज' भनी प्रसिद्ध हुन पुगेका थिए ।

जनजिब्रोले क्लिष्ट नाउँको उच्चारण सहज तुल्याउने प्रयास गरेको पाइन्छ । आफ्नो सौतेला भाइ महोद्धाम कीर्ति शाहलाई पृथ्वीनारायण शाहले चौतरिया बनाएर नुवाकोट हमला गर्न पठाएको इतिहासबाट ज्ञात हुन्छ । चर्खागीतका नायक मदनकीर्ति शाह सम्भवतः यिनै हुन् जसले नेपालको एकीकरण अभियानमा सक्रिय भूमिका खेलेको गाथा गाइएको छ । 'महोद्धामको उच्चारण केही क्लिष्ट भएकोले लोककण्ठले' यसलाई पचाउन नसक्दा 'मदन' मा परिणत भएको पनि हुन सक्छ' (५–८३) । कठिन नामलाई सरलीकरण गरी छोटो समेत तुल्याइएको उदाहरण प्रशस्त भेट्टाउन सकिन्छ, जस्तै लालबहादुरलाई नेवारी जनजिब्रोले 'लाबा' मात्र उच्चारण गरेको पाइन्छ । यसरी नै धेरैलामो नाम छोट्याउने प्रवृत्ति नेपाली साहित्यकारहरूमा पनि देखिएको छ । लीला नटेश्वर उपाध्याय बरालबाट प्रसिद्ध समालोचक ईश्वर बराल (जन्म वि. सं. १९८०) बन्न पुगेका छन् भने सात सालको क्रान्तिपछि आफ्नो अभिजात वर्गीय उपाधि 'शम्शेर जंगबहादुर राणा'लाई बहिष्कार गरी 'सम' उपनाम ग्रहण गरेर सुप्रसिद्ध कवि, नाटककार, चित्रकार, एवं दार्शनिक बालकृष्ण समले आफूलाई सर्वसाधारण जनताको समकक्ष राख्ने जमर्को गरेका थिए ।

चुडामणि कोइराला, तीर्थमाधव देवकोटा, वीरनरसिंह कुँवर, रामेश्वर शर्मा चालिसे, विष्णुदेवी वाइबा आदि नामहरूबाट हामीलाई यी नामधारी व्यक्तिहरूको बारेमा केही बोध हुँदैन, यद्यपि नेपालीहरूबीच ती सुपरिचित छन् । क्रमशः ती नामधारीहरू हुन् विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, जंगबहादुर राणा, रमेश विकल र पारिजात । पंडितहरूको नक्षत्र गणनाअनुसार लक्ष्मीप्रसाद देवकोटाको नाउँ तीर्थमाधव थियो भने विश्वेश्वर प्रसाद कोइरालाको नाम चुडामणि राखिएको थियो । तिहारको लक्ष्मीपूजाको दिन जन्म लिन पुगेका महाकविले लक्ष्मीको उपहार भन्ने अर्थमा लक्ष्मीप्रसाद भन्ने नाउँ पाएका थिए भने बनारसमा जन्म लिन पुगेका हुँदा नेपालका एक राजनैतिक नेता तथा कथाकार विश्वनाथको प्रसादको रूपमा प्रसिद्ध हुन पुगे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो नाउँको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइराला लेख्तछन्: 'म जन्मिएँ पंडितहरूको नक्षत्रगणनाका अनुसार चुडामणि नाम लिएर तर मेरो ठूलो पिताजीले बनारस मेरो जन्म नगरको महिलालाई ध्यानमा राखिर मेरो आर्को नाउँ राखिदिनुभयो जो प्रचलित हुन गयो । मलाई काखमा लिएर आफ्नी बुहारी मेरी आमालाई भन्नुभयो रे 'काशीको आदिदेव, महादेवको यो प्रसाद हो । तेसो हुनाले यसको नाउँ विश्वेश्वरप्रसाद राख्नुपर्छ । कान्छी बुहारी, तिमीलाई कस्तो लाग्यो?' आमाले भन्नुभयो – बुहारीको सहज वीनित स्वर मा- 'यहाँहरूले जे राखे पनि मन पर्छ ।' (२–१/२) । यस प्रकार हामी जन्मकुण्डलीको नाउँको बदलामा राखिएको अर्को नाउँलाई उपनामको रूपमा लिन सक्तछौं ।

सामाजिक परम्परा र राजनैतिक कारणबाट पनि अस्तित्वमा आउने छद्मनामको व्यापक प्रयोग चाहिं साहित्यकारहरूले नै गरेको पाइन्छ जुन उपनाम भनिन्छ । यस्तो उपनाम नाउँको पछिल्तिर उद्धरण चिन्हभित्र लेख्ने चलन छ । जस्तै– गोविन्द गिरी 'प्रेरणा' गगन श्रेष्ठ 'विरही', मन्जू दूबे 'काँचुली', दुर्गालाल श्रेष्ठ 'खबिलु', वासु रिमाल 'यात्री' अच्छा राई 'रसिक' अच्युत मल्ल 'तारा', खेम कोइराला 'बन्धु' आदि । कतिपय लेखक–कविहरूले आफ्नो थरनामलाई समेत तिलान्जली दिएर उपनामको मात्र प्रयोग गर्नेगरेका छन्, जस्तै – चित्तधर 'हृदय', नीरबिक्रम 'प्यासी' । यदाकदा यस्ता उपनाम हरू थरनामको पाराले पनि प्रयोग भएको पाइन्छ, जस्तै – भवानी भिक्षु, जनार्दन सम, बालकृष्ण सम । शिशुको चिरायुको कामना गर्दै जन्मदाताहरूले भिक्षाको रूपमा दान दिएको हुँदा 'भिक्षु' उपनामले प्रसिद्ध लेखकको पूरानाम भवानी भिक्षु गुप्ता (जन्म वि. स. १९७१) हो । कतिपय लेखकहरूले जन्म-थलो अथवा कुनै स्थानको आधारमा पनि थरनामको रूपमा उपनामको प्रयोग गरेको पाइन्छ, जस्तै चित्तरन्जन नेपाली, चन्द्रबहादुर गोर्खाली, धर्मरत्न यमि, केशवराज पिंडाली । स्मरणीय के छ भने कतिपय नेपाली थरनामहरू नभन्दै पिंडाबाट पिंडाली बनाइए कैं स्थाननाममा आधारित छन्, जस्तै – पौडीबाट पौडेल, सिग्दीबाट सिग्देल, पोखराबाट पोखरेल, दहचोकबाट दाहाल आदि । महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो थरनामको उत्पत्तिको सन्दर्भमा अनंगनाथको पुस्तकको भूमिकामा अंशत: लेखेका थिए: 'म आफै देवकोटा हुं । मेरो अन्दाजमा देवकूट नाम गरेको कुनै पर्वत या टाकुरो हुँदो हो ।' योगी नरहरिनाथको धारणाअनुसार भरद्वाज गोत्रका देवकोटाहरूको उद्गम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थल अछाम घोडासैन नजीकै तल्लो भँसोल्यादरा भन्ने ठाउँमा अवस्थित बैंकोट गढी नै हो । वास्तवत: शर्मा, उपाध्याय, श्रेष्ठ, राजभण्डारी, प्रधान, अमात्य, जोशी, कर्माचार्य आदि थरनामहरू पनि उपनाम नै हुन् भन्न सकिन्छ। पुर्खाहरूको उपाधिलाई थरनामको रूपमा प्रयोग गरिने उदाहरण प्रशस्त छन् । उदाहरणार्थ, नेपालको एकीकरणको सन्दर्भमा पूर्वका किरात जातिका मुखियाहरूले शाहवंशको आधिपत्य स्वीकार गरेको हुँदा 'राई' र 'सुब्बा' आदि उपाधि प्रदान गरिएको थियो जुन सम्मानबोधक थरको रूपमा प्रयोग गरिंदैछ, जस्तै- रणधीर सुब्बा । बीर शमशेरको थापाथली दरबारका भित्रियाहरूमध्ये कुवेरसिंह मूललाई 'सुब्बा' भनेर सम्बोधन गरिन्थ्यो, किनभने उनका बाजे ठेकेदार सुब्बा थिए (८-७/८) ।

कतिपय उपाधिहरू व्यक्तिविशेषको परिचय दिन समर्थ छन् । उदाहरणस्वरूप 'बडामहाराज' भन्नासाथ हामीलाई पृथ्वीनारायण शाहको बोध हुन्छ भने 'राष्ट्रपिता' शब्द चाहिं श्री ५ त्रिभूवन वीरविक्रम शाहदेवको द्योतक बनेकोछ । 'आदिकवि' भानुभक्त आचार्यको पर्याय बन्न पुगेको छ भने 'महाकवि' भन्नेवित्तिकै हामी लक्ष्मीप्रसाद देवकोटालाई सम्झन पुग्दछौं । 'आशुकवि' शम्भुप्रसाद ढुंगेलको द्योतक हो भने 'कविशिरोमणि' लेखनाथ पौडेल र 'इतिहासशिरोमणि' बाबुराम आचार्यको परिचायक हो । 'जनकवि'ले धर्मराज थापालाई चिन्हाउँछ भने 'कविकेशरी' चित्तधर 'हृदय'को परिचायक बनेको छ । विभिन्न दर्जा र पेशाका व्यक्तिहरूलाई बोलचालमा उनीहरूको दर्जा र पेशाकै आधारमा सम्बोधन गर्ने परम्परा छ, जस्तै– सुब्बासाहेब (ऋद्धिबहादुर मल्ल), माष्टरबाजे (चन्द्र शम्शेरको पालामा दर्बारस्कूलको माष्टर पदमा नियुक्त पं. बासुदेव भट्टराई), जरसाब (जर्नेल साहेब), करसाब (कर्णेल साहेब), डिठ्ठाबाजे, खरिदारसाहेब आदि । आफ्नो जीवनको ४० वर्षसम्म शिक्षकको पेशामा संलग्न रहेका प. वासुदेव भट्टराई (वि सं. १९४५–२०२९) 'माष्टरबाजे' भन्ने उपनामद्वारा प्रसिद्ध थिए भने उनका सन्तानहरूलाई अक्षरारम्भदेखि कर्मकाण्ड, विवाह, व्रतबन्ध यावत् कार्यमा पुरोहितको काम गर्ने वासुदेव सिग्देल सबैको गुरुसमान हुनाले 'गुरुबाजे' भनिन्थे (७–५/६) । आफ्नो प्राज्ञिक उपाधिलाई नै थरनामको पाराले प्रयोग गरेको उदाहरण हाम्रा शहीद शुक्रराज शास्त्रीले दिएका छन् जसको थरनाम जोशी हो ।

कसैले थरनाम छाडी उपनाम अपनाएका छन् भने कसैले चाहिं थरनाम यथावत राखी नामको ठाउँमा छद्मनामको प्रयोग गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणार्थ, गीतकविताकी रचयीता कवयित्री छिन्मलता (वास्तविक नाम: रमोलादेवी) वा भाषाशास्त्री एवं साहित्यकार किकिम पुष्पको पोखरेल (वास्तविक नाम: बालकृष्ण पोखरेल) लाई लिन सकिन्छ। कसै कसैले चाहिं बढी व्यापक थरनाम अपनाएको प्रतीत हुन्छ: जस्तै श्याम दास वैष्णव वा पूर्णप्रसाद ब्राह्मण।

साहित्यिक क्षेत्रमा सामूहिक उपनाम राख्ने चलन पनि पाइन्छ। उदाहरणका लागि दार्जीलिङमा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारस मणि प्रधानले आ आफ्ना नाउँको आद्याक्षरको आधारमा 'सूधपा' भन्ने संयुक्त उपनाम धारणा गरेका थिए। यसैगरी गान्तोक सिक्किममा अपतन साहित्य परिषद् (स्थापना ई. १९४७) का संस्थापक दार्जीलिङका कवि डा. तुलसी बहादुर क्षेत्रीले 'अपतन' उपनामलाई थरको रूपमा अपनाएको पाइन्छ भने साहित्यिक धारा 'राल्फा' समूहमा समाविष्ट युवाकविहरूले थरनामको झल्को दिनेगरी यो उपनाम प्रयोग गर्नेगरेका थिए, जस्तै मंजुल राल्फा।

के पनि भन्नु युक्तिसंगत हुनेछ भने साहित्यिक उपनामले कुनै हदसम्म त्यसको औचित्यलाई पुष्टि गर्न खोजेको हुन्छ। वर्तमान कालका विवशता र दैन्यताको परिचय दिने अनेकौं रचनाका लेखक भीम विराग (ई. १९३५) ले आफ्नो उपनाम'विराग'को औचित्य पुष्टि गर्न खोजेका छन् भने उच्च मानवीय मूल्यहरूलाई नागरिक जीवनमा कायम गर्न आकुल कविको रूपमा कणाद महर्षि (ई. १९५६) ले पनि आफ्नो उपनाम सार्थक तुल्याउने प्रयास गरेको पाइन्छ। एमबहादुर क्षेत्री 'पथिक' (ई. १९४४) विभिन्न पत्रपत्रिका निबन्ध, कथा, कविता र गीतको प्रकाशन गरेर नेपाली साहित्यको गोरेटो समातो हिँडिरहेका छन् भने हिमालयको काखमा अवस्थित पहाडी मुलुकको बासिन्दा भन्ने अर्थमा 'पहाडी' उपनामधारी कथाकारले वर्तमानप्रति असन्तुष्ट र भविष्यप्रति विश्वास झल्कने रचनाहरू प्रस्तुत गर्दै नेपालका पहाड र फाँटहरूमा 'घरखण्डहर'हरूमा 'बाँच्नु र बाँचेका क्षणहरू'को धुकधुकी पुऱ्याएर किशोर पहाडी (वास्तविक नाम: किशोरमान श्रेष्ठ, जन्म, ई. १९५६) ले आफ्नो नाम सार्थक तुल्याइरहेको प्रतीत हुन्छ। आफ्ना रचनाहरूद्वारा किंचित् परिहास र किंचित व्यंग्यको आभा छर्दै ध्रुवकृष्ण 'दीप'ले नेपाली साहित्यकारमा किंचित् उज्यालो दिइरहेका छन्। व्यंगविनोदी कवि ध्रुवकृष्ण 'दीप'ले व्यंग्यात्मक पाराले आफ्नो कवितात्मक परिचय दिंदै लेखेका छन्:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो जीवन – मृत्युद्वारा विश्वास नगरिएको एक मुठ्ठी सास ।
मेरो प्राप्ति – गधाद्वारा छोडिएको एक स्यान्द्रो घाँस ।
मेरो प्रीति – गीतद्वारा छुन नसकिएको एक उच्छवास ।
यी सबको सारांश – एक पागलको बकवास ।
बस्, यत्ति नै हो मेरो परिचयको इतिहास ।' (४–२८४)

वास्तवमा लेखक कविको परिचय उनीहरूको कृति नै हो । 'उद्योग' मासिक पत्रिकामा 'वीरबहादुर' उपनामले आफ्ना निबन्धहरू छपाउने कविलाई जेलजीवनको अनुभूतिले कविता लेख्न प्रेरित गरेको हुँदा 'व्यथित' उपनाम ग्रहण गरेको हुन सक्छ । नभन्दै केदारमान 'व्यथित'ले आफ्नो उपनाम'व्यथित' शब्द सुहाउँदो संवेदनपूर्ण कृतिहरूकै प्रायः रचना गर्दै स्पष्ट झल्काउनु भएको छ' (१–१७१) भने प्रारम्भिक कालका हास्यलेख र कथाहरू तिलविक्रम नेम्वाङ भन्ने नाउँबाट प्रकाशित गराउने कवि वैरागी काइँलाले पनि 'तेस्रो आयाम' साहित्यिक धाराको बलियो स्तम्भ खडा गरेका छन् । नेपाल किसान संघमा सक्रिय भाग लिने नन्दलाल सुर्सलिगको उपनाम नै 'किसान' रहन गएको थियो भने सम्पन्न परिवारमा जन्मेका भए तापनि सर्वसाधारण जनता को पीरमर्कालाई आफ्नो कवितामा अभिव्यक्ति दिने भूपि शेरचन 'सर्वहारा' भन्ने उपनामले प्रसिद्ध भएका थिए ।

नेपाली वा अंग्रेजी आद्याक्षरको आधारमा आफ्नो नाम छोट्याउने चलन पनि लोकप्रिय रहेको छ । यसको उदाहरण टी. आर. विश्वकर्मा (वास्तविक नाम : टीकाराम विश्वकर्मा) र एम बी.बी. शाह वा म. वी. बि. शाह (वास्तविक नाम महेन्द्र वीर विक्रम शाहदेव), के. आई. सिंह (वास्तविक नाम कुँवर इन्द्रजीत सिंह) आदि हुन् । यसै गरी कथाकार रमेश विकलले आफ्नो वास्तविक नाम रामेश्वर शर्मा चालिसेलाई छोट्याएर रामेश्वरको छोटो रूप रमेश ग्रहण गरी थरनामको सट्टा 'विकल' उपनाम ग्रहण गरेका छन् । दुई दशक अघि (वि. सं. २०२७ ताका) आफ्नो रूपरंगको विषयमा उनी अंशतः लेख्तछन् : 'कालो मुन्द्रे केश, गोँगोरो केही गोलो परेको अनुहार, निधार र आँखाको दुईतिर कोशमा निकै चाउरीका रेखाहरू, तर बढी तीखा टल्कने काला आँखा (यी आँखा देखेर के लाग्छ भने ऊ अगाडिका मानिसको आँखाबाटै भित्र पसेर भित्रको एक्सरे गर्न चाहन्छ । त्यसैले उससँग साधारण मानिस आँखा जुधाउँदैनन्– आँखामा ठाडो हेर्दैनन् ।), दृढताका साथ एक-माथि अर्को जमेका ओठ, पाँच फुट दुई इन्चको मझ्यौला कद (आजभोलि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिउकासार्थं भूडो। अलि लागेकाले अलि बावलो लाग्छ) र अनुहारमा प्राय : जसो कठोरपनाको आभास झल्किरहने यही हो आजभोलिको सबैले देखेको रमेश विकल । ऊ एउटा जागीरे रामेश्वर शर्मा चालिसे, दुईपल्ट अमेरिका गइसकेको छ । धेरै मानिसको धारणामा उसले निकै अमेरिकन डलर गुट्मुट्याएर (अथवा चिट्ठा पारेर ?) ल्याएकोले भित्र बाहिर दुवै दृष्टिले मोटाएको छ' (९-३९-४०) ।

नेपाली लेखक-कविहरूले यसरी विभिन्न किसिमबाट उपनामहरू राखी आफ्ना रचनाहरू छपाएका छन् । कतिपय साहित्यकारहरूले त एउटा मात्र होइन, कैयौं उपनामहरू ग्रहण गरेको पाइन्छ । उदाहरणार्थ, नेपालको कुनै मूलनिवासीको झल्को दिने खालको 'केकेम नुक्च्यो' भन्ने उपनामधारी बालकृष्ण पोखरेलले गढतिरे साहिला', हिमालपाने बराल 'रुपावासी' जस्ता उपनामबाट आफ्ना प्रारम्भिक रचनाहरू प्रकाशित गराएका थिए । यसको उल्टो, 'शारदा' पत्रिकामा प्रकाशित काल्पनिक नामबाट प्रेरित भई आफ्नो वास्तविक नामद्वारा रचना छपाउने कवयित्री पनि नेपाली साहित्यले पाएको छ । सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, सुरेन्द्रबहादुर शाह आदि कविहरूले सम्भवत: शब्दमाधुर्यद्वारा आकर्षित भई 'गोमा' शीर्षकमा कविताहरू छपाउँदा साँच्चिकै गोमा (पोखरा इलाकाको रामजा गाउँका पंडित लक्ष्मीकान्त उपाध्यायकी जेठी छोरी गोमा देवी जन्म ई १९२६) को निम्ति यो आह्वान बन्न पुग्यो । भनिन्छ, जन्मेको चार महीना पनि पूरा हुन नपाउँदै दु:ख भोग्न विवश भएकी गोमा कलिलै उमेरमा कविता नलेखे पनि कवि भइसकेकी थिइन् र 'शारदा' पत्रिकामा छापिन पुगेको 'गोमा' शीर्षकका कविताहरू र मुख्यत: 'गोमा, जाउँ त्यस देशमहाँ पीर कत्ति पनि छैन जहाँ' भन्ने पंक्तिले उनलाई तान्यो र गोमा 'शारदा'को छत्रछायामा पुगिन् ।

यहाँनेर के पनि भन्नु युक्तिसँगत हुनेछ भने कतिपय नामहरूलें स्वत: नै गहन अर्थ वहन गरेका हुन्छन् । उदाहरणका लागि नेपाली साहित्यका अन्वेषक कमलमणि दीक्षितको नामले 'ओं मणि पद्मे हुँ' मंत्रको सारस्वरूप सुकोमलता (कमल) र कठोरता (मणि) जस्ता दुई परस्परविरोधी तत्वहरूको समन्वयबोध गराउँछ भने मेरो आफ्नै नाउँ पनि यस्तै द्वन्दात्मक अर्थमूलक छ भन्ने मलाई लाग्छ । आकाशका नक्षत्रहरूको स्थितिअनुसार ज्योतिषले 'कुधङच-' अद्याक्षरको आधारमा नाम राख्ने निर्देशन दिएबमोजिम बोलाउँदा समेत धर्म आर्जन गर्न सकिने ठानेर आमाद्वारा 'कृष्ण' नाउँ निरूपण गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा बुबाबाट 'प्रकाश' प्रत्यय गाँसिदा नेपालीहरूमाझ प्रति प्रचलित नाउँ 'कृष्णप्रसाद' बाट मात्र अलग्गिएको नभएर कृष्ण अर्थात् कालो र प्रकाश अर्थात् उज्यालो जस्तो दुई परस्परविरोधी तत्वहरूलाई समेटी 'तमसोमाज्योतिर्गमय:' को द्योतक बन्न पुगेको प्रतीत हुन्छ । आफू दार्शनिक नभए पनि नाउँमा दार्शनिकताको झलक पाउँदा आत्मसुखको अनुभव हुन्छ ।

चिनाका नाउँ वास्तविक कि प्रचलित नाउँ वास्तविक ? यस प्रश्नको जवाफ दिने अभिभारा स्वयं पाठकमा छोडेर यहाँ के भन्नु आवश्यक ठान्दछु भने जुन नामले व्यक्तित्व र कृतित्वको बोध गराउँछ त्यही नाम नै वास्तविक हुन्छ, यद्यपि त्यो छद्मनाम वा उपनाम नै किन नहोस् । जुन नाम सार्थक छ त्यो त सुनको सुगन्ध समान हुन्छ । थाहा भएकै कुरा हो, लेखनाथ पौड्यालले कुनै उपनाम धारण गरेनन् तर उनको नाम नेपाली साहित्याकाशमा अति सार्थक सिद्ध हुन गएको छ । हुन पनि हाम्रा कविशिरोमणि लेखनाथ वास्तवमानै नेपाली साहित्यका अधिपति हुन् भन्नु अत्युक्ति हुँदैन । साँच्चै भन्ने हो भने आदिकवि भानुभक्त आचार्यद्वारा लगाइएको नेपाली साहित्यको जगमा विभिन्न लेखककविहरूको प्रयासबाट चारैतिर पर्खाल उभ्याइएर जुन भव्य साहित्य मन्दिर खडा हुन गएको छ त्यसको गजूरमा टल्किरहेका कविशिरोमणि हुन्– लेखनाथ । उनैले वस्तुत: प्राचीन नेपाली साहित्यको जगमा आधुनिक नेपाली साहित्यको चौतारो खडा गरेका छन् जहाँ विभिन्न हाँगा र पातहरूले गाँसिएको, फलफूलद्वारा लटरम्म नेपाली साहित्यको हराभरा वृक्ष झुकिरहेको छ ।

सन्दर्भ ग्रन्थ सूची

१. 'आधुनिक नेपाली कविता', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०२८ ।

२. कोइराला, विश्वेश्वरप्रसाद, 'मेरो बाल्यकाल' (आत्मकथा), 'अक्षर', अक्टूबर–नवम्बर ई. १९७२, वर्ष १, अंक २ ।

३. जोशी, सत्यमोहन, 'नेपाली चाडपर्व', नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, वि. सं. २०३९ (प्रथम संस्करण), काठमाडौं ।

४. 'नेपाली कविता' (परिचय और विश्लेषण), सं. नरेन्द्र जैन, प्रकाशक: भारतीय राजदूतावास, काठमाडौं, ई. १९८२ (प्रथम संस्करण) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. पराजुली, ठाकुर, 'नेपाली साहित्यको परिक्रमा', नेपाली विद्या प्रकाशन, काठमाडौं, वि. सं. २०४५ ।
६. प्रधान, राममानसिंह, 'त्यस दिनको यादमा', 'साहित्य', वर्ष २ अंक १–४ ।
७. भट्टराई, जयदेव, 'वासुदेव भट्टराई स्मृति-ग्रन्थ', काठमाडौं, वि. सं. २०४५/ई. सं. १९८८ ।
८. लाकौल, वैकुण्ठप्रसाद, 'जिगु मिखाय् जे. एस मल्ल', लाकौल पिथना, यें, ने. सं. ११०८ ।
९. विकल, रमेश, 'आफैलाई नियाल्न खोज्दा', 'प्रतीक' अंक १, आश्विन-कार्तिक-मार्ग, वि सं. २०२७ ।

Discover
a New Age of Technology
Hi-Power Batteries
TRISTAR
SAMSUNG Co., Ltd.

Dealer in Automobile Spare Parts, Batteries, Tyre-Tubes, Lubricants and Accessories

Basanta Motors (Regde.)

G.P.O. Box 2241
5/1 Basantapur (Gangapath)
Kathmandu

Te: 2-15367, 2-22927
Telex: 2279 ETS NP
ATT. BASANTA
Cable: BASMOT

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डोटीले पनि यात्री तानेको छ: थोत्रे विमान उडाएर

राजेन्द्र सुवेदी

दिनको १० बजे प्रस्थान समय दिएर यात्रीलाई लथालिङ्ग पारेर एघार बजेमात्र द्विनअटर दिपायलका लागि आफ्नो पङ्खा स्टार्ट गर्दछ । गौचर विनानस्थललाई छोडेर बिस्तारै आकाश मार्ग लिन्छ ।

शिवपुरीको थाप्लामा उभिएर गौर गरेपछि मञ्जुश्रीले उपत्यकाको निकास टौदह पहिल्याएथे । चोभारको घाँटीबाट उपत्यकाको विकृति बगेपछि यो भेग आवास योग्य बनेथ्यो ।

विमान एअरपोर्टको सीमाबाट मनहरालाई नाघ्दै पश्चिमतिर अभिमुख भयो । जनआन्दोलनका मुक्तिकामी जनताको रगतको भल बोकेर बगेको भक्तपुरको हनुमन्ते खोलो बगिरहेको थियो । मङ्गलबजारमा भएको गोलीकाण्डमा पोखिएको रगत बगेर बागमतीमा हामफाल्दै थियो । दरबारमार्गमा भएको बर्बर हत्याको रगतको बाढी विष्णुमती र टुकुचाबाट बागमतीमा पोखिइरहेको थियो । कीर्तिपुरका मान्छेको रगत बोकेर बल्खु बगमतीतिर हुँत्तिदै थियो ।

बागमतीको रक्ताम्ये भेलमा शाही नेपाली जङ्गी अड्डा, प्रहरी प्रधान कार्यालय, सिंहदरबार र नारायणहिटी राजदरबारको बिम्ब स्पष्ट देखिन्थ्यो । त्यस आन्दोलनमा शहीद हुनेहरूको रगतको गन्ध विमानको चौगिर्दा छेडेर मेरा नाकमा प्रवेश गर्छ । आन्दोलनमा बलि हुनेहरूको चित्कार विमानको आवाज छेडेर मेरा कानमा प्रवेश गर्छ । आन्दोलनमा प्राण आहुती दिनेहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रगतका टाटा पोतिएका सडक र गल्लीहरू बिमानको चौघेरा छेडेर मेरा आँखामा प्रवेश गर्छन् ।

मञ्जुश्रीको तरवार प्रहारपछि उपत्यका एकपल्ट नयाँ बस्तीमा मौला- एथ्यो । निरञ्जन र मरीचमानको गोली प्रहारपछि कस्तो बस्ती मौलाउने हो– सबैलाई उत्सुकता छ । सम्झौताको तरवार प्रहारपछि यहाँ कस्तो सम्यता स्थापित हुने हो सबै मान्छेहरू स्तम्भित छन् । मूक र परमुखापेक्षी उपत्यका चिन्तित भावना मनमा बोकेर बाहिरिने विमानलाई यसरी नै बिदाई गर्छ र भित्रिने विमानलाई यसरी नै स्वागत गर्छ ।

विमान त्रिशुलीको किनार लिएपछि गतिमा वेग भर्छ । तल मित्रराष्ट्र चीनद्वारा निर्मित राजमार्ग पुनर्निर्माणको बन्छी थापेर कमिशन फसाउन व्यस्त छ । नेपाल भारत सम्बन्धको समयमा सुधार नहुनाले निर्माण सामग्री दिन नसके वापत करोडौंको क्षतिपूर्ति तिर्नु पर्ने बाध्यता बेहोरेको नेपाल मर्स्याङ्दी जलविद्युत आयोजनाको विद्युत लाइन भएर पहाड र खोंचमा तन्केको छ । हावाका झोंक्कामा जोल्टिङ्ग खाँदै भीषण आँधि चिरेर विमान मादी नदीमाथि पुग्छ । आन्दोलनको क्रममा मारिएका कृष्ण पौडेलको भूतले तर्सेको सी. डी. ओ. कीर्तिपुरमा पोतिएको मोसो मेटाउन दमौलीबाट सरिसके को हुन्छ । लेखाली चिसोबाट आफ्नो टाउको जोगाउन लमजुङ्ग र माछापुच्छ्रे का चुलीहरू बादलको फेटा गुतेर बसेका छन् । किसानी दिनचर्या देखाउन बेंसीहरू हिलो खेलेर बसेका छन् ।

अनायासै फेवाताल र सेतीका छालबाट रगतका फाल्साहरू हाम- फाल्छन् । सेतीका छालबाट पहिले नेपालीका पसिनाहरू भारततिर पसेको देखिन्थ्यो । यसपल्ट भने पार्टीबाट शहीदका रगतका फाल्साहरू खसेका देखि- ए । महेन्द्रपुलबाट लक्ष्मीकार्की लगायत नेपाली चेलीका हुर्मत बगेका देखिए । शायद पृथ्वीनारायण क्याम्पसबाट मर्यादा बग्दैछ; शायद अञ्चलाधीश कार्या- लयबाट शहीदको स्वाभिमान बग्दैछ ।

कास्की र स्याङजाको परिवेश छिचोलेर विमान पाल्पाका फाँटमा पुग्छ । बेलाबेला मौका पारेर बादलबाट चियाउँछ– धौलागिरी । घामछाया को प्रभावमा टाटेपाटे परेको धर्तीलाई चिनाउँछ – हाम्रो विमान । माथि म्याग्दीको करामत देख्नु नपरोस् भनेर बादलमा पसेको विमान बरु तल ति- नाउको प्रवाह नियाल्छ । शायद त्यहाँ पनि रामपुरमा र बुटवलमा गोली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाने शहीदको रगत लछ्याप्रै लागिरहेको थियो । वास्तबमा यसपल्ट नेपालको कृषियोग्य धर्ति पानीले रगतले सिचेको छ- पहिले पसिनाले सिचे पनि । रगतले सिंचेका धर्तिमा पञ्चहरू धान होइन बम फलेको देख्थे । पसिनाले सिचेका धर्तिमा पञ्चहरू पार्टी फलेको देख्थे ।

आज रगतको कुलोले सिचेका खेतमा फल्ने बम काङ्ग्रेस र कम्युनिष्टको गल्ती भयो भने कुठाउमा पड्किन पनि सक्छ । आन्दोलनले जनतालाई आक्रमक जन्तु बनायो । प्रतिगामी क्रिया कलाप भयो भने जनतालाई विस्फोटक पदार्थ पनि बनाइदिन्छ । अब पनि परिवर्तनका नाममा हैकम जमाउन राजारङ्क कसैले धृष्टता गर्छ भने सिङ्गै नेपालीलाई मिसाइल बनाइदिन्छ । शहीदको रगतले मलेको धर्तिमा पसिना बगाएर जनतासामु कुनै शाहंशाह अड्ने छैन ।

अर्घाखांचीको भेग छिचलेर प्यूठानको माडी नदी नाघी रहेको हुन्छ- विमान । माथि रोल्पा र सल्यानका पाखाबाट झरनाहरू हाम फाल्दै हुन्छन् । तल दाङका फांटमा सिचाइको अपर्याप्तले किसानका पसिना झर्दै हुन्छन् । बँधियाँ बन्न बाध्य भएका थारूहरूका पसिना खेतमा जमेपछि मात्र धान हरियो फर्कन्छ । यसपल्टको जन आन्दोलनमा शहीद निर्माण गर्ने जिम्मा लिई प्रजातन्त्रका दुलाहा देउखुरीमै नयाँ दुलही पाएर मक्ख छन् । गिरिजाले सधैं शिवलाई वरमाला पहिराए पनि यसपल्ट परशुलाई वरण गरेको समाचार छ । आफ्ना पुराना जोइपोइ भेट हुंदा बीचमा पतिपरिवर्तन गरेको कुरा भुल्न सक्दा रहेछन् । पुर्नमिलन पनि एउटा उत्सव हो; स्वागत सम्मान गर्नुहोस् ! स्वागत गर्नु मूडको कुरा हो- स्वागत गणेशले मरीचको गरे पनि हुन्छ; स्वागत मङ्गलाले पम्फाको गरे पनि हुन्छ । प्रजातन्त्रकै कुरा गर्ने हो भने गर्ने भन्दा गराउने ठूलो ठानिने हुनाले नवराजलाई पनि किन ठाउँ नदिने !

विमानले बादल चिर्दै गएर सुर्खेत र बर्दियाको हावा काट्न थाल्छ । तल वन फाँडिएर नाङ्गिंदैछ । फत्तेसिंहका भए पनि बहादुरसिंहका भए पनि जनतालाई भोकै लाग्छ । गणेशमानका भए पनि नारायणमानका भए पनि जनतालाई भोक लाग्छ । तीस वर्षसम्म नेताले कमिशन खाएर भोक मेटाए । जनताले भोक मेट्न खोस्ने जङ्गल भेट्टाए । जनताले करसा खोस्रे पनि जङ्गल खोस्रे पनि काम भोक मेटाउने मात्र हो । मोटाउने त नेता हुन्; ती पहिला पनि थिए; अहिले पनि छन् । कर्णाली मधेशतिर हाम फाल्छ- चिसापानीको घाँटी काटेर । भारततिर बाहिरिन्छ- तराईको धर्ति चिराचिरा पारेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो विमान सुर्खेत र बर्दियाका चुली छिचलेर कर्णालीको किनार लिन्छ– समय हेर्नुहोस्- हातको घडीले सवाघण्टा बिताइसकेको हुन्छ ।

कर्णाली मात्र भारत पसेको कहाँ हो र ? कोशी र गण्डकीका स्रोत पनि भारत पसेका छन्; बागमती र कमलाका सभ्यता पनि भारत पसेका छन् । मेचीका तरूण तरुणीहरू सिलिगुढी पसेका छन्; बुढीका बैंकनी र बैंकनाहरू बम्बई पसेका छन् । हाम्रा चेलीबेटीहरू सुन्दर भविष्यको सपना बोकेर भारतीय बेश्यालयमा पसेका छन् । हाम्रा दाजुभाईहरू साहुले बल्झाएको घरबारी निखन्ने सपना बोकेर गोर्खा राइफलको तालिम ग्रहमा पसेका छन् । देशका काठपात र बनोषधीहरू चोरबाटोबाट भारतीय उपयोगमा पसेका छन् । देशका खाद्यवस्तुहरू कुनै र कुनै रूपले भारतीय भागमा पसेका छन् । सट्टामा रोग र विकृतिका रूपमा सिनेमा र दाइजोप्रथा आएका छन् । पानबाला, खाली शिशी र पुराना कागज आएका छन् । यसरी प्रत्येक नदीले आफ्नो प्रवाहसँगै मौलिकताहरू ओरालो कुदाएको छ । विमानको गति दुईतिरका पहाडका बीचबाट बढ्छ । उत्तरतिरबाट भेरीको प्रवाह तरङ्गित भएर कर्णालीमा आएर मिल्छ । अझै पश्चिम पुगेपछि कर्णालीले आफ्नो शिर उत्तरतिर तन्काउँछ । तैपनि यो लेखक चढेको विमान पश्चिमतिरबाट पूर्व आउने सेतीको शिरलाई नै पहिल्याउँदै गतिवान् रह्यो । साउनको दिनमा हरियाली आवरण प्राप्त गर्न नसकेका डाँडाहरू विमानको आवागमनलाई व्यङ्ग्यका आँखाले हेरिरहेका देखिन्छन् । भ्रमणको वेला मूड आइदियो – कुनै शासकलाई; विकास क्षेत्रको नाम पायो - सेती र महाकाली अञ्चलले अलगै । यस लेखकलाई भने प्राकृतिक दृष्टिले कुनै अनुभव नयाँ देखिएन ।

विमान अच्छामको छाती चिरेर आउने बुढी गङ्गाको धारलाई दाइनेतिर छोडेर सेतिकै प्रवाहलाई पहिल्याउँछ । बिस्तारै डोटी जिल्लाको क्षेत्रमा प्रवेश गरेको बिमान आफ्नो उच्चाईलाई घटाउँछ । दिपायलको चौरमा पुगेर हाम्रो यात्रा घरायशी हुन्छ । विमानबाट बाहिर निस्कँदा अघिका डाडाहरू सूर्यको बाटो छेक्न उठेको बिन्ध्याचलभन्दा अग्ला भएका देखिन्छन् । शायद यो क्षेत्रमा सूर्य होइन चन्द्रको बाटो छेक्न बिन्ध्याचल उठ्नु आवश्यक पनि छ । सूर्य उदाए पनि, चन्द्र उदाए पनि चाहे जति प्रकाश भने छर्न सकेको छैन । विकासका नाममा बजेटको पूरै मुहान त्यतैतिर फर्काए पनि त्यस क्षेत्रमा सशक्त देखिने गरीबी र अशिक्षा डाँडाकाँडाका छाप्राबाट चियाइरहेको छ । सेतीको किनारमा पसारिएको दिपायल विदेशी रूमालले पसिना पुछिरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ ओर्लन विमानलाई झण्डै पौने घण्टा लागेछ । आँखाले भ्याएसम्मको क्षेत्रलाई नगर घोषणा गरेर शोषणको ढँडिया थापेर बसेको छ दिपायल । पारी राजपुर देखि वारी सिलगढीसम्मको क्षेत्रमा, माथि बगलेखबाट झर्ने खोलादेखि तल पाँगरीबाट झर्ने खोलासम्म भ्रष्टाचारी र षड्यन्त्रको तन्ना सुकाएर सुतेको छ– दिपायल नगर पालिका । पन्चायत कालको विकास क्षेत्रीय र अञ्चलस्तरका अदालतलाई सिलगढीमा छाडेर बाँकी कार्यालयहरू राजपुर र दिपायलले धानेको छ । थाम्नु हो– राजपुरले थामे पनि सर्वहारा पुरले थामे पनि । राजभएका पुरमा भए पनि रङ्क भएका पुरमा भए पनि नेपाली मौलिकता दरिद्रता लिएर स्वागत गर्छ- तपाईंको । शक्तिको कुरा हो- ठाउँले राजपुर कहलाउन रुचाउँछ । रामेश्यामे पुर कहलिएको इतिहास कमै होला । विकासको नाममा विमानस्थल सुतेको छ- दिपायलको उर्वर जमिन बँझाएर । उन्नतिका नाममा कार्यालयको लाम लागेको छ - राजपुरको सेरोफेरो बँझाएर । विदेशसँग मागेको पैसा प्रोजेक्टको जालमा फसाएर यहाँका कार्यालयहरू आफ्ना कर्यालयहरू आफ्ना कर्मचारीलाई रूकस्याक बोकाएर गाउँतिर पसाउँछन् । असी प्रतिशत कमिशन मार्जिन राखेर ईस्टिमेट तयार गर्ने प्राविधिकहरू आषाढ मसान्तमा पी. सी. को राखेर घर फर्किन्छन् । दुईचार गाउँ र भिरपाखा मिलाएर बनाएको दिपायल नगरपालिका आफ्नो परिचय पत्र छातीमा झुण्ड्याएर आगन्तुकहरूको स्वागत गर्दछ ।

आयल निगमको टेङ्की सेती किनारमा, चुरोट कारखानाको गोदाम अलि माथि, खाद्य संस्थानको भण्डार अलि पर उभेका छन् । रित्ता गोदाम रुङ्गेर तलव पकाउने कर्मचारी दिनहुँ ५।७ सय रुपैंयाको तास खेल्छ । सेतीको उत्तरतिर क्षेत्रीय प्रहरी तालिम केन्द्र र दच्छिणतिर राजपुरमा सैनिक क्याम्पसको पनि साइनबोर्ड टाँगिएको छ । दिपायलबाट अढाईकोशको दुरी बोकेर ४ हजार फिटको उचाइमा बसेको – जिल्लाको सदरमुकाम सिलगढी ।

रातभरको कालो योजना पखाल्न दिपायल बिहानै कालिका मन्दिरको घण्टी बजाएर आकाश थिथोल्छ । श्रद्धालुहरूको घुईंचो लागिसक्दा पनि रक्सीको मस्त निदमा परेको पुजारी भक्तहरूको भावना थिथोल्छ । शैलेश्वरीको गुठीमा मुद्दा परेको हुनाले पुजारी समयमा मन्दिरको ढोका खोल्न पनि मन गर्दैन । भक्ति र श्रद्धाको अपेक्षा राख्ने देवदेवीले किन आफ्नै गुठीमा मुद्दा परेको सहीरहनु त ? बहादुर शमशेरले आफ्नो दरबार बनाइदिएकोले क्षेत्रीय अदालत र जिल्ला कार्यालय त्यसैमा जमेर बस्न गएको छ । सिलगढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफँमाथि एउटा व्यङ्ग्य भएर बसेकोछ– सम्पन्नता र बिपन्नताको ।

बाहिरबाट आएको क्याम्पसको पाहुना भात खान्छ – पिते साहुको होटलमा पेइङ गेष्ट भएर । क्याम्पसको स्टाफरूममा एउटा खाट हालेर रात बिताउँछ; गाउँ र नगरका वस्तुस्थिति बुझेर जीवन बिताउँछ–डोटीका २६ दिने यात्रामा। नेपाली समाजमा उसले २५ वर्ष पूर्व प्राप्त गरेका केही विकृति त्यहाँ बाँकी देख्यो । नेपाली समाजमा १०० वर्ष अघि थिए रे मानिएका मूल्य त्यहाँ बाँकी पायो । समष्टिमा मेचीदेखि सेतीमा आधा शताब्दीको दुरी छ । उसले आत्मसात गर्‍यो वास्तविकताको ।

श्रावणको शुक्लपूर्णिमा, बाजुरास्थित मालिका देवीको उत्सव, एक हप्ता अघावै जुम्ला र डोटीका प्रत्येक कार्यालयले पूजासामग्री पठाउने प्रचलन। प्र. जि. अ. कार्यालयको कर्मचारीको नेतृत्वमा मालिका मन्दिरमा सामग्री पुऱ्याउने परम्परा । मालिकाको प्रतीक खड्ग र त्रिशूल बुढी गङ्गाको बीचमा डोट्याल र जुम्लीका बीचमा खोस खोस गरिनु पर्ने । जसको जीत हुन्छ–उसको क्षेत्रमा सहकाल र सुखसुविधा वर्सन्छ भन्ने विश्वास र अन्धपरम्परा । यस खोसाखोसमा जुम्लीहरूको विजय प्रायशः सधैं हुन्छ । विडम्बना, दुर्भिक्ष पनि जुम्लाको ऐतिहासिक धर्म हो । यसपल्ट पनि जीत जुम्लीकै भयो भन्ने कुरा सुनेको छ यस लेखकले ।

मालिका र खप्तडका पहाडलाई स्कन्द पुराण पढ्नेहरू देवतै देवता बसेका देख्छन् । हिमवत् खण्डको वर्णनमा खप्तडनै खेचर हो; आकाशगामी देवता हो घण्टेश्वर र वफल्लकेश्वर जो महाभारत पङ्क्तिका पहाड हुन् ती पनि देवत्व प्राप्त गर्दछन् ।

शिवराज पन्तको आवास र नारायणदत्त महको त्रास एकै चोटी सिलगढीको खानेपानी भएर छरिएको छ–फुल्लेकबाट डोटी आइपुग्दा रोगाणुले आक्रमण गरिसकेको पानी बजारियाहरूका घरघरमा पछारिन्छ । अलिकति पानीको प्रभाव, थोरै भारतीय औषधि, सीमित स्वास्थ्य कर्मी र असंख्यक स्वदेशी विरामीहरू पोखिन्छन् सिलगढीको अस्पतालमा । अलिकति ग्राहकहरू र प्रशस्त रक्सी पसलहरू छरिन्छन्–सिलगढीबजारमा । अलिकति नेपाल दर्शकहरू र प्रशस्त भारतीय दूरदर्शन छरिन्छ–सिलगढीका कोठा चोटामा । अलिकति नेपाली संस्कार र प्रशस्त भारतीय संस्कृतिहरू छरिएका छन्–सिलगढीका चुला-चौकामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैंसीको १०/८माना ताजा दूध लिएर बिहानै सिलगढी आइपुगेको कलेमा रक्सी खाएर उब्रेका पैसाले सलाई र चुरोट बोकेर खुट्टा बटाईं फर्कन्छ । गाईको शुद्ध घिउ बोकेर बिहानै सिलगढी आएको फुल्लके पेट लाग्दो ठर्रा पिएर बाँकी पैसाको मुसुरोको दाल र नून बोकेर बान्ता गर्दै फर्किन्छ । रक्सी-का हुल लिएर साँझमा आएको बगलेख र बोगटान रक्सी खाएर बचेको पैसाले उसिना चामल र भटमासको तेल बोकेर फर्किन्छ । ताजा हरियो सागपात लिएर बिहानै आएको पांगरी ब्लाकलबुलको एक प्याग पिएर बचेको पैसाले रामबिडी को मुठो गोजीमा हालेर फर्किन्छ ।

सरकारले गाउँ गाउँमा विकासको कार्यक्रम पु-याएको छ । गाउँमा बसे एक जनाले भैंसी पालेका छन् भने १० जना कृषकलाई पशु विकास कार्य-क्रमले ऋण उपलब्ध गराएको छ । प्राविधिकले पशुनिरीक्षण गर्न आउनु अगावै पशु मरेको सर्जिमिन गर्ने सूचना पठाइसकेको हुन्छ । प्राविधिकले ऋण सिफारिस गर्दा खाएको ३०% र कृषकले प्राप्त गरेको ७०% एकैपल्ट माफी मा परिणत हुन्छ ।

शहरी क्षेत्रमा पनि सरकारले विकास पु-याएकै छ; क्षेत्रीय अदालतको बौद्धिक विकास तास लेखेर तृप्त छ । क्याम्पसको बौद्धिक विकास चाटुगिरि गरेर तृप्त छ । स्कूल र सामाजिक संस्थाहरू पार्टीमा । टिकट किन्ने लाममा खडा छन्; व्यापारी र जागिरेहरू दुई नम्बरी काम ो षड्यन्त्र रचन व्यस्त छन् । समष्टिमा सिलगढी एउटा भ्रमभित्र आफ्नो अस्तित्व छामेर दिन काटि-रहेछ ।

मैले कपडाको जुत्ता मात्र लगाएर समय काटे ोमा सिलगढीले मलाई सिम्रल ठान्यो कि दरिद्र ठान्यो ईश्वरी भाइ ! मैले जुनसुकै जातसँग गएर खाना खाएकोमा सिलगढीले मलाई कम्युनिष्ट ठान्यो कि भ्रष्ट ठान्यो रुद्र भाइ ! मैले विहान घुम्ने क्रममा शैलेश्वरी पुगेकोमा मलाई सिलगढीले कांग्रेश ठान्यो कि अनुशासनहिन ठान्यो केशव भाइ ! मैले तास र रक्सीमा पैसा खर्च नगरेकोमा सिलगढीले मलाई कन्जुस ठान्यो कि संयमी ठ न्यो वसन्त भाइ ! मैले अमर्यादित काम नगरेकोमा सिलगढीले मलाई नामर्द ठान्यो कि अनुशासित ठान्यो सउद भाइ !

मैले अनुशासन र मर्यादाको कुरा गर्दा मलाई कम्युनिष्ट ठाने । मैले मर्यादा र शिष्टताको कुरा गर्दा मलाई जनवादी ठाने । मैले धर्म र न्यायका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन पक्षमा तर्क दिंदा साम्यवादी ठाने । तर म कम्युनिष्ट हुँ भन्ने कुरा मुख-बाट नम्रोकलेसम्म केरि काग्रेसले काग्रेसै ठाने । मैले ठम्याए न्याय त काग्रेसलाई पनि चाहिंदो रहेछ; तर तपाईं आफूलाई कम्युनिष्ट नभनी न्याय दिनुहोस् उनीहरुले ग्रहण गरि हाल्छन् । तपाईं वास्तविकताको उद्घाटन गर्दै समाजवादको व्याख्या गर्नुहोस् - कम्युनिष्ट हुनुहुन्छ; समाजवादको झुसिलो डकार निकाल्नु होस् - तपाईं कांग्रेस हुनुहुन्छ । समाजको चेतनहीनतामा प्रशस्त झुट ओलेर अन्तमा राम्रो भन्दिनुहोस् - जनता आत्मसमर्पण गरिहाल्छ । तपाईं सही कुरा गरेर जनतालाई सचेत गर्न तिर लाग्नुहोस् कम्युनिष्टको छाउ आइहाल्छ । निधो आफैं गर्नुहोस् - वास्तविकताको उद्घाटन गर्ने कि नगर्ने ?

यस लेखकले क्याम्पसको स्टाफ रूपमा एउटा फोल्डिङ खाट पाएथ्यो र त्यसमाथि एउटा डनलप; झुलका नाममा पङ्खा र सिरकका नाममा पुरानो स्लिपिङ्ग ब्याग । आकस्मिक रूपमा पानी आउने धारा र आवर्तिमक रूपमा पायप खुल्ने टोइलेट क्याम्पसको आफ्नै छ । सतत धन्यवाद प्रदान गर्नु पर्ने कर्मचारीहरू क्याम्पससँग आफ्नै छन् । क्याम्पसको विगत इतिहास पाहुनासँग खोल्न पनि हिच्किचाएनन् । पछि थाहा भयो अवस्थीजी धन्यवादको पात्र बन्नु भएको रहेछ जस्ले निजी खाट मलाई दिनु भएको रहेछ । प्रत्येक शिक्षक मित्रबाट यो लेखक चिरऋणी बनेको छ जस्ले उहाँहरूबाट कँयौ छाक भोजन देखि लिएर भजनसम्म पाएको छ । धन्यवादको पात्र त त्यो व्यक्ति पनि छ जस्ले आफ्ना क्याम्पस प्रमुखको माग पूरा गर्न नसक्ता पियनको जागिरबाट पनि हात धुनु परेको छ । यी सम्पूर्ण अनुभूतिमा २६ दिन बिताएर यस लेखकले आफ्नो छिटी टोकरी उठायो ।

एउटा छाता, सानो ब्रिफकेश बोकेर कोठाबाट बाहिर निस्कियो यो लेखक, क्याम्पसको पियन भक्तले लियो मेरो ब्रिफकेश । क्याम्पस प्रमुख जोशी र यस लेखकको प्रस्थान र प्रत्यागमन २ बजे दिपायल पुग्छ । हाम्रो यात्रा ३ बजे दिपायलबाट वायुयानमा प्रस्थान गर्छ । पौने ४ बजे नेपालगञ्जमा पछारिन्छ पुरानो ट्विनअटर । ५ बजे क्याम्पसको आवास क्षेत्रमा पुगियो । मलाई अनायासै के अनुभव भयो भने यो यात्रामा गञ्ज नेपालको भए पनि गञ्जागोल भारतको पछारिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञान र संगीत

दर्नाल

आ-आफ्ना उत्पादन र मालसामानहरू बढी मात्रामा बिक्री वितरण र खपत होस्, अनि त्यसबाट आफ्नो व्यापार बृद्धि होस् भन्ने उद्देश्यले साना देखि ठूल्ठूला कम्पनीहरूद्वारा पत्र-पत्रिका, रेडियो, सिनेमा र टेलिभिजनमा विज्ञापन गरिन्छ। विश्वभर चलेको यो चल्तीबाट हाम्रो देश विमुख छैन।

नेपालमा पनि उत्पादन गर्न, माल सामानको बिक्री बढाउन, सर्वसाधारणमा आफ्नो सामानको चिनारी दिन र लोकप्रिय बनाउन संचारका विभिन्न माध्यमद्वारा विज्ञापन गरिन्छ। आजको जमाना विज्ञापनको जमाना हो केवल उत्पादन वृद्धि र मालसामानको बिक्री बढाउन मात्र हैन, आजभोलि हरेक उद्देश्यको परिपूर्तिको लागि प्रचार प्रसारको माध्यम विज्ञापन रहेको छ। पोष्टर पम्प्लेटदेखि लिएर चलचित्रका ठूला पर्दासम्म अनेकौं विज्ञापन भइ रहेका हुन्छन्। नेपाली भाषा बाहेक हिन्दी र अंग्रेजीमा ज्यादा विज्ञापन भएको अनुभव हुन्छ। यसै त अरू भाषाका पत्र-पत्रिकाहरूमा पनि विज्ञापन नगरिने हैन तर उपर्युक्त तीन भाषामा चाहीं अत्यधिक विज्ञापन हुने गर्दछ।

विज्ञापनको प्रसंग उठ्दा यहाँ अरू किसिमका विज्ञापनको चर्चा नगरी केवल नेपाली भाषाका श्रव्य-दृश्यमा सुन्न र देख्न सकिने संगीतमय विज्ञापन बारेमा मात्र चर्चा गरिन लागेको छ।

नेपाली भाषामा संगीतमय विज्ञापनको इतिहास त्यति लामो छैन। २००७ सालको क्रान्तिसंगै जन्मेको रेडियो नेपालको स्थापना पछि नै श्रव्य रूपमा विज्ञापनलाई केवल शब्दमा मात्र सीमित नराखि त्यसलाई प्रचलित नेपाली संगीत वा मौलिक संगीत रचनाको पृष्ठभूमिमा नेपाली संगीत वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाद्यधुनको पृष्ठभूमिमा, गीत बनाएर वा संगीतमय विज्ञापन बनाई प्रचार प्रसारमा ल्याउन थालियो । रेडियो नेपालले आफ्नो विज्ञापन सेवा मार्फत विज्ञापनहरू प्रसारमा ल्याउने गरेको छ ।

विज्ञापन संगीतमा नेपालका प्रसिद्ध गायक गायिकाहरूले पनि आ-आफ्ना सुमधुर कण्ठद्वारा विज्ञापनको स्तर वृद्धि गर्न तथा यसको लोकप्रियता बढाउनमा योगदान दिन थाले । केही विज्ञापनलाई छाडेर आजकल धेरै जसो नेपाली विज्ञापनहरू संगीतमय नै हुने गर्छन् । संगीतमय विज्ञापनमा एउटा ठूलो फायदा के छ भने अरू विज्ञापनको दाँजोमा यस्तो विज्ञापन श्रोताहरूमा कण्ठस्थ हुने गर्दछ । जसले गर्दा त्यस्ता विज्ञापनहरू अत्यन्त लोकप्रिय भै जन जनका हृदयमा बास गर्न पुग्दछ । गीतका गेडाहरू र संगीतका सुमधुर धुनले जोसुकैलाई आकर्षित र प्रभावित नतुल्याई रहन सक्तैन । सबै उमेरका मान्छे-लाई गीत तथा संगीतले समान रूपमा आकर्षित पुल्याउनु स्वाभाविकै हो । त्यसमा पनि बालकहरूले त त्यस्ता गीत तुरुन्तै कण्ठ पार्ने गर्छन् ।

नेपालमा टेलिभिजनको स्थापना पछि हामीले श्रव्य दृश्यमै सबै विज्ञापन हेर्न पायौं । श्रव्यभन्दा केही बढी आकर्षण दृश्यमा रहनु स्वाभाविकै भयो । रेडियोमा गीत, संगीत र वाद्यधुनहरूको पृष्टभूमिमा सुनिरहेको विज्ञापन अब दृश्यमा नाच गान, अभिनय, वेशभूषा र स्थानीय दृश्यचित्त सहित जीवन्त रूपमा देख्न सकिने भयो । नेपालमा टेलिभिजन युगको प्रारम्भ अघि यस्ता दृश्यहरू चलचित्रका ठूला पर्दामा फिल्म शुरू हुनुभन्दा अघि मात्र विज्ञापनमा देख्न सकिन्थ्यो । अब त घर-घरै अझ भनौं कोठा-कोठै त्यस्ता सचित्र विज्ञापन बिहान बेलुकी देख्न सकिने भएको छ ।

नेपाली विज्ञापन संगीतमा देखा परेको यस्तो विकासका लक्षण टड्कारो देखिए तापनि यसको प्राविधिक र सांगीतिक कमीहरू अझै खट्किने गरेका छन् । यसका अनेकौं पक्षहरू मध्ये अप्रासंगिक संगीत र दृश्यहरूमा स्वाभाविकता ल्याउने प्रयासको खाँचो देखिन्छ । विज्ञापनको स्तरीयकरणका लागि र यसलाई लोकप्रिय बनाउने सन्दर्भमा सबै पक्षको त्यत्तिकै सजगताको आवश्यकता पर्दछ । दृश्यमा नेपाली संस्कृतिको प्रसंग र पृष्ठभूमि देखाइन्छ तर बाद्यधुन भने कुनै पाश्चात्य धुन होटल वा क्लबमा बजाइएको भान पर्छ भने त्यस्तो विज्ञापन कत्तिको जीवन्त र सफल हुन सक्ला ? गम्भीरतासाथ विचार गरिनु पर्ने हुन आउँछ । यसरी नै नेपाली गाउँघरको प्रसंग र दृश्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानीय संस्कृति अनुरूपको लोक बाजाको पृष्ठभूमि नहेरी पाश्चात्य बाद्य-धुनको पृष्ठभूमि प्रस्तुत गरिन्छ भने त्यो सही अर्थमा दर्शकलाई प्रभाव पार्ने विज्ञापन साबित हुन सक्तैन । भनाईको तात्पर्य होटल, क्लब र डिस्कोको दृश्यमा नेपाली लोकबाजाको पृष्ठभूमि हुनुपर्छ भन्ने हैन । जुन विषयमा जस्तो विज्ञापनको प्रकृति छ त्यसै अनुरूप दृश्य, गीत, नाच र संगीतको संयोजन भएमा मात्र त्यो उत्तम र सफल विज्ञापन हुन सक्छ । यस्तो उत्तम विज्ञापनले निश्चय नै सबै पक्षलाई लाभ पुऱ्याउँछ । उत्तम र सफल विज्ञापन निर्माण गर्दा विज्ञापनदातादेखि लिएर सबैले सजगतासाथ गहिरिएर अध्ययन मनन गरी विज्ञापनको प्रकृतिलाई मूर्त रूप दिने प्रयास हुनुपर्छ । विषयवस्तुले के कस्तो दृश्य र संगीतको अपेक्षा राखेको छ ? त्यसलाई कसरी र कुन रूपमा प्रस्तुत गर्दा जीवन्त बन्न सक्छ ? विज्ञापनको उद्देश्यलाई कसरी उभार्न सक्छ ? ती सब कुरामा पहिले नै अध्ययन गरिनु आवश्यक हुन्छ । लोक प्रसंगको विज्ञापनमा लोक संस्कृति कै प्रतिबिम्ब झल्किनु पर्छ । आधुनिक प्रसगका विज्ञापन हरूमा पूर्णरूपले आधुतिकता देखा पर्नुपर्छ । विज्ञापनको विषय चयन गर्दा यी दुवै कुरामा सबभन्दा पहिले ध्यान दिनु आवश्यक हुन्छ ।

नेपालमा विज्ञापन संगीतका लागि विशेषज्ञका रूपमा हालसम्म कोही संगीतकार देखा परेको छैन । छिमेकी देश भारतमा पनि केही वर्षदेखि मात्र विशेषज्ञहरू देखा पर्न थालेका छन् । अब त हाम्रो देशमा पनि प्रशस्त विज्ञापन आउन थालेका छन् । यस क्रममा केही नेपाली संगीतकारले विज्ञापन संगीतलाई विशेषतायुक्त बनाउन कम्मर कसेमा भविष्यको नेपाली विज्ञापन संगीत अझ बढी लोकप्रिय र स्तरीय बन्न सक्ने थियो । नेपाली विज्ञापन संगीतलाई लोकप्रिय र स्तरीय बनाउनमा विज्ञापनदाताहरूले राम्ररी अभिरूची देखाएर संगीतकारहरूको पारिश्रमिकमा पनि विचार गरी यसतर्फ प्रवृत्ति गर्नसके निश्चय नै विज्ञापन संगीतमा पनि नेपाल कम रहने छैन । भारतको अपेक्षा नेपालमा ज्यादै कम पारिश्रमिकमा विज्ञापन सङ्गीत तयार पारिन्छ भन्ने सङ्गीतकारहरूको गुनासो एकातिर रहेको छ भने नेपालमा भनेजस्तो विज्ञापन तयार गर्न मुश्किल पर्छ भन्ने तर्क विज्ञापन दाताहरूको रहेको सन्दर्भमा विचार गर्दा दुवै पक्षको आपसी समझदारीमा नेपाली विज्ञापन सङ्गीतको विकास गर्दै यसको सफलतामा योगदान पुऱ्याइ लोकप्रिय र प्रभावकारी विज्ञापन सङ्गीतको निर्माणतर्फ जोड दिनु सान्दर्भिक हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्यामप्रसादका निबन्धमा एक दृष्टि

रामहरि पौड्याल

नेपाली साहित्यमा निबन्धको इतिहास धेरै लामो देखिदैन तापनि थोरै समयमा नै योग्य लेखकहरूको हातमा परेर यसले राम्ररी फस्टाउने मौका भने पाएको कुरा प्रष्ट छ । कवि जाच्ने उत्तम कसी गद्य लेखन हो भने गद्य लेखको गति र योग्यता जाच्ने कसी भने निबन्धलाई नै मानिन्छ । त्यसैले पनि आफूलाई योग्य लेखक वा कवि ठान्नेहरूले नेपाली साहित्यमा निबन्धको कसरत गरेको पाइन्छ । साच्चै भन्ने हो भने यो कुरा सत्य सावित पनि भएको छ र जो जो कवि वा लेखकलाई जनताले (सत्ताले होइन) लेखक वा कवि कै रूपमा मूल्याङ्कन गरेको छ उनीहरूको गति यस विधातर्फ सकारात्मक छ । शम्भुप्रसाद ढुङ्गेलबाट सुरू गरिएको यस विधालाई जलमल हालेर विश्व साहित्यमा निबन्ध भन्न सुहाउने रूप चाहिं लक्ष्मीप्रसाद देवकोटाबाट नै भयो । फ्रान्समा जन्मेर अंग्रेजी भूमिमा फष्टाउने यस निबन्धले देवकोटाको हातबाट आफूलाई चिरस्मरणीय बनाएको छ । नेपाली निबन्धलाई उच्च शिक्षा हासिल गरेकाले मात्र होइन जनसाधारण जनताले पनि रसास्वादन गर्न सकुन भनेर लेख्ने महारथिहरूको नाममा हृदयचन्द्रसिंह प्रधान पछि श्यामप्रसाद शर्माको नाम आउँछ । उनीहरूका निबन्धहरू शिक्षित र अर्ध शिक्षित जनताले पढेर बुझ्दछन् भने अशिक्षित जनताले चाहिं सुनेरै भएपनि राम्ररी बुझ्न सक्दछन् । उनीहरूले निबन्धलाई पाण्डित्य प्रदर्शन गर्ने साधन नठानेर जनतालाई उपयोगी हुने र सचेत पार्ने विचार वाहकको रूपमा ठानेको देखिन्छ ।

वि. सं. १९८६ मा ललितपुर जिल्लाको सोलिथुम (हाल मकवानपुर जिल्ला) गाउँमा जन्मेको श्यामप्रसाद शर्माले कर्मभूमिको रूपमा बीरगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र काठमाडौंलाई ग्रहण गरेको पाइन्छ । अभावग्रस्त र कष्टप्रद जीवन बाँचेर पनि देश र जनताको सेवा गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण श्यामप्रसाद नै हुन् । वि. सं. २००२ सालदेखि आफ्नो साहित्य यात्रा सुरू गर्ने श्यामप्रसाद हालसम्म पनि यस यात्रामा निरन्तर लागि रहेका छन् । उनको प्रथम निबन्ध संग्रह बहिनीलाई चिठी भाग १ वि. सं. २००८ मा भम्दाइको नामबाट प्रकाशित भएको छ । उनी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुनाले उनले थुप्रै विषयमा कलम चलाएका छन् । उनका प्रकाशित पुस्तकहरू यी हुन्–

१) थुनुवाको डायरी
२) केही साहित्यकार र साहित्य
३) बहिनीलाई चिठी भाग १ (निबन्ध)
४) लेखक कसरी बन्ने ?
५) बहिनीलाई चिठी भाग २ (निबन्ध)
६) तँ, तिमी, तपाई, हजूर, (निबन्ध)
७) साहित्य सम्बन्धी दुई चार कुरा
८) पाँच जरूरी कुरा
९) साहित्यका पात्र पात्रीहरू
१०) मेरो आमा (निबन्ध)
११) चीनका पुराना नीति कथा (अनुवाद)
१२) केही कविता: केही गीत
१३) स्वास्थ्य रक्षा
१४) व्यभिचार
१५) ए रिपोर्ट अन जर्नालिज्म एण्ड जर्नालिष्ट अफ नेपाल
१६) संस्कृतिको क्षेत्रमा लेनिनले देखाउनु भएको बाटो
१७) सोभियत नेपाल विद्हरू
१८) गाउँको सफाई

निबन्ध संग्रहको रूपमा भने उनका ५ वटा कृति छन् । त्यसमा हाल प्रकाशित तँ, तिमी, तपाई, हजूर निबन्ध संग्रहमा 'मेरो आमा' पनि समाविष्ट छ । यसरी हेर्दा अब उनका निबन्ध संग्रह जम्मा ४ वटा मात्र देखिन्छन् । साहित्यकार श्यामप्रसाद शर्माबाट साहित्येतिर पुस्तकहरू पनि लेखिनुमा कुनै अनौठो मान्नु पर्ने कुरा देखिदैन । उनी 'कला कलाको लागि' भन्ने पक्षमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभएका र साहित्यलाई जीवनोपयोगी मान्ने भएकाले देशमा शोषित, पीडित र अशिक्षित जनताको जीवन स्तर कसरी उठाउन सकिन्छ भन्ने कुरामा सधैं प्रयत्नशील रहेको देखिन्छ। त्यसैले उनका चाहे साहित्यिक वा गैर साहित्यिक पुस्तकहरू हुन् तिनका उद्देश्य जनचेतना दिनु र जनतालाई अन्याय, शोषण, अशिक्षा आदिबाट मुक्ति दिलाउनु हो।

अंग्रेजी रोमान्सेली परम्पराबाट प्रभावित देवकोटा सुरूका आफ्ना काव्यहरूमाझैं निबन्धमा पनि त्यसै प्रभावबाट चुलुम्मिएका छन्। कठिन संस्कृत शब्द चयन र जटिल वाक्य गठनको कारणले एकातिर त्यस बेलाका संस्कृत नपढेका पाठकलाई तर्साउन पुग्यो भने पुरानो विचार राख्ने संस्कृतज्ञ लाई नवीन शैली र नवीन बिचारले (रोमान्सेली विचार) अन्यौल पारिदियो। तैपनि शब्द चयन, शब्द संश्लेषण र वाक्य पटुताको कारण भाषामा आएको मधुर लयात्मकताको मोहनीले भने पाठकलाई नतानी छोडेन। नबुझिने अंग्रेजी गीतका मधुर धुनले मानिसलाई आकर्षित गरेझैं देवकोटाका निबन्धले पनि पाठकलाई लठ्यायो। उनका निबन्धहरूमा अभिव्यक्त विचार र आफ्नो जीवन शैलीमा तालमेल नखानु नै उनको जीवनमा ठूलो हार हो। यथार्थताभन्दा बडी आदर्शता, व्यवहारिकताभन्दा बढी भावात्मकता र सरलताभन्दा बढी दुरुहता नै उनका निबन्धका प्रवृति हुन्। समस्याका समाधानतर्फ उन्मूख हुनुभन्दा त्यसबाट पलायन हुनु नै उनका निबन्धका कमजोर पक्ष हुन्। पुरानै परम्परा र संस्कृतिमा मगनमस्त भएर निबन्ध रच्ने देवकोटाबाट निबन्ध बिधामा ठूलो योगदान भए तापनि समाज र जनताको परिवर्तन तथा उत्थानको लागि त्यति ठूलो योगदान हुन पुगेको देखिदैन। सबभन्दा ठूलो उनको खुवी चाहि अयथार्थ कुरालाइ पनि शाब्दिक जन्जाल, काव्यात्मक भाषा र तार्किकताले यथार्थ नै हो जस्तो पारेर साधारण पाठक लाई अलमल्याउन र विश्वास पार्न सफल हुनु हो। (वनारस प्रवास कालमा लेखिएका केही नियन्धलाई नलिने हो भने त देवकोटाका निबन्धले युगवोध गरेको पाइन्न) अर्को शब्दमा भन्ने हो भने उनका निबन्धले समाजलाई यथास्थिति मै राख्ने जमर्को गरेको पाइन्छ र युगलाई अगाडि बढाउने प्रयत्न भएको देखिदैन। तर भाषामा त्यति मिठास नभए पनि जीवनको यथार्थ समस्यालाई विश्लेषण गर्ने र त्यसको समाधानका उपायहरू अन्वेषण गर्न हृदयचन्द्र सिंह साह्रै सिपालु देखिन्छन्। उनले आफ्नो युगलाई सचेत र गतिशील पार्न निबन्धलाई प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन् । उनी आफू बाँचेको युगमा सन्तुष्ट नभएर त्यसलाई प्रगति पथमा लैजान जनतालाई सचेत पार्दछन् । ठीक त्यसै धारालाई अवलम्बन गरेर श्यामप्रसाद शर्माले निबन्ध साहित्यलाई जीवनोपयोगी बनाएका छन् । हृदय चन्द्रसिंहका निबन्धहरू प्रसाद गुणले मुक्त छन् तर भाषा वा मिठासपन त्यति छैन जति श्यामप्रसाद शर्माका निवन्धमा छन् । हृदय चन्द्रसिंह आफ्ना कुरा-हरू निबन्ध मार्फत् ठाडै भन्दछन् । यसरी हेर्दा उनका निबन्धहरू उपदेशपरक देखिन्छन् । हुन त जीवनवादी लेखक भएको हुनाले साहित्यलाई उनले जीव-नोपयगी नै बनाएका छन् तर ठाडो भाषाले गर्दा कतै कतै उनका निवन्धहरू नैतिक शिक्षाको पुस्तक भएजस्तो लाग्छ । श्यामप्रसाद शर्मा भने त्यस रोगबाट सर्वथा मुक्त छन् । उनी बढो कलात्मकताका साथ आफूले भन्नु पर्ने कुरा च्वाँट्ट भन्दछन् । उनका सन्देशहरू उपदेशकको जस्तो नभएर आफ्नो मिल्ने साथीको मीठो कुराकानी जस्तो भएका छन् । त्यसले गर्दा उनका निबन्धहरू बढी संप्रेषणीय र पठनीय भएका छन् ।

बीसौं शताब्दीको अन्यतिर राणाशाहीको अत्यन्त निन्दनीय र दमन कार्यबाट कलिलो बालक श्यामप्रसादको हृदयमा प्रभाव नपारी छोडेन । यस-बाट राणाशाहीको बिरुद्ध जनताको हृदयमा विद्रोहको भावना भूसको आगो-को रूपमा सल्कदै गइरहेको थियो । उता अंग्रेजी साम्राज्यको कालो शासन बिरुद्ध भारतमा क्रान्ति छेडियो । राष्ट्रवादि भारतेली जनताहरुको अदम्य उत्साह र त्यागको प्रभाव श्यामप्रसाद लाई पनि पर्न गयो र उनी राणशासन विरुद्ध संघर्षमा उत्रे । यसरी सानै उमेरमा नै उनको हृदयमा देश र शोषित पीडित जनताप्रति सद्भावना हट्नु र उनीहरूलाई ऋण गर्न आफूलाई समर्पित पार्ने दृढता जाहेर गर्नुबाट नै उनमा आएको युगीन चेतनाको प्रष्ट सङ्केत मिल्दछ । उनलाई राजनैतिक सामाजिक तथा साहित्यिक चेतना आउनुको अर्को कारण उनको दीक्षा गुरू मर्के पर्वबाट पीडित कृष्णचन्द्र अर्याल को सामिप्यले गर्दा पनि हो । दुःख र अभावमा हुर्कन पुगेका श्यामप्रसादले समाजमा भोग्नु परेका तिरस्कार र घृणाबाट धेरै कुरा सिक्न पुगे । मानि-सले भोग्नु परेका दुःख र अभावको कारण व्यक्ति नभएर समाजका कुरीति, कुसंस्कार र धार्मिक परम्परा हुन भन्ने कुरा उनले बुझे ।

जनतालाई यसबाट मुक्ति दिल उन संघर्ष गर्नु पर्छ । जनता संघर्षरत हुन् उनीहरू सचेत हुनु पर्छ र सचेतता शिक्षाबाट प्राप्त हुन्छ । यी कुरा उनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझे पछि उनले आफ्नो जीवनलाई देश र शोषित पीडित जनताको सेवामा समर्पित पारे र पार्दै आइरहेका पनि छन् ।

उनले आफना निबन्धहरूमा आर्थिक शोषण, धार्मिक शोषण, जातिगत शोषण, नारीशोषण, आदिको विश्लेषण गर्दै तिनका विरुद्ध जनताहरूलाई संघर्ष गर्न बल प्रदान गरेका छन् । मध्यम वर्गीय बिकृति र दुर्बलतालाई कटु व्यङ्ग गर्दै तिनबाट मुक्त नभएसम्म समाजको उत्थान हुन सक्दैन भन्ने उनको राय देखिन्छ । देख्दा स साना कुरा लाग्ने तर समाजलाई विखण्डीत तथा विकृत पार्ने प्रमुख तत्वलाई उनी छिद्रान्वेषी हुदै तीव्र आलोचना गर्दछन् । बाहिरी आवरणलाई नै प्रमुखता दिनेसम्भ सामाजको मान्यतालाई उनले 'कोट र जुत्ता' निबन्धमा तिव्र व्यङ्ग प्रहार गरेका छन् । समाजका भद्र भनाउँदाहरूले उनका जुत्ता र कोटलाई नमस्ते गर्ने गरेको थाहा पाएर उनी तिनछक पर्छन् । आर्थिक सम्पन्नताको आधारमा इज्जत, मान आदि प्रदान गर्ने हाम्रो जस्तो शोषणयुक्त समाजलाई परिवर्तन नगरेसम्म मानिसहरू विकृत हुन्छन् र विकृत मनस्थिति भएकाहरूबाट देश विकास हुन सक्ने कुराको सङ्केत 'कोट र जुत्ता', तँ, तिमी, तपाई, हजूर, 'एकघण्टा बिताउदा' आदि निबन्धमा पाइन्छन् । नारीवर्गका पक्षपाती निबन्धकार नानीहरूको स्वतन्त्रताको लागि वकालत गर्दछन् । समाजरूपि रथ प्रगतिपथमा दौडाउन नर नारी दुबैको उत्तिकै योगदान रहन्छ, एकको अनुपस्थितिमा अर्काको अस्तित्व रहदैन र जीवनरूपि रथ अगाडि बढ्दैन भन्ने उनको राय देखिन्छ । आइमाई साथीमा होस् वा मेरो आमा वा बहिनीलाई चिठी भाग १ र २ मा होस् उनको नारी प्रतिको सद्भावना स्तुत्य छ ।

प्रजातन्त्र पछि पनि पुनर्उत्थान वादी कै चकचकी भएको सन्दर्भ जोड्दै 'कोट र जुत्ता' निबन्धमा शहीदहरूको उचित सम्मान नगरिएको पाएर र शहीद पार्ने शासकहरूको सालिकलाई सबैले मन्दिर घुमे झैं घुम्न वाध्य पारेको तथ्यलाई औल्याउदै उनले व्यङ्ग प्रहार गरेका छन् । यसरी हेर्दा २००७ सालको परिवर्तन पछि केही टाठावाठाले मोज गर्न पाए झैं आजको सन्दर्भमा पनि शहीद पार्नेहरूको मर्यादा बढाउने क्रम जारी राखेको देख्दा नेपालको इतिहास केही दोहरिए झैं लाग्छ । व्यक्तिगत स्वार्थलाई नै सर्वोपरि मान्ने सामाजिक संरचनाका व्यक्तिहरूले 'गोपालप्रसाद रिमाल' जस्ताको योगदानलाई छोपेर पागलको पगरी गुथान दिएको देख्दा उनी मर्माहत हुन पुग्छन् र स्वार्थी व्यक्तिले निस्वार्थीलाई पागल भन्ने प्रथाको घोर भर्त्सना गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाउ नेपाल आउँदा को उनी संगठन वा साझा प्रयत्नको तारिफ गर्दै देश विकास गर्न संगठनात्मक योगदान चाहिन्छ भन्ने कुरा व्यक्त गर्दछन् तथा आफ्नो देशको भाषा प्रति दृढ दृष्टि राख्ने भू. पू. मन्त्रीलाई व्यङ्ग गर्दै चाउ-यनलाईको व्यक्तिगतको चर्चा गर्दछन् । समग्र रूपमा भन्ने हो भने उनका निबन्धको मूल अभिप्राय असमान आर्थिक वितरण प्रणालीको कारणबाट समाजमा विकृति पैदा भएको छ र त्यसको निराकरण साम्यवादको स्थापना बाट मात्र सम्भव छ भन्ने देखिन्छ ।

शैलीको चमत्कारले गर्दा शङ्कर लामिछानेका निबन्धहरू पाठकहरूले धेरै रूचाउछन् तर ती संप्रेषणीय चाहिं छैनन् । साधारण विषयलाई असाधा-रण बनाइ रहस्यात्मक पारिदिनु उनको वैशिष्टय हो । तर श्यामप्रसाद जटिलभन्दा जटिल विषयलाई सरल र सुवोध पार्न सक्छन् । त्यसैले उनका निबन्ध पण्डित्य प्रदर्शनको लागि नलेखिएर जनस्तर उचो पार्नका लागि लेखिएका हुन्छन् । जनतालाई सचेत तुल्याउन उनी सदा प्रयत्यरत भएको हुनाले उनका निबन्धले उनलाई निबन्धकार मात्र नबनाएर युग प्रवर्तत नेता, समाज सुधारक र चिन्तक पनि बनाएको छ । त्यति हुदा हुदै पनि उनी जड्वादी विचारलाई अगाल्दैनन् । राम्रा र समाजोपयोगी कुरा छ भने उनी परम्परा लाई पनि चटक्कै त्यागने रायमा छैनन् । राम्रा र असल कुरा जहाँबाट र जो बाट पनि लिन सकिन्छ भन्ने विचारका उनी पक्षधर हुन् । सुन्दर तर व्यवहा-रिक समाजको उनी पक्षपाती देखिन्छन् ।

वि. सं. २००७ साल पछि बढ्दो भारतेली प्रभावले नेपाली भाषामा पनि हिन्दिकरण बढ्ता भएर भाषाको वाह्य रूप नै विकृत हुन थालेको बेला-मा श्यामप्रसाद शर्माको लेखाई र योगदानलाई धेरै सराहना गर्नु पर्ने देखिन्छ । उनले आफ्ना लेखमा व्याकरणसम्म त शुद्ध नेपाली भाषाको प्रयोग गरेर यस लाई वास्तविक रूप प्रदान गर्न ठूलो योगदान गरेका थिए । त्यतिमात्र होइन संस्कृतका निष्प्राण र अप्रचलित शव्दको भरमार प्रयोगबाट नेपाली भाषाको बिग्रदो रूपलाई उनले जोगाउने प्रयत्न गरेका छन् । छोटो, स्पष्ट र सरल वाक्य प्रयोग गर्न मन पराउने शर्माले आफना निबन्धहरूलाई उखान टुक्काले सिंगारेका छन् । उनका निबन्धहरूमा कतै मधुर मुस्कान छ त कतै तीक्ष्ण व्यङ्ग प्रहार; कतै स्तुति छ त कतै निन्दा; कतै व्याखया छ त कतै तर्क; कतै कल्पना छ त कतै तथ्य । त्यसैले उनी कहिले तार्किक शैली प्रयोग गर्छन् भने कहिले वितरणात्मक शैली; कहिले वर्णनात्मक शैली प्रयोग गर्छन् भने कहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्राचार शैली । विभिन्न शैलीको उपयोग गर्नु विचारलाई प्रष्ट पार्न खोज्नु हो । त्यसैले उनका निबन्धका भाषा र विचारमा समन्वय देखिन्छ । विचारको वाहक भाषा भएकी हुनाले उनको विचार सरल भाषामा अभिव्यक्त छ । शंकर लामिछाने जस्तो भाषालाई विचार लुकाउने माध्यम उनले बनाएका छैनन् । निबन्ध निरस हुन्छ कि सरल भन्ने कुरा लेखकको प्रस्तुति कलामा भर पर्दछ । निरस लाग्ने विषयलाई पनि उद्धरण, उपकथा, आत्मविवरण आदि यथार्थ सन्दर्भ जोडेर पढुँ पढुँ लाग्ने पार्न सक्नु लेखकको खुवी हो । यस कुरामा श्यामप्रसाद शर्माले सफलता प्राप्त गरेका छन् । उनको दृष्टि सधैं स्वास्थ्य र यथार्थ छ ।

श्यामप्रसादका निबन्धहरू आस्वादन पछि उनी के कस्ता विचार राख्दछन् भन्ने कुरा प्रष्ट बुझ्न सक्दछौं । नारीलाई समाजमा सहकर्मीको रूपमा लिनु, उनीहरूको उचित शिक्षादीक्षा प्रति प्रतिबद्ध हुनु, भौतिक जीवनलाई सर्वोपरि मान्नु, ईश्वर, आत्मा प्रति विश्वास नहुनु, सामाजिक विषमताको मूल कारण असमान आर्थिक वितरण प्रणालीलाई मान्नु, अर्ध सामन्तवाद र पूँजिबादको अन्त्य गर्नुपर्ने बोध गर्नु, वर्ग विहीन समाजको परिकल्पना गर्न, गतिहीन परम्पराको विरोध गर्नु, साहित्यलाई जीवनोपयोगी र समाज परिवर्तन गर्ने साधन मान्नु, व्यक्तिलाई प्रमुखता नदिएर समष्टि प्रति विश्वास राख्नु, समाज उत्थान गर्ने उद्देश्य व्यक्त गर्नु, साहित्यलाई जीवन सापेक्ष मान्नु शोषित पीडितहरूको पक्षधर भएर प्रस्तुत हुनु, दृष्टि भावात्मक नभएर आलोचनात्मक हुनु, शहीदहरू प्रति आदरणीय भाव राख्नु र सकारात्मक विचार प्रकट गर्नु, राम्रा कुरा जोसँगबाट पनि ग्रहण गर्नु र नराम्रा कुराहरू हटाउदै जानु पर्ने विचार प्रकट गर्नु, अन्याय हटाउन यसको कडा बिरोध गर्नु पर्छ भन्नु हरेक निबन्धमा वर्गीय समाजमा देखिने विषमता र त्यसबाट उठ्ने छन्दको राम्रो व्यवस्था हुनु कलावादी नभएर जीवन बादी हुनु, व्यङ्ग्यको प्रयोग गर्नु, सरल र सुबोध जनभाषाको पक्षधर हुनु, विचार र भाषामा समन्वय देखाउनु आदि उनका निबन्धहरूका प्रवृत्तिहरूबाट उनी प्रगतिवादी निबन्धकार हुन् भन्ने कुराको निक्यौंल गर्न सकिन्छ ।

कुनै पनि साहित्यकारको मूल्याङ्कन गर्दा उसका कृतिको संख्यात्मक हिसाबले नगरेर गुणात्मक हिसाबले गरिनु पर्छ र साहित्यकारहरूको विचार र त्यस प्रति उसको निष्ठालाई पनि छोड्न मिल्दैन । श्यामप्रसादले ज्यादै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै निबन्धहरू लेखेका छैनन् तापनि उनका जति निबन्धहरू छन् तिनले आफ्ना युगका पीडित जनतालाई एक पाइला अगि बढाउन मद्दत गरेका छन्। बोलीचाली भाषामा पनि सुन्दर र उपयोगी साहित्य निर्माण हुन सक्छ भन्ने कुराको प्रमाण देवकोटाको 'मुनामदन', युद्धप्रसाद मिश्र, गोकुल जोशी, देवी प्रसाद किसान आदिका कविताहरूबाट भैसकेको छ तापनि श्यामप्रसाद शर्माले त सुन्दर र जन उपयोगी साहित्य निर्माण गर्न सरल भाषा नै चाहिन्छ भनेर जोड दिएको देखिन्छ। उनी यति सफल र जनप्रिय हुनुको पछाडि अरू धेरै कारण होलान् तापनि सरलता र निष्ठा नै दुई प्रमुख तत्व छन् जसले उनको प्रतिष्ठालाई अझ बढी चम्काएका छन्।

श्री ५ बडामहारानी

ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको

४२ औं शुभ-जन्मोत्सवको पुनीत

उपलक्ष्यमा

सरकारमा हार्दिक शुभ-कामना अर्पण गर्दै
मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा
अटल सौभाग्यका निम्ति
परमेश्वरसँग सभक्ति
प्रार्थना गर्दछौं।

— नेपाल राष्ट्र बैंक
परिवार

'त्रिविध'

तीन सशक्त कथाकारका संयुक्त कथा संग्रह

पठनीय छ, अवश्य पढ्नोस्!

— साँभिला प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जागोस्कको किल्लाभित्रका मन्दिरहरू र मास्को यात्रा

रामबहादुर श्रेष्ठ

एक दशकभन्दा अघिको एउटा दिन अर्थात् २०३५ साल बैशाख ५ गते दिउँसो घरबाट निस्की नेपाली समय अनुसार ३ बजे गौचर एरपोर्टमा पुगें । घरका परिवार, इष्टमित्रसँग बिदा भै अपराह्न ४/२० को प्लेन चढी दिल्लीतर्फ रवाना भएँ । जेट धेरै माथि उडेकोले ठूला ठूला पहाडहरू पनि थुम्का जस्तो भै मैदान देखिन्थ्यो ।

दिल्ली पुग्न आधा घन्टा अगाडि जेट अलि अलि गरी तल झार्दै ल्याएकोले दिल्ली आसपासका गाउँहरू र शहरहरू देखिन थाले । धेरै टाढा हुँदा माथिबाट साना साना काठका बट्टा राखेजस्तो र पंक्तिबद्ध हुँदा राम्रो देखिन्थ्यो । त्यस पछि मोटरहरू साना साना कीरा हिँडेजस्ता देखिन थालेको मात्र के थियो जेट ग्राउण्डमा उत्रिहाल्यो । त्यस बखत भारतीय समय अनुसार ५/४० बजेको थियो । प्लेन उत्रेको आधा घण्टापछि पानी परेकोले गरम भएन ।

भारतमा रहन–सहन हुँदा बोलचाल मिलेकै थियो । एर ईन्डियाबाट अशोक होटलको नाम लेखी ३ प्रति भौचर दियो । (ट्याक्सीमा आवत–जावत गर्न भा. रू. १५ दर्को भौचर २ र होटलमा १ छाक खान भा. रू. ३०, चियाको निमित्त भा. रू. ८ समेत भा. रू. ३८ को भौचर १।) ट्याक्सीमा बसी अशोक होटलतर्फ गएँ । आधुनिक ढंगले बनेको सबै व्यवस्था मिलेको अति नै सुन्दर दुई तलामाथि ४५३ नम्बरको कोठामा बसें । बेलुका दाल भात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तरकारी दहीको भा. रू. ३४ र बिहान चिया १ कप खाएको भा. रू ४।५५ लागेछ ।

बैशाख ६ गते बिहान एयरपोर्टमा पुगी जाँचबुझको सबै व्यवस्था मिली सकेपछि भारतीय समय अनुसार बिहान ७ बजे उडान भयो । त्यस बखत पानी परेकोले बादलले ढाकिएको थियो तापनि बादलभन्दा धेरै माथि टाढा उडान भएकोले तल हेर्दा धेरै गहिराईमा घना बादल, माथि छर्लङ्ग घाम लागिरहेको थियो । माथिबाट तल हेर्दा बादलहरू कहीं कपास फटकाएर थुपारे जस्तो, कहीं हिउँको डांडाजस्तो थुम्का परेको देखिन्थ्यो । अलि पातलो बादल भएको ठाउँमा नीलो समुद्रमाथि छाल उर्लेकोजस्तो देखिन्थ्यो ।

भारतीय समय अनुसार ११ बजेपछि जेटलाई तलतल झार्दै बादल मुनि पुगेपछि ठाउँ ठाउँमा गाउँहरूको रेखा देखिन थाल्यो । धेरै गहिराईमा साना साना हवाइजहाजहरू चलि उडेजस्तो उडिरहेका देखिन थाले । घरहरू बट्टा जत्रो देखिए तापनि पंक्तिबद्ध भै मिलेका ठूल्ठूला शहरहरू देखिन थाले । जेट बिसाउने समय हुन लाग्यो, मास्को यही होला भन्ने सम्झी दृश्य खूब हेर्न थालें । मास्को नभै अरब देश पुगेको रहेछ । जेट ११/३० मा ओर्ली अरब देशको तेहरान शहरमा बस्यो । फेरि १२/२० मा उडान शुरु भयो ।

आफूले अंग्रेजी नजानेपनि मास्को भै लण्डन जाने भारतीयहरू धेरैजसो भएकाले उनीहरूसँग गफ गर्दै मास्को पुग्ने हुँदा नियास्रो हुनु परेन । ४ बजे पछि अलिअलि गरी जेट तल झर्‍यो । मास्को आसपासका गाउँहरूको रेखा देखिन थाल्यो । जति सुकै घर भएपनि-एकै चाक्लाभित्र छुट्टा छुट्टै पंक्ति र हरेक घरको निमित्त फूलबारी मिलाई बनाएको छ र हरेक गाउँको आसपास-मा चहुर र बनले घेरिएको देखियो अनि शहर देखिन थाल्थो । अति नै ठूलो शहर भित्र पनि छ्यासछ्यासती रूख, शहर बाहिर अगल-बगल चारैतर्फ हजारौं चहुरहरू देखिन थाल्यो । त्यसको साथसाथै बनहरू पनि, वन भित्र घरहरू पनि । त्यसरी उडेको जेटले पनि शहर टुङ्ग्याउन सकेन । माथिबाट हेर्दा गाउँ र शहरहरू अति नै सुन्दर देखिन्थ्यो । भारतीय समय अनुसार ४/३५ मा मास्को एरपोर्टमा उत्रे । मास्कोमा त दिउँसोको २ मात्र बजेको रहेछ ।

म मास्को उत्रदा मेरो बाटो हेरिबसेका छोराबुहारी कृष्ण र इरीनासँग भेट भयो । अनि सबै ट्याक्सीमा बसी मास्को शहरको बाटो लाग्यौं । शहरभित्र बजारको बाटो कहीं बीचमा रूखहरू भै पाखन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज[illegible]को २ बाटो परेको, कहीं एक बाटो भए पनि घेरै नै फराकिलो, कहीं ४-५ बाटो परेको ट्रलिबस, बस, ट्याक्सी, ट्रामगाडी बाटोमाथि चलिरहेका थिए । सडकको दुबैतर्फ १० तलाका घरहरू पंक्ति मिलेको तर शहर भित्रै पनि घर अलग अलग, अगाडि पछाडि कुनै घर जोडिएको रहेनछ । कुनै घरले कुनै घरलाई घाम र हावाको बाधा छैन । घरका अगाडि रुखहरू छ । १ घन्टा जति ट्याक्सीमा बसी कृष्ण बसेको घर आइपुग्यो । १४ तले घरको ७ तला माथिको कोठामा बसेको रहेछ । ७ तलामा भए पनि भरेङ चढ्नु नपर्ने लिफ्ट मा बसी ७ नम्बरको स्वीच दबाएपछि तुरुन्तै पुग्ने रहेछ ।

मास्कोमा मई १ तारीखको उत्सव बडो भव्यतासाथ मनाइने रहेछ । शहर सबै बिजुली बत्तीले सिंगारिन्छ । उत्सवमा भाग लिने सबै मानिसहरू को हातमा फूलको गुच्छा र रातो पताका छ । बीच बीचमा अनेक झाँकीका साथ बेलुनको झुप्पा उडाइएको दृश्य देखिन्छ । उत्सवको सन्दर्भमा भएको अनेक नाच ठेटर सरकस हिउँमा नाचेको दृश्य इत्यादि तमाशा कोठामा नै बसी टेलिभिजनद्वारा हेरियो ।

यहाँको विश्वविद्यालय हेर्न गएँ । अति नै सुन्दर थियो । विश्व विद्यालयको एरिया पुछार लेनिन पहाडको सिरानबाट हेर्दा धेरै भाग शहरको दृश्य राम्रो देखिने रहेछ । तल हेरे मास्को नदी देखिन्छ । मास्को नदी शहरका बीच बगेर गएको छ । त्यस नदीमा जहाज चल्दछ ।

त्यहाँबाट तल झरी नदी किनारामा पुग्यौं । पानी जहाजको दुई तला माथि बस्यौं र ८ स्टेशनसम्म करीब दुईघन्टा जति जहाजमा सफर गर्‍यौं । जहाजका स्टेशनहरूबाट शहरका ठाउँ ठाउँ बजार जाने बाटो पर्दछ ।

मास्को नदी किनारामा केन्द्रीय गोर्की पार्क निकै ठूलो छ । त्यस भित्र ठाउँ ठाउँमा रंगीचंगी फूलहरूको बगारी र कहीं पोखरी, कहीं फोहरा, कहीं डुंगामा बसी सयर गर्ने ताल, कहीं किसिम किसिमका खेलौना । ती खेलौनाहरूमध्य धरहराभन्दा अग्लो ठूलो रोटी पिङ जस्तो विस्तारै घुमिरहेको थियो । त्यहाँ गई हेर्दा ४–४ जना मानिस बस्न हुने बट्टाहरू त्यसको वरिपरि ४०/५० वटा झुन्डिएको थियो । त्यसमा गई चढें । विस्तारै घुम्दै माथि पुगेपछि माथिबाट शहरको चौतर्फ दृश्य देखिने रहेछ । त्यस पार्क भित्र त्यति मात्र होइन, कहीं ठेटरघर, कहीं रेष्टुरां, कहीं सानातिना खाने पसल र घुमने जंगल पनि थियो । त्यस जंगल भित्र पनि ठाउँ ठाउँमा आरामीघर थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अप्रिल २९ तारीखमा शहरभरका मन्दिरहरूमा पूजापाठ गरी धार्मिक उत्सव मनाएको थियो। उत्सवमा मानिएको भीडले राम्रो देख्न नपाइने हुँदा पर्व नपरेको बखत मास्कोे शहरको एउटा मन्दिर हेर्न गएं।

मन्दिरमा गजूर छ। देवल नेपालको जस्तो हैन। अर्कै ढंगको भव्य अति ठूलो, बाहिरबाट पनि राम्रै देखिन्छ। मन्दिरको भित्र पसेपछि बरण्डा आउँछ। बरण्डामा पुग्नासाथ टोपी फुकाली भित्र जानु पर्दछ। भित्र हजारौं जना मानिस अटाउने हलजस्तै अग्लो ठूलो बैठक छ। बैठकमा माथि झाडहरू झुण्ड्याइएका छन्। बैठकको दुवैतर्फ देवदेवीका तस्वीरहरू टाँगिएका छन्। बैठकको दुवै किनारामा ठूला ठूला ढलौटका पानसहरू लहर मिलाई राखेको छ। पानसको बीचमा मूल बत्ती, त्यसको वरिपरि देवाहरू बलेको छ। मूल देउता भएतर्फ बैठकको दुवैतर्फ थानकोट महादेव थानको कृष्णको मन्दिर-जस्तो अलि अग्लो सुनको देवल छ। त्यस भित्र तस्वीर छ। त्यस बैठकमा मात्र सबैले जान पाइन्छ। त्यस भित्र बरण्डा छ। त्यहाँ मूल पुजारी बाहेक अरू पुजारीहरू बसी पाठ गरिरहन्छन्। मूल पुजारी भित्र हुन्छ। बैठकबाट मूल देउताको थानको भित्ता र ढोका देखिन्छ। अनेक किसिमको बुट्टा कलापूर्ण छ जम्मै सुन र चाँदीले बनेको छ। बैठक र मूल देउताको भित्ता नेर मैनबत्ती-हरूले झकिझकाउ देखिन्छ।

दर्शन गर्न जाने मानिस बैठकमा टाँगिएका तस्वीर र सानु सुनको मन्दिरमा राखिएको तसबीरमा म्वाई खान्छन्। त्यत्ताबाट सरासर मूल देउ-ताको अगाडि बैठकको आखिरमा मैन बत्ती बाली दुवै घुडाले टेकी शिर भुईंमा छुवाई दर्शन गर्छन्। त्यस बैठकमा सबैले मूल देउता भएतर्फ मोड्डा फर्काई उभिरहनु पर्छ। देउता भएतर्फ पछाडि पीठ फर्काएर उभिनु पाईंदैन। त्यस ठाउँमा बोल्न र हाँस्न पाईंदैन। बिहान बेलुका दुई ढाई घन्टा त्य पूजापाठ हुन्छ रे।

कृष्णले देखाउन लगेको त्यस मन्दिरलाई **नोभोदेभिचए मोनास्टिर** भन्दा रहेछन्। त्यो क्रिस्चियन धर्मको चर्च हो। यस्ता मन्दिर शहरमा धेरै छन्। यस भन्दा पनि राम्रा राम्रा मन्दिरहरू छन् भनेको थियो।

नभन्दै मास्को शहरमा र शहर बाहिर वरपर गाउँहरूमा पनि साना ठूला मन्दिरहरू रहेछन्। सानो ठूलो जस्तो भए पनि देवता राख्ने छाँटकाँट एकै देखियो। यी सबै मन्दिरहरूको मुख्य केन्द्र मास्कोबाट ७० किलो मिटर टाढा जागोर्स्क भन्ने पुरानो शहरमा पर्दछ। त्यस ठाउँलाई ठूलो तीर्थ मान्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेछन् । रूसमा धर्म मान्दैनन् भन्ने सुनेथें, तर त्यहाँ पनि धार्मिक आस्था भएका व्यक्ति प्रशस्त देखिए ।

अगस्त १ गते बसमा बसी शहरको र शहर बाहिरको दृश्य हेर्दै गयौं । मास्कोबाट जागोर्स्क जानलाई मोटरको बाटो मात्र नभई छुट्टै रेलमार्ग पनि छ । शहर बाहिरको पक्की बाटो फराकिलो छ । कहिले ठूलो जंगल आउँछ, जंगल पार गरेपछि ठूला ठूला फाँट, चहुर देखिन्छन् । बनको छेउछाउ र वनको बीच बीचमा पनि हेरी रहुँ भने जस्तो रहरलाग्दा रंगरोगनले सिंगारिएका ऐना झ्यालढोका भएका साना साना राम्रा राम्रा चट्ट परेका काठका बंगला हरू कहीं २०/२५, कहीं ४०/५०, कहीं १००/१५० सम्म देखिन्छन् । एवं रीतले कहिले वन, कहिले चहुर, कहिले गाउँघर हुँदै गयौं । गाउँ बसेका ठाउँमा पनि आवादी देखिएन । बरु शहर नजिकको फाँटमा ऐनाको घरमा खेती गरेको देखियो । त्यहाँ आफ्ना बंगलालाई काठका खिरकीले बारेको र भित्रको सानु सानु जग्गामा कसैले फलफूलका बोट, कसैले अलिअलि तरकारी लगाइराखेको मात्र देखियो । त्यस मध्ये कहीं कहीं ईंटले बनेका पक्की घरहरू र गाईका गोठहरू देखिए । बाटोमा दुई गोठ देखें जसमा हजारौं गाईहरू थिए । अति असल जातका थुन भुईंमा छुला भने जस्तो । एउटा गाईबाट अन्दाज गर्दा १ छाकमा दूध २ पाथी वा २० माना भन्दा कम्ती हुन सक्तैन । कुराको प्रसंगमा बुझियो— गाईको दूध मानिसले दुहुने होइन, गाईको दूध पनि मिसिनले नै दुहुन्छ रे । एक ठाउँमा हाँसको कारखाना देखें । धेरै हाँसहरू पालिएका थिए । ७० किलोमिटरसम्म जाँदा २ ठाउँका फाँटमा मात्र आलुखेती देखियो । खेती कहाँ गरिन्छ भनी सोद्धा धेरै टाढा पचासौं हजार बीघा भएको ठूलठूला फाँटहरू भएका ठाउँमा माटो गुण अनुसार खेती गरिन्छ, सानुतिनु फाँटमा मिसिनद्वारा खेती हुन सक्दैन, पचासौं मिसिनले खेत जोतिन्छ, मिसिनले नै डल्ला फुटाई जग्गा तयार पारिन्छ, हवाइ जहाजबाट मल छरिन्छ, बिउ छरिन्छ, मिसिनले नै बाली काट्छ, सबै काम मिसिनबाट हुन्छ, त्यस ठाउँमा कृषि फर्महरू खोलिएका हुन्छन् भन्ने जवाफ पाइयो ।

कृषि सम्बन्धी कुराकानी गर्दै र गाउँको दृश्य हेर्दै जागोर्स्क पुग्यौं । त्यहाँ सानु शहर रहेछ । पुरानो संस्कृति जोगाउनको निमित्त पुराना ढाँचाका काठका घरहरू प्रशस्त सुरक्षित नै थिए र नयाँ किसिमका घरहरू पनि छन् । जागोर्स्क शहरका बीचमा चारैतर्फ किल्लाले घेरिएको र त्यसभित्र सुनका गजूर भएका ७/८ वटा मन्दिरहरू र २/३ वटा राम्रा राम्रा घरहरू थिए ।

हामी जागोर्स्क पुग्दा मानिसहरूको भीड लागिरहेको थियो । मन्दिरमा प्रार्थना शुरु भैराखेको थियो । ढोका भित्र पसेपछि सानु बरण्डा छ । त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्दासाथ टोपी झुकाल्नु पर्दछ । त्यस भित्र हजारौं मानिस अटाउने हल अर्थात् अग्लो बैठक छ । बैठकको माथि चाँदीका झाडहरू ठाउँ ठाउँमा टाँगी त्यसमा बिजुलीबत्तीहरू बालिएका छन् । त्यस बैठकका दायाँ बायाँ ठूला ठूला कहीं चाँदीका, कहीं ढलौटका पानसहरू लाइन लगाई बालिएका थिए । बैठकको आखिरमा मूल देवताको अगाडि दायाँ बायाँ ठूलाठूला सुनको मन्दिरहरू छन् । भक्तजनहरूले ती दायाँ बायाँका मन्दिरहरूमा राखिएका देवताहरूलाई मात्र ढोग दिनु पाइन्छ । त्यस भित्र सानु बरण्डा छ । त्यहाँ पुजारीहरूले पाठ गरिराखेका थिए । बीच बीचमा पुजारीहरूले लय लगाई स्तुति गर्दछन् । बैठकमा उभिएका भक्त भक्तिनीहरू बारम्बार शिर भुईंमा ठोकी पुजारीका भाकामा लय मिलाई स्तुति गर्दछन् ।

बैठकबाट मूल देवता राखेको भित्ता र ढोका छर्लङ्ग देखिन्छ । चाँदी र सुनले सजिएका अनेक कलाकृतिको बुट्टा देखिन्छ । देवताको अगाडि बैठकमा भक्तभक्तिनीहरूले मैनबत्ती झकिझकाउ गरी बालिराखेका थिए । त्यहाँ पनि कसैले बोल्न हुँदैन । देवता भएतर्फ पीठ फर्काई उठ्न वा बस्न पनि पाईंदैन ।

जाकोर्स्कको किल्ला भित्र चोकको बीचमा सुनको गजूर भएको अग्लो एउटा मन्दिर छ । त्यस भित्र पानी उम्रेको छ । त्यो पानी अति पवित्र जल मानिन्छ । भक्त भक्तिनीहरू लाइन लगाई त्यो पानी पिउन जान्छन् र सीसीमा भरी घरमा पनि लैजान्छन् । जहाँ सुकेका भक्त भक्तिनीहरूको आस्था र विश्वास पनि एकै समान हुँदो रहेछ । त्यसैनेर ठूलो अग्लो घण्टाघर छ, त्यसको गजूर पनि सुनैको छ । अरू मन्दिरहरूमा पनि सुनकै गजूर छन् । तिनमा भित्र धार्मिक चित्रहरू टाँगिएका छन् । परिचारिकाका भनाई अनुसार ती मन्दिरहरू चौधौ शताब्दीसम्मका पुराना हुन् रे ।

जागोर्स्कको त्यस किल्ला भित्र नै रूस भरका हरएक मन्दिरका मूल पुजारीहरूलाई पढाउने एकेडेमी (विद्यालय) पनि छ र धार्मिक किताबहरूको प्रकाशन पनि त्यहीबाट हुन्छ रे । त्यहाँका मूल पुजारी रूसका सबैभन्दा ठूला पुजारी हुन्छ रे । ती पुजारीलाई यहाँका चलन अनुसार आर्कविसप भन्ने रहेछ । यसरी रूसको धार्मिक केन्द्र जागोर्स्क शहरको पनि यात्रा गरिएको थियो आजभन्दा ठीक बाह्रवर्ष अगाडि ।

आज त्रियासी वसन्तको उमेरमा हाम्रो मन्दिरै मन्दिरको देशमा बसेर रूसको मन्दिरहरूलाई सम्झन खोज्दा मनमा हार्दिकता पैदा हुन पुग्छ ।

२०४७ बैशाख १
शोणितपुर, धुनिखेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लघुताभास

सुनिल पौड्याल

देवकोटा को बराबरका छन्, हँ ?

देवकोटालाई कोसँग दाँज्न सकिन्छ ?

वर्डस वर्थको गुण देवकोटामा छ ।

अथवा

किटसको गुण देवकोटामा छ ।

हैन, शेली हुन् देवकोटा ।

खै के के हुन् देवकोटा !

देवकोटा देवकोटा नै हुन् । उनी आफू जस्तै छन् । उनको आफ्नै पहिचान छ । विशेषता छ, देन र मौलिकता छ । फेरि किन अरू जस्तै भन्ने !

पन्त, निराला र प्रसादहरूका गुण एकजना देवकोटामा मै छ । महापण्डित राहुल उद्बोधन अथवा उद्घोषण !

हामी यसो भनौंन : देवकोटामा भएको गुण भारतीय कुनै एक साहित्यकारमा छैन । देवकोटाजस्तो साहित्यकार भारतमा जन्मेकै छैन ।

देवकोटाजस्तो साहित्यकार अन्त पनि पाउन अलि गाह्रै पर्छ । अथवा त्यस्ता साहित्यकार कुन कुन देशमा कति छन् हँ ?

कुनै बिदेशी प्रतिभाशाली साहित्यकारको चर्चा चल्दा देवकोटा जत्तिकै प्रतिभाशाली छन् त ?' सोध्न सक्दैनौं ? किन नसक्नु । सोध्नु पर्छ । त्यसरी नै सोध्नुपर्छ । तर हामी सोध्न सक्दैनौं । किन ? लघुताभासले हामीलाई ङ्याकिरहेछ ।

कति विदेशी साहित्यकारहरू हाम्राभन्दा कम क्षमताका होलान् । देवकोटाभन्दा उच्च वर्डसवर्थ नहुन सक्छन् । किटसका प्रत्येक रचनाले हाम्रा महाकविलाई उछिनेकै होलान् त ? यिनको वहुप्रतिभाशाली गुण त भिन्दैछन् ।

कुराको कुरा न हो । मानिसका तरिकाहरू भिन्दाभिन्दै हुन्छन् । उधारो मतिर्नेलाई मानसिक दण्ड दिन साथीले पसलमा नाम लेखेर प्रदर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको रहेछ । धेरै भो उधारो नतिरेको । यसै नतिरे झन् ठूलो अक्षरमा नाम लेखेर टाँस्ने रे । उधारो जति नतिर्ने लाखौं मान्छेलाई ठूलो र सानो अक्षरमा नाम प्रदर्शन भएरै कि फरक पर्छ । त्यस्ताको इज्जत नै हुँदैन । यो दुङ्गा हो । ढुङ्गालाई नाम टाँसेर के असर हुन्छ कुन्नि ! साथीले कसरी हेरेको छ । चोइटाउन सके बरू केही गर्छ होला ढुङ्गा त्यस्ता दण्डले लछारपाटो लाउँदैन ।

यो अनौठो कुरा हैन । हाम्रा साहित्यकारलाई हेर्दा होस् वा ऋण उठाउँदा, अन्तर्निहित लघुताभासले हामीलाई खसोखास ठगेको छ । हरक्षण ठगिन्छौं, बोल्न सक्दैनौं । हीनताबोधसँग साक्षात्कार गरेर बाँचिरहेछौं ।

हात देखाउनु हुन्छ ? राम्रो ज्योतिष आएका छन् ठ्याक्कै मिलाउँछन् ।

हात देखाउनेमा मलाई विश्वास छैन । हात बनाउनेमा मात्र विश्वास छ । हात बनाउन ज्योतिष हैन आफै चाहिन्छ ।

कति हामी अझैपनि बाँचिरहेका छौं-हात बनाउँछौं आफ्नो मेहनतले र विश्वास थाम्न अन्धविश्वासको बुख्याचा अगाडि हात तेर्स्याउँछौं ।

ज्योतिषको दृष्टिबाट आफूलाई हेर्न खोज्छौं । हामी हामी भएर हामी-लाई हेर्न सक्दैनौं, हेर्न चाहन्नौं । आफ्नो दृष्टिबाट ज्योतिषलाई हेर्न सक्दैनौं मानौं हाम्रो दृष्टि नै छैन र भएपनि अपाङ्ग छ अथवा कसैले वशिकरण गरेको छ । कसैको अहमले खर्लप्प निलेको छ हाम्रो दृष्टि र हेर्न हामी एकछिन उसको आँखा सापटी माग्छौं र उसकै किसिमले हेर्छौं । त्यसैले हाम्रो आँखा नै छैन, मस्तिष्क नै छैन । इज्जतनै छैन । सधैं उधारो खाएर भाग्नेहरू हौं । हाम्रो इमान छैन । साँच्चै हामीले हामी मात्र भएर न हामीलाई हेर्न सक्यौं न अरूलाई ।

बाँसको कलमले लेखेको साहित्यमा मिठास हुँदैन ।
बाँसको कलमले उच्च साहित्य लेखिदैं लेखिन्न ।
उच्च साहित्य लेख्न पार्कर कलम नै चाहिन्छ ।

यस्तो पुङमाङ कुरा पनि गर्न सकिन्छ भने म के भनुं ? उच्च साहित्य र पार्करको कहाँ सम्बन्ध छ ? पार्कर र बरू दामको सम्बन्ध छ ।

पार्कर सिर्जित साहित्य मात्र उच्च हुने मान्न थालेपछि बाँसको कलमको मोह कसरी होला ? विश्वास कसरी होला ?

२०४५।२।१ शनिबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो आठराइ

मोहन सिटौला

मेरो आठराइ ! प्रथम प्रभाती नेपाली किरण ! कुम्भकर्ण नन्दीको सचेततापूर्ण सांकेतिक होक्का . . . ! माता पार्वतीको नाति शितोष्ण काख! शैली सुन्दरी चित्तकी चाख ! पहाडी बाला, पहाडी जननी ! मेरो जन्मथली मातृभूमि ! तँलाई मेरो अभिवादन छ, अभिनन्दन छ ! तेरा सन्ततिहरू मध्येको यौटा सदस्य भएकोमा म पनि आफूलाई धन्य सम्झन्छु । र तँलाई छोड्ने अनि अन्यत्र वास बस्नेहरू मध्ये एक दुःखित आत्मा म आफूलाई पाउँछु । पण्डितहरूले भन्ने गरेका चार(?) ऋण– देवऋण, पितृऋण, मातृ-ऋण आर्य ऋणको सम्झना अहिले मलाई हुन्छ ।

परापूर्व कालदेखि नै तेरो सेवागर्ने, सुरक्षा गर्ने, विकास गर्ने तँलाई सिगार्ने धेरै सपूतहरू नभएका होइनन् । थिए, गरे । बासबस्ती बसाए, बाटा-घाटा बनाए, जंगल–मंगल सद्यारे, पूल-पाटीपौवा निर्माण गरे, चौतारी चिने कलधारा पानी बाँडे, सहर वसाए, शिक्षा–दीक्षा दिए, अस्पताल स्थ पना गरे । ती पूर्खाहरूलाई मेरो श्रद्धाञ्जली छ । तर म . . . ? मलाई वोक्रिलो सासले गरूंगो बनाउँछ भित्र–बाहिर ! किन हो ? मलाई थाहा भैराखेका छैन . . . ।

पूर्वाञ्चल, पल्लो किरात, लिम्बूवानको करीव बीच बस्ती इलाकामा अवस्थित यो आठराइ कञ्चनजङ्घा हिम शृंखलाको यौटा शाखा जल्जले, भूजे अक्करे र मीनसिन धाप भनिने पहाडी श्रेणिको यौटा मस्यौलो, फाँटिलो उत्तर–दक्षिणी लम्पसार डाँडो र लुम्सो हो । मूलतः दक्षिण बाहिनी तमर नदीले आफ्नो पश्चिम भुर्ताको बेलामा संधैं आठराईं मतनीको पाउ पखाल्छ र पूर्व दक्षिणी सीमांकन पनि गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसँ तमोर नदीको पश्चिमी भेगको व्यापक जलप्रणालीले सिंचित यहाँका बनपाखा, झार-जंगल, बाग बगैंचा अनि बन्य प्राणी र सरल गाउँले मानवहरू समूच्चार्थमा इन्द्रेनीमय विविधता फूल्ने जीवन पद्धति, शीत जस्ता सफा र स्वयं सच्चाइका प्रतीक अनन्त सलिलाका धोपाहरू, बालक जस्ता सुकोमल भावना र दैनन्दिनी जस्ता प्रतिबद्ध कार्यशैलीमा रत छन्– युगौं युग देखि . . . ! हिमाली श्रृंखलाको आसपास देखि नै पसारिएको समतल जस्तो यो लेकाली डाँडो आफ्नो दक्षिणी विसाउनी करीब आठ हज्जार अग्लो गढीमा आई, ढुक्कसित बस्छ र आफ्नो पाउहरू तल तमोर गडतिर पठाउँदै कछार-का घूप र धापलाई हिमाली सन्देश दिन्छ । हाम्रा पुराण–परम्पराको श्रोत-हरू मध्ये एक मानिने सुमेरू पर्वत जस्तो यो गढी यस भेगका जीवन सरिताको सभ्यता र संस्कृतिको मियो हो । गढी भनिने यहांको 'प्राचीन' दुर्गमा तिन ताकको यस ठाउँका युद्ध कौशल, वीरता र साहसको स्थानीय प्रशासन पद्धति को, वनैया राजारानी को, तुक्पा राजा (हाङबा) र रानीले विहार गर्ने वर्नेली को श्री र अद्यापी गाउँलेहरूको अध्यात्म एवम् धार्मिक आस्थाको विन्दु हो, यो चुचुरो । यसले यहाँको अलिखित विविध व्यथाकुथुङग्रो, किवदन्तीहरूको मूक अभिलेखको रूपमा दूरगामी र अन्तर्यामी सूचना र संकेत प्रदान गर्छ–यात्री पुलकित हुन्छ, कवि भावुक । साँझले वास बस्ने बेलामा यस भेगका यस्ता पाताल र गढीहरू घुम्ने स्वप्नील चाहनामा अनायास प्रमलेख हुन्छन्– ती आत्माहरू !

नेपाल– जंगल भित्रका अनेकौं डेगहरू मध्ये एक सुमधुर डेग यो आठ-राइ अलिखित इतिहासको कुनै अवधिमा सुशासन र सुव्यवस्थामा राखी बहु-विध भाषा, संस्कृति, जात जातिहरू र धर्मकर्म पाली राज्य गर्ने आठजना राई राजाहरूले नै तेरो नाम जुराएका रहेछन् क्यार ! ती 'आठराइ' कहाँ गए, पत्तोछैन । तर यो आठराई लिम्बूवान क्षेत्रको यौटा अनमोल नौधि भएछ– सर्व वासिन्दाका लागि मिल्तीको थलो भएछ, वैभिन्य मिश्रित एकता-को फूलदानी भएछ, अनि साझा सभ्यताको प्राकृतिक बाग ! आहा ! यहाँका ती स्कूल जाने नजाने बालाहरू, किसान गोठाला र फुल्लीहरू, घाँसी, दाउरे र कर्मीहरू, शिक्षक र ठूला साना पसलेहरू, ती छोरी, बुहारी र आमाहरू, हाकिम र अफिसरहरू,दाजु र बाबुहरू कोही पेय पसलमा बस्दा,कोही बाटामा हिंड्दा, कोही हिउदे यामका न्याना अगेनाका वरिपरि बस्दा भन्छन्– 'एक-दिन त आउला नि हो यहाँ पनि कुलो, बाटो र विजुली' ए गाँठे' । महान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशावादी ! जीवन प्रतिको मोह, स्थायित्वको अनुराग, रचनात्मकताको पराग भविष्यको आकांक्षा ! तर खै..!

कठै ! त्यहाँ एक समय आयो र जब जिन्दगानीका भावुक र सुकुमार डोरेटाहरूमा यहाँ पनि चटयाङ पड्क्यो, बारूदले यहाँ पनि आफ्नो महिषासुरी हुँकार गर्नु पऱ्यो । तमोर गडतीरका भीर र ओढारहरूमा, लेखाली पातालका गुफाहरूमा, अनि वस्तीवस्तीका छाप्रा, झुप्रा र गोठहरूमा यहाँका सचेत र न्यायप्रेमी इमान्दार विद्यार्थी, शिक्षक र किसानहरूले लुक्नु पऱ्यो, कोही मुङ्लालिनु पऱ्यो । नाहकमा कसैले पिटिनु, कसैले थुनिनु, कसैले डाँडिनु पऱ्यो । ए ! सम्मानित प्रजातन्त्र ! कुण्ठित कर्तृतबाट धेरै सोझासाझा गरीबले मर्नु पऱ्यो अन्यायमा । निदानमा निर्दोष प्रजातन्त्र विपत्तामा एकचोटी फेरि खाल्डामा परेको थियो ।

हो यसरी प्रजातन्त्र, स्वतन्त्रता, जनमुखिभाव र न्यायको बलात्कार भयो– केही रावणहरूबाट यही भयो अहंकार र इर्ष्याको विषवमन । प्रशासन र प्रहरीका गडगडाहटहरू यहीं ब्याप्त भए । विकास ठप भयो, ग्राम सुरक्षा धराशयी, जनजीवन अस्तव्यस्त अनि क्याम्पस र स्कूलहरू सब बन्द । तत्पश्चात नियतगत पारामा सबैलाई 'वाम' भनी ग्वारान गरियो र अनेक कपटी मुद्दा लगाइए आखिर भागेका र थुनिएका त छँदैथिए ।

यस्ता कुकर्महरू पछिल्ला पीडीका दुर्योधनहरूबाट पनि गरिदा गरिंदा बामेको विपुल शक्ति सर्वत्र व्याप्त भयो र सचेत संघर्षमा सबै सक्रिय भए । यो कुरा यस जमातलाई सर्वत्रबाट पाएको सहानुभूति, सहयोग र यसले हासिल गरेका विजयहरूबाट स्पष्ट भएको छ । अनित: तथाकथितहरूको राजनैतिक दुराकांक्षा सदाकोलागि अस्त भयो । परिणामत: नेपाली राष्ट्रिय महाआन्दोलनमा राष्ट्रिय संयुक्तिको स्प्रिट अनुरूप त्यहाँ बामे (माले) को भूमिका प्रशम्सनीय रह्यो ।

अब आँत्तिएका र क्षुब्ध हिनताहरू कहाँ जाने ? आफ्ना परम्परागत पराजयका प्रतिशोध मूलक प्रवृत्ति पोख्ने तरिका के हो ? 'वेनामे' उजुर र निराधार चरित्र हत्याका स्वयंमा आत्म पिडित दुष्प्रयाशहरू दुर्बुद्धिको दिमागमा उत्तर ठीक जंच्यो । यसरी अधोमुखी 'वेनामे'हरूको दशकौं लामो पुर्ख्यौंली अक्षुण्ण हुन पुग्यो कसरी भने जसरी मिल्टन विरचित प्रसिद्ध 'शैतान'को चरित्र युगौंपछि गएर जुडास र अन्यान्यमा पुन देखिन पुगेको छ – कठै ! प्रकृतिलाई आफ्ना संस्कृतिले सिंगार्ने संरक्षण गर्ने र ईश्वरको पनि स्मृति गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षमता भएको निर्णयशील मान्छे आफ्ना हिंसा-जन्य विकृतिले प्रकृति र संस्कृतिको अनि आफ्ना अन्त सक्किसा भित्र कुजिरहने विध्य गीत सबैतर्को चिलिम् फर्काइस्–एकैछाकमा !

तर यौटा कुरा स्मरणीय के छ भने ती लामा अन्तरालका दर्मियानमा स्वस्थ राजनैतिक चरित्र भएका 'सभ्य' हरू पनि थिए र तिनै प्रदुषणहरूभित्र यसै टोलिएर अलमलिएका थिए । तिनीहरूले पनि आफ्नो भूमिका गत महा आन्दोलनमा राम्रोसित खेलेकानै थिए ।

जेहोस्, यो सब अवधिमा जनताले व्यापक दुःख पाए पनि आखिरमा प्रजातन्त्र र प्रगतिशील एवम जनमुखी भावनाले विजय गरि छाड्यो । प्रशासन र पुलिससित गोप्य साँठ गाँठ गरी, गित लगाई षड्यन्त्र गर्दा राजनैतिक विकास हुँदैन र वास्तवमा राजनीति जनतासित हुन्छ भन्ने कुरा प्रमाणित भयो । 'बेनामे' चोरहरू स्वतः समाजबाट वहिष्कृत भए, तिनीहरूको मुखमा बलेको मूढो कोचियो । हमक, दमक र षड्यन्त्रको पराजय भयो अनि अन्ततवगत्वा यहाँको जनमुखी मुक्ति– संघर्षको पूर्ण विजय ।

तर आठराइ ! मलाई यौटा चिन्ताको विषय के छ भने त्यसरी स्वयं मा नख-दन्त–गलित ,बेनामे' अविभावकहरू (आखीर कसैका त अविभावक होलान्) ले कति महान् नयाँ पीढिको तयारी गुर्लान् ? समूच्चा मानव संस्कृतिलाई हाँकदिने प्रश्न भनौं भने जस्तो ! किनभने यस्तो नीति र चाल यहाँ करीव दुई अढाई दसकदेखि चलि आएको छ र प्रत्येक ५।७ वर्षमा परास्त अघिल्लो पुस्ताले, आफू जस्तै आज्ञाकारी हिमायती प्रतिशोधमा पोख्त र भरपर्दो उत्तराधिकारी नियुक्त गर्दै आएको छ र आफू 'बेचैनी चैन' मा आफ्ना उस्तै अग्रजसित विविध व्यसनमा व्यस्त ! अनि यसरी नै मलीनतोन्मुख, पतनोन्मुख र पराश्रयी बम्लठ र बुलादाहरूको संख्यामा 'आशा लाग्दो' वृद्धिछ ।

भँगो यीं तिक्तताका कुरा, ती वर्वरताका कुरा अंधेर जंगलका तिनीहरू आफैं पुरिने 'जालीं' खाल्डा का बखान । संसारमा अपराध, निचता कहाँ भएन ? कहाँ छैन ! तर संस्कृतिको स्वाभाविक र अनन्त संघर्ष पापको विरुद्धमा धर्मको लागि नै हो मानव भन्नु नै यस पक्षको सदा संघर्षशील सिपाही हो । किनभने तथाकथित आदर्श देवताले कहिल्यै युद्ध जितेनन् सदापन्थी पुरुषार्थी मानवले मात्र यस्तो युद्ध जित्दै आएको छ । भौतिक परिवेषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथार्थसित साक्षात्कार गरी त्यसलाई कज्याउने यो योद्धा आखिरमा मार्छे न भयो नि ! बस ।

हो ! संस्कृति मीठो चीज हो, कल्याणकारी नीधि मानवताको लागि मात्र होइन समूच्चा प्रकृतिको लागि पनि । यसका धेरै पक्ष देखिन्छन् । ती मध्ये संगीत र नृत्यको पनि यहाँ यसको राम्रो हिस्सा छ । कवि शिरोमणि-ज्यूका दुई हरफ–

नाट्यशाला छ आकास नाचने विजुली नटी
ताल दिन्छ तबल्ची भैं मेघ धाकिटी धाकिटी

आह ! कल्पना गरौं.... । यो धर्ती याम यामका विभिन्न वेसभूषामा कम्मर मर्काएर ढल्किएर नाची नाची आफ्नो दैनन्दिनी र वार्षिक चयन गर्छ । आकासी प्रदेशमा बादलु परि, अप्सरा र गन्धर्व-हरू किरण, रंग र वायुसित लुकामारी र नाचगान गर्छन् । खोला, खहरे, ताल, नदी र समुद्रमा रंगदार तरंग र उदात्त छालहरूका केलीहरू कति सजीव, सुन्दर र सम्वेदनशील हुन्छन् । झार जंगल र बाग बगैंचामा पात र फूलका क्या मीठो ताल र चाल हुन्छ नृत्यको ! तम्सिएको तांडव नृत्य र लहस्सिएको लाश्य यो सृष्टिको कुन पाटामा, कुन क्षेत्रमा, कुन खोपीमा केही छैन ! आहा ! आठराइलीं ती मेला पर्वको सम्झना हुन्छ यहाँ । धान नाच, पालम, जुवारी र दोहोरी, डम्फूसेलो, सँगिनी, वालुन, मारुनी जस्ता नाचगान अनि नर्सिगा, दमाहा, शनै, टयाम्को, कर्नाल, शंख, घण्ट र झ्याम्टा, मादल र बाँसुरी जस्ता कैयौं बाजागाजाका रमझमले चकाचौध भएको व्यापक पहाडी परिवेस जुरुक्क जुरुक्क उठ्छ र यौटा जीवन्त क्षणको उपभोग र संचालन हुन्छ परिस्थिति र मनस्थितिमा नचगान सकिन्छ । तर जीवनका क्रीडाहरू अगाडि बढ्छन् कोदाली, हलो र हँसिय हरूमा घसिन्छ अनि पसि-नाका थोपामा निर्वाध प्रतिविम्बित हुन्छन् । र सिर्जनाका शैशवले धडकन पाउँछन् ।

'उग्रवादी' वामे र मृतकथा भनी गालि गरिएको कठै आठराइ तँ तिनताकका 'उपर्वालेको' कुदृष्टि परेको छंदो संधैं टाक्सिएर बस्नु पऱ्यो । १४ । १५ कोश टाढाको सदर मुकामदेखि पनि अवहेलित रहेकाले मेरो आठ-राइ तँ कुण्ठित रहिस् । तेरा स्थानीय सेवकहरूको रचनात्मक मुर्दाहट र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तङ्जस्थ त्याग तपस्याको कहिल्यै कहींबाट कदर भएन, न ती नयाँ पुराना अगुवा कार्यकर्ता वा समाजसेवीहरूको । तर खुशीको कुरो मेरो आठ आठ-राइ ! अब तँ भएको ठाउँमा तेरा वक्षबक्षमा नयाँ प्रजातन्त्रको उभार पनि आइसकेको छ । काठमाडौंबाट अबको भौगोलिक दुरी घनिष्ट मनस्थिति र न्याय सचेतताको कारणले नजिकिएको महशुस हुन लागेको प्रतीत हुन्छ ।

लौन त उसोभए ! ती किसानहरूलाई सिचाइको पैल होस्, त्यहाँको बाहिरी अन्धकारलाई बिजुलीको उज्यालोले घोइ पखाली गरी आलोकित भित्री संसारसित मिलाउँ । ती उकाली ओरालीमा टेकिने हक्माको सट्टा नव नव विकासका घुम्ती बनाई त्यहाँ चक्का गुडाउँ । न्याय, सेवा र स्वतन्त्रता प्रेमी बाह्ला जस्ता विद्यार्थी र बच्छिउँ (बच्छिम?) जस्ता शिक्षक, सशक्त किसान र मजदुरलाई नबिच्चयाउँ । उद्योग र व्यापारीलाई सहुलियत दिउ । स्नातक सम्म पुगिसकेको क्याम्पसको संरक्षण एवम् विकास गरौं । परम्परागत र आधुनिक कुटीर उद्योगका साथै शीप र पेशालाई संरक्षण, संवर्धन गर्दै प्रोत्साहन दिउँ । अभिभावक, नारी, विद्वान र जनसेवीहरूको कदर र सहयोग गर्ने अनि सत्यको सेवा गर्ने त्यहाँको मौलिकतामा नूतन सिञ्चन सलिलाको मुहान फिकाउँ । आजको अभीष्ट मानिएको नयाँ नेपालको नवीन संस्कृतिको प्रस्फुटन भएको त्यहाँको वातावरणलाई पनि सहयोग पुऱ्याउँ – ए ! प्रजातन्त्र ! तेरो आगमनलाई स्वागत छ ! धन्य मेरो आठराइ !

चुहान डाडा
१ वैशाख २०४७

श्री ५ बडामहारानी सरकारको
दीर्घायु होस् ।

नेपाल बैंक लिमिटेड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं माने म, म अर्थात्...

तेजप्रकाश श्रेष्ठ

'म' शब्दमा आत्मगौरव लुकेको हुन्छ । 'म' शब्दलाई संस्कृतमा 'अहं' भनिन्छ । संस्कृत भाषामा एकातर्फ 'अहं' शब्दले नेपाली शब्द 'म' भन्ने बुझाउँछ भने अर्कोतर्फ 'अहं' शब्दले अहंकार वा घमण्ड पनि जनाउँछ । 'म' भन्नाले आत्मगौरवको अनुभव हुने भएकोले नै हुनसक्छ 'म' शब्दमा अहंकार पनि लुकेको पाइन्छ । आफूले आफूलाई 'म' भन्न पाउँदा कम स्व भिमान झल्कन्छ त ! आफूले आफूलाई पूर्णत्व सम्झन सक्नु नै स्वाभिमानमा अडन सक्नु हो । कसैसँग झुक्न नखोज्नु हो । कसैको दया र मायामा बाँच्न नखोज्नु हो । प्रत्येक आत्मामा 'अहं' अर्थात् स्वाभिमान नितान्त आवश्यक पनि छ । यो नभएमा मानिस मानिस नै बन्न सक्दैन ।

तर 'अहं' लाई स्वाभिमानको अर्थमा मात्र अगाल्न सक्नुपर्छ । अहंकार वा फाल्तु घमण्डको अर्थमा अंगाल्न खोजिएमा अर्थको अनर्थ हुन बेर माग्दैन । स्वाभिमानी व्यक्ति जिउँदो बाँच्छ तर अहंकारी व्यक्ति जिउँदो मर्दछ । अतः 'अहं' वा 'म' को अर्थ अहंकार होइन स्वाभिमान हो । मेरो धारणा यस्तै छ ।

'म' शब्द आफैमा पूर्णत्व ग्रहण गरेर फैलिएको छ । वेदमा 'अहं ब्रम्ह' भनेर अहं (म) को महिमा स्पष्ट पारेको पाइन्छ । 'म' को विराट परिभाषा छ । गीतामा भनिएको छ–

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहंहुतम् ।।

अर्थात्

म हूँ क्रतु, म हूँ यज्ञ, स्वधा हूँ औषधी म हूँ
म हूँ मन्त्र, म हूँ आज्य, म हूँ अग्नि म होम हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'म' धेरै शब्दमा विभाजित हुन सक्छ । 'म' लाई मैले नै सम्बोधन गर्नुपर्दा 'म' नै भन्नु पर्छ । आमाबाले मलाई बोलाउनु हुँदा 'छोरा', दाई र दिदीहरूले बोलाउँदा 'भाई', भाई र बहिनीले बोलाउँदा 'दाई', यस्तै प्रकार भतिजा, काका, मामा, बाजे, नाती, भान्जा, ज्वाईं, जेठान, साला, भिनाज्यू, बुबा आदि आदि अनगिन्ती नामबाट बोलाउनु पर्ने हुन्छ । तर अनगिन्ती नामहरूले आफैले संबोधन गर्नु पर्दा पनि 'म' नै भन्नु पर्ने हुन्छ । त्यसैले 'म' शब्द अनन्त छ । 'म' को गाँठो फुकाउन खोज्दा यस विषयमा महाभारतजस्ता विराट ग्रन्थ समेत सृजना भैसकेका छन् ।

अतः म यसतर्फ अल्झन चाहन्न । 'म' लाई समेटेर सजिलोको लागि मेरा आमाबाले मलाई 'तेज' भनेर सम्बोधन गर्नु हुन्छ । मैले पनि 'म' को हूँ भनेर जान्न चाहेमा सजिलैसँग म तेज हुँ भनेर चित्त बुझाउन सक्छु । र अरू जो कोहीले पनि मलाई 'तेज' भनेर चिन्न सजिलो पर्न गएको छ ।

वास्तवमा 'तेज' मलाई आमाले दिनु भएको हो । हुन त मलाई जन्म पनि आमाले नै दिनु भएको हो विक्रमको विसौं शताब्दीको समाप्तिको लगत्तै अर्थात् एक्काइसौं शदिको मिर्मिरे विहानीमा । तिथिले शुक्ल पक्ष भए तापनि नेपालमा राणकालीन कृष्ण पक्षको उत्तरार्ध थियो । नेपाली जनता बिउँझन चलमलाई सकेका थिए । भनौं सूर्योदयको पूर्वाभास भैसकेको थियो । त्यसैले आमाले आफ्नै नाम मलाई सापटी दिनु भएको थियो । अर्थात् आमाको नाम पनि 'तेज' बाटै प्रारम्भ हुन्छ– 'तेजकुमारी' । त्यही आमाको 'तेज' लाई चारैतिर फैलाउने जिम्मा लगाउनु भएको हो । अत: आमाको तेजलाई मैले फैलाउनु छ, प्रज्वलित पार्नु छ ।

जननी र जन्म भूमिको समान मर्यादा हुन्छ । जननी र जन्मभूमि दुवै आमा हुन् । श्रद्धेय आमा! 'ममतामयी आमा'! आमाको लागि वीर नेपालीले कहिल्यै पिठ्यूँ फर्काएको छैन । सधैं छाती फुलाएर मातृ र मातृभूमिको रक्षाको लागि अग्रसर भएका छन् । आमाको गौरव गाथा चम्काएका छन् । मातृभूमिमा कालो बादल मडारिन खोज्दा आफ्नो ज्यानको आहुति दिएर पनि आमाको अनुहार प्रफुल्लित पार्न पछि परेका छैनन् । गत बिगतका जन आन्दोलनहरू नै यस्का साक्षी छन् । देशमा दोश्रो पटक पनि प्रजातान्त्रिक घाम झुल्किसकेको छ । यही आमाको 'तेज' चम्काउने अभिभारा बोकाउनु भै मेरा बुबाले मेरो नाममा 'प्रकाश' थपिदिनु हुँदा तेजप्रकाश हुन पुगेको छ ।

तेजको अर्थ हो 'शक्ति' र प्रकाशको अर्थ हो 'उज्यालो' अर्थात् सम्पूर्ण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा भन्दा शक्तिलाई उज्यालोमा पुराउनु । शक्तिलाई दुरूपयोग हुनबाट बचाएर वा शक्तिलाई निरर्थकताबाट अलग्याएर शक्तिलाई सृजनात्मकतातिर डोऱ्याउनु भन्ने अभिप्राय प्रष्ट् हुन आउँछ । त्यसैले 'तेजप्रकाश' मा सृजनात्मकता अल्झिएको छ । मलाई भन्न मन लाग्छ 'सम्पूर्ण भूतको जान मैं सनातन बीज हूँ, बुद्धिमानको म हूँ बुद्धि, तेजस्वीको म तेज हूँ' । (गीता) तर वास्तवमा नाम अनुरुप मैले त्यो सृजनात्मकता कत्तिको निर्वाह गर्न सकूँला, त्यो यत्ति बेलै भन्न कठीन छ । अझ खास भन्ने हो भने म आफैंले भन्न सक्ने कुरा पनि होइन । म त एउटा साधक मात्र हूँ । प्रयत्न गर्नु मेरो कर्तव्य हो । प्रयत्न गर्दै रहेको छु र गर्दै रहने छु ।

'तेज' बाट प्रारम्भ हुने नामको बाहुल्य रहे तापनि 'तेजप्रकाश' विरलै मात्र सुनिने नाम हो । औंला मैं गन्न पनि पुग्दैन । आजसम्म म बाहेक करिब छ सात जनाको मात्रै यो नाम सुनेको छु । त्यसैले म ढुक्क हुन खोज्छु आफ्नै नामसंग अल्झनु पर्ने अवस्था पर्न आउने छैन । अझ तेजप्रकाश श्रेष्ठ त अहिले सम्म म मात्रै छु जस्तो लाग्थ्यो । तर हैन रहेछ, अर्को एक जनाको 'तेजप्रकाश श्रेष्ठ' भन्ने नाम भेट्टाएको छु । त्यो तेजप्रकाश श्रेष्ठ त जड्याँहा पो रहेछ, । गोरखापत्रको नगर समाचारमा छापिएको थियो— प्रहरीले कार्वाही गरेको कुरा ! भोलिपल्ट सबै साथीले मलाई आँखा तर्न थाले । कतिलाई स्पष्टिकरण दिने । धन्य ! त्यस तेजप्रकाश श्रेष्ठ को ठेगाना अन्तै रहेछ र पो, आफू बचियो । नत्र वित्यास परेको ! सायद अरू पनि होलान् आफूलाई भने यसभन्दा बढी थाहा भएको छैन ।

'तेजप्रकाश' मा अब 'श्रेष्ठ' पनि थपिन पुगेको छ । 'श्रेष्ठ' मेरो थर हो । बाबु बराजुदेखि चल्दै आएको थर ! नेवार जातिको एउटा थर । नेपालमा नेवारको समुदाय ठूलै छ । ब्राह्मणदेखि च्यामे, पोडेसम्म नै यस समूदाय भित्र पर्दछन् । इतिहास साक्षी छ— राजा जयस्थिति मल्लले काम अनुसारको थर विभाजन गरेका थिए । सम्भवतः त्यही समयमा पुरोहित्याई काम गर्ने थर ब्राह्मण कहलिए भने बन्दव्यापार र महाजनी जस्ता श्रेष्ठ काममा संलग्न समुदाय 'श्रेष्ठ' भनिन थाल्यो । अथवा हुन सक्छ संस्कृत भाषामा महाजन वा साहुलाई श्रेष्ठी भनिन्छ । त्यही महाजनी काम गर्नेलाई 'श्रेष्ठी' भन्दाभन्दै पछि श्रेष्ठ थर नै हुन गएको हो । हिजो आज उच्च निम्नको विभेद हट्दै गएपनि त्यतिखेर 'श्रेष्ठ' थरलाई एउटा उच्च थरको मान्यता दिएको पाइन्छ । त्यसमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य विभाजन अनुसार 'श्रेष्ठ' थरमा दुई श्रेणी छुट्टिइ ६ थरी र ५ थरीमा विभाजन हुन पुग्यो । अनि ६ थरी श्रेष्ठहरू आफूलाई सर्वमध्ये उच्च ठान्न थाले । ६ थरी श्रेष्ठहरूमा मल्ल, प्रधान, अमात्य, कर्माचार्य, जोशी, श्रेष्ठ आदि पर्दारहेछन् । त्यस मध्ये हामी मल्ल बंशका रहेछौं । बुबा भन्नु हुन्छ– हाम्रो पूर्खा 'झङ्ग ठकु' हुन् । सायद वि. सं १७७० मा कान्तिपुरका चौतारा बनेका 'झंगल ठकुल' 'नै झङ्ग ठकु' हुन् कि, जो प्रताप मल्लका सन्तान थिए । राजवंश भएकाले मल्लहरू आफूलाई ठकुरी (ठकुल) मान्दछन् । ठकुरीलाई नेपालभाषामा 'ठकु' भनिने भएकोले झङ्ग ठकुको वंशजको नाताले हामीले पनि 'ठकु' वा मल्ल लेख्नु पर्ने हो । तर सजिलोको लागि ब्राह्मणहरूले विभिन्न थरको सट्टा शर्मा वा उपाध्याय लेखे जस्तै मल्लको सट्टा 'श्रेष्ठ' लेख्ने गरिएको बुझिन्छ । अब मेरो थरनाम 'श्रेष्ठ' बनिसकेको छ ।

अब म निर्धक्कसंग भन्न सक्छु मेरो सन्दर्भमा 'म' भनेको 'तेजप्रकाश श्रेष्ठ' हो । यो मेरो औपचारिक नाम हो । न्वारानको दिनमा ब्राह्मण (पुरोहित) ले खुसुक्क मेरो कानमा भनेको शब्द 'तेज' । त्यसैले यो नाम मेरो जातः (नेपाल भाषामा) अर्थात् चिन्हामा अङ्कित भएको नाम हो । (मेरो चिन्हा २०१३ साल मै चोरीभै सकेकोले मसंग छैन) । चिन्हामा अंकित नाम गोप्य राखिनु पर्छ भन्ने परम्परा छ, प्रायः सबैजना आफ्नो चिन्हाको नाम गोप्य नै राख्ने गर्छन् । त्यसैले बालककालमा बाआमाले मलाई 'जगन्नाथ' भनेर बोलाउने गर्नु हुन्थ्यो । त्यो नाम धेरै पछिसम्म पनि कायम रहेको थियो । चार कक्षासम्म त विद्यालयमा पनि 'जगन्नाथ' कै नामबाट अध्ययन गर्थे । तर पछि पाँचौं कक्षादेखि मैले आफूलाई 'तेजप्रकाश श्रेष्ठ' कै नामबाट चिनाउन थालें । अहिले पनि कुनै कुनै पुराना साथीहरू र केही नातेदारहरू जगन्नाथकै नामबाट बोलाउँछन् । 'जगन्नाथ' भनेर हाल मलाई कसैले सम्बोधन गरेमा म पूनः बाल्यकालमा पुगेको मीठो अनुभव गर्न पुग्छ । अहिले 'जगन्नाथ' भनी मलाई बोलाउनेहरू नगन्य नै छन् । त्यसैले 'तेजप्रकाश' नामले नै 'म' लाई ढाकिसकेको छ । अतः मलाई यहाँ भन्न मन लाग्छ 'अहं' माने 'म'; म अर्थात् 'तेजप्रकाश श्रेष्ठ' ।

२०४७ वैशाख ५
लोकसदन, कुलेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोटर चढ्ने रहर

घटराज भट्टराई

२०१६ साल चैत-केही जान्ने र बुझ्ने उत्सुकता बोकेर आमा बाबुको छोरालाई ठूलो मान्छे बनाउने चाहना पूरा गर्न सगरमाथाको काख, पहाडको एक रमणीय गाउँ जन्मस्थल सेर्नाबाट एक जना साथी लिएर काठमाडौं तिर प्रस्थान गरेथें । त्यसबेला हवाइ जहाज, मोटर जस्ता यातायातका सुविधा त्यहाँ थिएनन् । पूरापुर पैदल हिंडेर ७।८ दिन लगाएर काठमाडौं आउनु पर्थ्यो । त्यो यात्रा सजिलो थिएन त्यसमा पनि आफू जन्मेको हुर्केको ठाउँ र त्यहाँका साथी संगीलाई चटक्क छाडेर हिड्नु निकै साहसको विषय थियो । बाबु, आमा, दिदी, फुपू, बहिनी, भाइहरूको माया ममता त छँदै थियो । हिंडेपछि फेरि कहिले फर्कने निश्चित थिएन । त्यसमा पनि काठमाडौं-को जाडो, बसोबासको समस्या, ५ पैसाको भटमास खाएर बाँच्नु पर्छ, त्यहाँ त छोरा छोरीले बाबुआमालाई समेत देखाइ देखाई केही नदिई खाने गर्छन् । भात पकाउन दाउराको त्यतिकै समस्या छ भनेर काठमाडौं देखेर फर्केकाहरू-बाट सुन्दा मनमा झन् त्रास थपिन्थ्यो । तर भित्री साहसले यी समस्या केही होइनन् जसरी त्यहाँका मानिस बसेका छन् त्यसरी नै बसौंला केको पीर भिन्दै प्रस्थान गरेथें ।

जेठो छोरो मायाको पोकोलाई विदा गर्दा आमा निकै पिरिनु भयो । बुबा चाँहि देखे जानेका पढेका हुनुहुँदा चित्त बुझाउने प्रयास गर्नु हुन्थ्यो । त्यस बेला बाटाखर्च र खाइखर्च जम्मा ५० रुपियाँ साथमा लिएर जन्मस्थल छोडेथें । छोराछोरीका लागि भनेर बुवाले निकै खेत, बारी र भीरपाखा जोडि दिनु भएको थियो । बाँस घाँसको पनि कमी थिएन । पशुपालन र खेती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाती गर्ने व्यवस्था चलाउन कुनै कठिनाई थिएन । के खाउँ के लाउँ थिएन । त्यस ठाउँको बाक्ने मध्ये परिवार मध्ये नै हामी पथ्र्यौं । समय अनुसार मन्न जान्ने बुझ्ने हुन त्यो ठाउँ पर्याप्त नभएर नै म सहरतर्फ लागेथें । हिड्ने बेलामा बुवाले एघार पास बुझाएर बहिदार नौसिन्दा जे पाइन्छ खाई जिल्ला तर्फ आउनु भन्ने आज्ञा भएथ्यो - जे त हुन्छ हेरौं भनेर सहासिलो बनेको-घटना म अहिले पनि झलझली सम्झन्छु ।

पहिलो दिन विहानैको साइतमा प्रस्थान गर्दा रिम रिम थियो । सिर्ती थुकीबाट १५ मिनेट मै ओरालो सकेर सेर्ने खोला तरेर उकालो लाग्दा पूर्वतर्फ लाली बढ्दै गएथ्यो । सूर्यले बिस्तारै उदयाचलबाट टाउको उठाएथे । मनमा एक प्रकारको उत्साह र आँट थियो दुःख पाए पनि समस्यासँग जुध्नु परेपनि, जन्मस्थलको मायाममताले ताने पनि पछाडि फर्कन मन लागेन । काठमाडौं कस्तो होला र केही गरेरै देखाउँला भन्ने सहास नै साथ थियो । १५-१६ वर्षको किशोरमा यस्तो आँट देख्ता अहिले पनि मलाई एक प्रकारको आश्चर्य लाग्छ । पौडी खेल्ने गरेको खोलो मानो आफ्नो सँगीको विरहमा सुक्क सुक्क गरि रहेको अनुभव हुन्थ्यो । छहरे (कोइराला गाउँ) को उकालो पार गर्दै हामी तेर्सियौं । बाँसघारी, खर बारी, भीर पाखाहरूका बीचको बाटोबाट पखे देउराली आइपुग्दा सूर्य उदाइ सकेका थिए । आफूले प्राथमिक शिक्षा पाएको देउराली स्थित विद्यालय गुरु, साथीहरूको सद्भावलाई सम्झना गर्दै हामी ओरालो लाग्यौं । ठाटी खोला तरेर शतभाटेको चौतारामा एक छिन विश्राम गरी छेरूवा, बसेरी, सिम्ले जस्ता गाउँहरूको रमणीय दृश्यको अवलोकन निकै रमाइलो प्रदान गरिरहेथ्यो । पहाड भत्काएर बढाउँ फैलदै बगेको खार्ते खोलो तरेर डडुवाको उकालो विस्तारै चढ्यौं । एक घण्टासम्म उकालो चढ्दा पनि सकिएन । शरीर थकित बन्यो । आमाले पोको पारिदिएको खाजा खाएर अगाडि बढ्दै गयौं । माभरवा मेरो मामाली हो । त्यहाँका वासिन्दा पोखरेल मामा खलकहरू नेपाली साहित्यको प्राथमिक कालका रघुनाथ पोखरयाल जो रामायणका पहिला नेपाली स्रष्टा कवि मानिन्छन्'- यही जन्मेथे । उनको जन्मस्थल साधना स्थल माभखा धन्य छ । माभखाको शिर देखि पुछारसम्म दृष्टि घुमाएर हामी ठोट्ने खोलातिर ओर्लन्छौं । ठोट्ने खोला आफ्नो बहादुरी देखाउँदै बगिरहेछ तर चैत लागेको हुँदा सम्पत्ति र बलबुता सकिएको वृद्ध जस्तै बनेको अनुभव हुन्छ । खोला तरेर उकालो लागे पछि आधाघण्टामा हामी रूम्जाटार पुग्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुम्जाटार, निकै रमाइलो ठाउँ हो। यो मैदान परेको छ। यसको शिर तिर सानो टार र पुछारतिर पाखुँ छ। यहाँ गुरुङ जातिको बस्ती छ। राडी पाखी बुन्ने उद्योग यहाँका बासिन्दाले गर्ने गर्छन्। यहाँका खाइलाग्दा गुरुङ-सेनीले बटुवाहरूको दृष्टि खिच्छन्। सुन्तला खेती पनि यहाँ निकै हुन्छ। त्यस क्षेत्रको तुलनामा यो एक सहर हो। यहाँ पसलहरू पनि छन्। यस्तो ठाउँको रमाइलो वातावरण तिर दृष्टि घुमाउँदै सिरने खोला तरेर उकालो लाग्छौं। उकालोले निकै थकाउँछ। जति अत्याए पनि हार नखाने आफ्नो उद्देश्यमा अटल हामीले उकालो पार गरेर छाड्यौं। ओखल ढुङ्गा बजार आइ पुग्छौं। ओखल ढुङ्गा बजार अग्लो डाडामा रहेको छ। यो बजार दुई तिर घना रूप-मा विकसित छ। यहाँबाट चारैतिरका गाउँ पहाडी दृश्य र प्राकृतिक स्थिति को अवलोकन गर्न पाउँदा निकै आनन्दको अनुभव हुन्छ। मध्यकालमा भीमल काजी फौजसहित यहाँ पुग्दा बस्ती थिएन। खानका लागि पनि समस्या परेको थियो। एउटा ढुंगालाई ओखल बनाएर धान कुटेर खाना खाएको हुनाले यस ठाउँको नाम ओखल ढुङ्गा रहन गएको किवदन्ती छ। ओखल ढुङ्गा यस ठाउँको नामबाटै जिल्लाको नाउँ रहेको छ कवि सिद्धिचरणले मेरो प्यारो ओखल ढुङ्गा भनेर यहाँको प्राकृतिक स्थितिको वर्णन गरेको पनि म सम्झन पुग्छु। त्यहाँको इतिहास सम्झदै, प्राकृतिक दृश्य नियाल्दै रिमरिम साँझ हुँदा हामी बुङनाम पुगेर एक छाप्रामा बास बस्छौं।

दिनभरीको थकाइले रात बितेको पत्तै हुँदैन। बिउझदा बिहानको रिमरिम भइसकेको हुन्छ। उठेर ओरालो लाग्छौं। भीरालो पखेरो भएपनि घोडेटो बाटो ओर्लदै गर्दा अगाडि रामपुर देखापर्छ। यो पनि समथर परेको सुन्दर ठाउँ अनुभव हुन्छ। केही बेर पछि गोलुङ खोलामा पुग्छौं त्यहाँ नित्य कर्म सकेर खाजा खाई कटुञ्जेको उकालो रहन थाल्छौं। त्यहीबाट पारि जरायाटार देखिन्छ। यहाँ कालान्तरमा बेली र चमेली नामका दुई सुन्दरी दिनभर देखापर्ने, ठिटाहरूलाई फकाएर कुलो खान लगाउने र राती अलप हुने गरी कुलो खनी जरायाटारलाई आवादी गरेको एतिहासिक किवदन्ती छ। विकास गर्ने चाहना बोकेर आउने ती सुन्दरीका कथा लेखिन बाँकी नै छन् जस्तो लाग्छ।

कटुन्जेको उकालो चढ्दा चढ्दा कहिल्यै सकिँदैन, जति थकाई लागे-पनि जति कठिनाइ भएपनि नयाँ नयाँ दृश्यले उत्साह थपिरहेछन्। कलकल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थगेको ठाउँ ठाउँका ढुङ्गेधाराको पानी पिउदै हामी अगाडि बढ्छौं । त्यस-बेला काठमाडौंलाई त्यतातर्फ नेपाल भन्ने गरिन्थ्यो । नेपाल जाने मानिसहरू भेटिन थालेका थिए । कुनै भारी बोकेर, कुनै झोला भिरेर, कुनै लौरो टेकेर र कुनै कुम्लो बोकेर, साथीसँगी थपिदै गएकोमा हामीलाई आनन्दै लाग्छ । कटुन्जेको शिरमा पुग्दा जाडो बढ्दै जान्छ, लेकको रमाइलो दृश्य देखापर्छ । बुट्यानयुक्त भीरका बीचमा रहेको बाटो । वरिपरि ढुंग्यान जमीन, बस्ती कम, कुइरोका बीच सरसर हावा चलेको हुँदा मनमा निकै आनन्द आएथ्यो। शिखरबाट देखिने गाउँ भन्ज्याङ, पहाड, वनहरूका अरू दृश्यले मानो हामी अर्को संसारमा प्रवेश गरिरहेका छौं कि भन्ने लाग्थ्यो ।

घाम अस्ताचलतर्फ ओर्लन लाग्दा हामी पनि ओरालिन ओर्लीरहेका हुन्छौं । साँझ पर्न लाग्दा फेदीमा पुग्छौं जहाँ महादेवको स्थान छ- परिक्रमा गरी फूलपाती चढाएर नजीकको एक घरमा बास बस्छौं । दिनभरीको थकाइले सुकुलमा ढल्कने बित्तिकै निद्रा देवीले यसरी अँगालो माछिन्- एकैचोटि ब्युँझदा उज्यालो भइसकेको हुन्छ ।

बिहानै झोला च्यापेर हामी आफ्नो अभियान शुरू गर्छौं, तेर्सो सल्ला-घारी हुँदै सेरा खोला तरेर निगाले पुग्छौं । यहाँ निकै ब क्लो वस्ती छ । खेतावारी पनि उर्वर देखिन्छन् । काठमाडौंबाट आउने जाने मानिसहरू पनि बाटामा अरू देखिन्छन् । उकालो ओरालो हाम्रा साथी छन् एक न एकको आश्रय लिनैपर्छ- अरू उपाय छैन । कूवापानी निगालेको तेर्सो पारगर्दै कुवा-पानीको ओरालो ओर्लन थाल्छौं । त्यहाँबाट फेरि अर्को संसार देखिन्छ लिखु खोला, साघुटार त्यसपछिका विभिन्न पहाड दृश्य र गाउँ जति हेर्‍यो उति हेरिरहु जस्ता- हेर्दै हामी ओरालो ओर्लन्छौं-लिखु खोला आफ्नो प्रभाव जमाउँदै उर्लिरहेछ- पुल तर्ने बित्तिकै सांघुचर बजार देखापर्छ । यो बजार निकै रमाइलो लाग्छ । यहाँका मानिस पनि सहरिया प्रकृतिका छन् पसलहरू घरहरू निकै सफा र राम्रा छन्- यताउति घूमेर रमाइलो अनुभव गर्दै- यहीं बास बस्छौं- तेस्रोबास ।

अर्को दिन रिमरिममानै उठेर उकालो लाग्छौं । उकालो निकै ठाडो छ । सूर्य किरणको प्रभाव नजम्दै उकालो पार गर्छौं, वस्ती, घर, पहाड बन उही दृश्य तर जति हेर्‍यो उति नयाँ- हेर्दै हामी अगाडि बढ्छौं । दिनभर हिंडेर थकित बनि सकेका छौं, साँझ पर्न लागि सकेको छ- तर अचारे बूढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को घरे मन्थलीमा पुगेर खाना खाने र बास बस्ने निधोमा पुग्छौं । काठमाडौं जाने यात्रीहरूसँग गफ गर्दै रमाइला लोककथा र प्राचीन कथा सुन्दै र भन्दै बिस्तारै लड्दै पड्दै बेलुका ८ बजे अचारे बूढी कहाँ पुगेर खानाखाई घरौं बास बस्छौं । साँझ परेकाले सालुडाँडाबाट रमाइलो दृश्य अर्थात् अर्को संसार को अवलोकन गर्न पाएन छौं भन्ने कुरा भोलिपल्ट बिहान यो थाहाभयो ।

मन्थली खहरे जति हिंडेपनि नसकिने कति लामो पट्यारलाग्दो हिड्दा हिड्दा थाकिने पार गरी तामाकोशीको तीरमा चुलाचम्का लगाई बिहानको खाना खाएर ढुङ्गाबाट तामाकोशी तर्दै तेर्सो तेर्सो हुँदै ओलेजरो लाई भीमसेनले खेद्दै ल्याएको कवियुग लामा दलका भनिने ठाउँमा पुग्छौं । १।२ बजेको घामपानीसम्म खान नपाइने उकालो चढ्छौं तर पसीना काटेर तलब दिएर पुण्यका लागि पानी खुवाउन माथि डाँडामा राखिएका भएपनि पानी छैन- चैतको धूप रूखो डाँडो तल निकैतल सुनकोशी उर्लिरहेछ अगाध जल साथमा राखेर मानिस पशु पन्छी एक घुड्को पानी पिउन नपाएर हुक्क हुन लागिरहेछन्- कस्तो अचम्म !

बिस्तारै ओरालो झर्छौं - वरिपरि सतीवयर, सरिफाका झ्याङ्हरू बीचमा रहेको बाटो हिड्दा हिड्दा मूलघाट पुग्छौं । माझीहरूका छाप्रा, जाँडखाने भट्टी दस बीस मानिस देखिन्छन् । ढुङ्गाबाट सुनकोशी तरेर हामी उकालो लागेर तेर्सो बाटो नै जाने भनेर तेर्सिन्छौं । सुनकोशीको तीरतीर केहीपर गए पछि देख्तै डरलाग्दो पहरोबाट हिंड्नु पर्छ त्यहाँबाट खसेदेखि सुनकोशीमा ड्वाम्म हुने, जीवनको इतिहास टुंगिने, बाँचेर पार गर्न निकै कठिन' न राम्रो टेक्ने ठाउँछ न समाउने, हामीले इष्टदेव इष्टदेवीको सम्झना गर्‍यौं पहरो सकुशल पार गरेपछि हामीले विश्व विजय गरेको अनुभव गर्‍यौं । साँझ पर्न लागेको छ थकाइको सीमा छैन- हतार हतार स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै हामी मूलकोट पुगेर बास बस्छौं पाचौं बास ।

बिहान उठेर हामी दुम्जातिर लाग्छौं, जहाँ रोशीखोला सुनकोशीसंग मिलेको छ । कुलेश्वर महादेवको स्थान यही छ जो पौराणिक महात्वको छ । त्यहाँबाट बिहानको खाना खाएर हामी रोशी खोलो तरेर दिन भरीको यात्रा शुरू गर्छौं ।

काठमाडौं आउन यो खोलो पार गर्नै पर्ने तर वटुवाहरूलाई लुटेर, मारेर चोरी डकैती गर्ने थलोका रूपमा पनि यो कुख्यात रहेको छ । जे भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यो बाटो पार गर्नु नै छ । मनमा भय र आशङ्का बोकेर बाङ्गो टिङ्गो बनेर बहेको रोशी खोलो ठाउँ ठाउँ तर्दै पानी पिउँदै साँझमा चरङ्गे फेदी आइपुग्छौं र छैठौं बास बस्छौं ।

बिहान सबेरै उठेर चरंगेगाउँ पार गर्दै उकालो लाग्छौं उकालो निकै ठाडो छ– जे भएर पनि नहिँडी सुख छैन– काली कुदा आइपुगेर बिहानको खाना खाई दाप्चा हुँदै अगाडि बढ्छौं । झिगटीका छाना, पाका ईंटबाट बनेका घर, बाक्लो झुरूप्पा वस्ती देखिन थाल्छ– यसबाट सहरको सङ्केत पाइए पनि काठमाडौं अझैं देखिएको छैन । आउन लाग्यो आउन लाग्यो मात्रै हाम्रा सात दिन बितिसके । दिनको १०।१२ कोशका दरले हिंड्दा पनि आइ पुगिएको छैन । नयाँ नयाँ वस्ती र दृश्यले थकाइ लागेपनि पट्यार लागेको छैन, सहर पुग्ने, मोटर हेर्ने र चढ्ने रहरले पनि त्यसबेला काम गरेको छ । मोटर कुनै जीव होइन प्राण छैन तर मानिसलाई बोकेर छिटो छिटो पुग्न चाहेको ठाउँमा पुऱ्याइदिन्छ भन्ने सुन्दा अश्चर्य लाग्थ्यो । बनेपा पुगेपछि मोटर हेर्न र चढ्न पाइन्छ भन्ने सुन्दा त्यो क्षण नजिक आएकोमा हर्ष पनि थियो । अब हाम्रा पाइला निकै अगाडि बढ्न थालेका थिए । धुलिखेल सहर देखियो, बनेपा सहर आइपुग्यो । सहर भनेको यस्तै रहेछ भनेर निश्चय भयो त्यही एउटा अजीव वस्तु देखियो– त्यही रहेछ मोटर– थोत्रो मिनिबस त्यसंमा चढेर नेपाल (काठमाडौं) आयौं, मोटर चढ्ने रहर पुरा गरेर ।

विजया दशमी एवं दिपावली २०४७ को
हार्दिक शुभ-कामना
व्यक्त गर्दछौं ।

सिरूवा कन्स्ट्रक्सन कम्पनी (प्रा.) लि.
२१/२४५ डिल्ली बजार, काठमाडौं, नेपाल

विजया दशमी एवं दिपावली २०४७ को
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

सन्तोषी निर्माण सेवा (प्रा.) लि.
२/१६ क्षेत्रपुर, भरतपुर, चितवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मखुण्डो राजनीति

रामकुमार पाँडे

प्रत्येक नेपाली नागरिकलाई मखुण्डो लगाउने, फेर्ने वा झार्ने मौलिक अधिकार छ। प्रजातान्त्रिक मात्र हैन कुनै पनि व्यवस्थामा मखुण्डो फेरफार गर्ने वा छान्ने मौका यसरी नै प्राप्त हुन्छ जसरी कुनै अनुहारमा कालोमोसो दलिएको वा कुनै नाक काटिएको मान्छेलाई मखुण्डो भिर्ने वित्तिकै नयाँ रूप-रङ्ग प्राप्त हुन्छ। मखुण्डोको सर्वप्रथम प्रयोग जसले गरे पनि सबभन्दा अन्तिम प्रयोग राजनीतिज्ञहरूले गरेका छन्। पुरानो प्रणालीमा प्रतिकार समितिमा बस्ने नै मखुण्डो फेर्नमा पहिलो पंक्तिमा बसे र ठूला मखुण्डाले स-साना मखुण्डाको जमात साथ नयाँ मखुण्डो फेरे। मखुण्डो फेर्न नसक्नेहरू पनि फेर्ने सुरसारमा छन्। सर्वप्रथम मखुण्डो फेर्न नसकेकोमा कुनै कुनै नेतालाई खल्लो लागेको छ भने कुनै कुनै मखुण्डो फेर्दा मुखको मोसो देखिएला भनेर ढाकछोप गर्न तयारीमा लागेका छन्। मखुण्डो फेर्ने मौलिक अधिकार प्रयोग गर्न पाइने सबभन्दा वेश व्यवस्था प्रजातन्त्र हो। हुन त मखुण्डो फेर्ने हतपतमा कसै-कसैले नेताको मखुण्डो लगाए भन्दा गधाको लगाउन नपुगेको हैन। कसैले जनप्रतिनिधिको मखुण्डो भन्दै लगाउँदा जनावरको लगाउन पुगे पनि मखुण्डो लगाई सकेपछि आफ्नो अनुहार आफैंले नदेख्ने हुँदा स्यालकै मखुण्डो लगाउनेले पनि सिंह समान नठान्ने हैन। ऐना हेर्ने काम कुनै पार्टीका नेताले हतपती नगर्ने हुँदा आफ्नो साक्षात रूप आफूले कहिले देख्ने ? त्यसमाथि पनि अरूले मखुण्डो मान्छेको जस्तो छैन वा प्रजातन्त्रको रूप जस्तो छैन भन्दा त मखुण्डो धारीले बेवास्ता गर्छन् भने आफूले ऐनामा हेर्दा आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप जे जस्तै भए पनि चूप लाग्नु त प्रजातान्त्रिक अधिकार नै हो । विगत व्यवस्थामा मखुण्डो धारण गरी आफूलाई कसैले व्यवस्थामा आस्था राख्नेमा दरे, कसैले साधु विरालाको मखुण्डो लगाइ खलित भरे । पूजा पाइने ठाउँमा देवताको मखुण्डोदेखि भूजा पाइने ठाउँमा कुकुरको मखुण्डो लगाएर हिड्न पाइने परम्परा जस्तो सुकै व्यवस्था आए पनि खाइपाइ आएको मखुण्डोसिद्ध अधिकार कोही घटाउने वाला छैन न कोही हटाउने वाला छ ।

त्यसैले म भन्छु मखुण्डो लगाउनोस् तर लगाउँदा अगाडि पछाडि हेर्नुहोस् र तपाईं जस्तै मखुण्डो लगाउने को को हुन गन्नुहोस् । अन्यथा तपाईंको मखुण्डो फेर्दा सक्कली अनुहार देखिएर त्यसले हानी नोक्सानी हुन सक्छ । जो मखुण्डो पोल्टिक्स गर्छ त्यसले भाग्य भर्छ । मखुण्डो चाहे माथिका मान्छेमा होस् चाहे तलकोमा आखिर मखुण्डो मखुण्डो नै हो । मखुण्डोको मौलिक अधिकार सबैलाई छ । चाहे अन्तरिम अवस्थामा भाउ बढाउने साहु हुन् चाहे मन्त्रिपरिषद जोरजामको नयाँ व्यवस्थामा दाउ लडाउने राजनीतिज्ञ हुन्, मखुण्डो फेर्न पछि पर्न हुँदैन भन्ने मेरो जिकिर छ ।

मखुण्डो फेरेपछि एउटा ग्यारन्टी के छ भने मखुण्डो लगाएर अगाडि जे जस्तो भने गरेको भए पनि त्यो दोष ठहर्दैन । मखुण्डोको महिमालाई महसूस गरेर म के भन्छु भने यसलाई पहिले भएका, अहिले रहेका र पछि हुने पार्टी-हरूले वैध बनाएर जहिले पनि मखुण्डोको मौलिक अधिकारका रूपमा प्रति-ष्ठापित गर्नुपर्छ । त्यसैले काम लिनु छ भने कुनै पनि मखुण्डो धारी प्रति कसैले शंका नगरोस् । म के पनि भन्छु भने कसैकसैलाई लगाइरहेको मखुण्डो फेर्न त्यति सजिलो छैन । ठ्याप्पै अनुहारमा नङमासु भैं टाँस्सिसकेका मखुण्डो निकाल्दा भाग्य नै उप्काए झैं भए पनि बाँदरको मखुण्डो लगाएर मान्छेको हुलमा जाँदा त्यत्तिकै अप्ठेरो पर्छ जतिको कुनै राजनीतिको मखुण्डो को म्यानुफ्याक्चर बन्द हुँदा नयाँ फेर्न अप्ठेरो परेको छ ।

मखुण्डो बेलामा फेर्न नजान्नेको हालत ठीक त्यस्तै हुन्छ जस्तो वकुल्लाको हुलमा कोवाको मखुण्डो लगाउँदा हुन्छ । मखुण्डाको मान मर्यादा-को स्वाद पाइसकेकाहरूलाई मखुण्डो फेर्न त्यति गाऱ्हो हुन्न । साधुको मखुण्डो लगाएर भजनकीर्तनको जादू गर्न थाले पछि जोसुकैको मन पग्ली हाल्छ । यसै कारण त बिगत व्यवस्थामा बढी मखुण्डो फेर्ने रीत चलेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । चोर समात्नेको मखुण्डो लगाएर चोर्न देखि शोषकले सेवाको मखुण्डो लगाएर घेर्न गरेपछि मखुण्डोको महात्म्य बढी बढ्नु पर्दैन । कहिले कहीँ हाकिमको मखुण्डो लगाएर पी. ए. वा पियनले हुकम चलाउने, कहिले साधुलाई समातेर चोरको मखुण्डो लगाइदिने जस्ता कामबाट व्यवस्था बदनाम हुने भए पनि यस्ता मखुण्डो व्यापारीले कम फाइदा गरेनन् । तर बढी बिक्ने मखुण्डो मुखमा कालोपट्टि लगाएको चाहिं हो । यस्तो मखुण्डो लगाउनेले पहिला हवाङ्ग परेको मुखबाट हलुवापुरी हुसुरेको भए पनि ओठ-को चिल्लो छोपिने हुंदा कसैले चिन्दैन । कुनै कुनै द्रव्य पिशाच डाक्टर देखि फुनै सतुक्रैं सिमेन्ट खाने ठेकेदार इन्जिनियर र कमिशन खोर घुस्याहा चोर समेत मखुण्डो लगाए पछि यसरी नै बच्न सक्दछ जसरी चोरले ठूलो स्वर गर्दा बच्ने गर्दछ ।

यसरी मखुण्डो लगाइ सकेपछि को साधु ? को चोर ? कसलाई के पत्ता ? त्यसैमा त छ मखुण्डो राजनीति । मखुण्डोबाट निर्वाह हुनेका लागि अर्थोकको के पर्वाह । मखुण्डो लगाएर व्यापार गरी अपार सम्पत्ति पाइन्छ भने मखुण्डो लगाएर जे गरे पनि भो । मखुण्डो लगाएर रूख काटे पनि भो पाइताला चाटे पनि भो । जग्गा नापे पनि भो । जसलाई सरापे पनि भो । भागवण्डामा पद मागे पनि भो, काम बिगारेर भागे पनि भो । भ्रष्टाचार गरेर मोटरकार चढे पनि भो, जनताको नारा दिएर चाराले भूंडी भरे पनि भो । मखुण्डो लगाएर सबै छोप्न सकिन्छ भन्नु यति नै सत्य छ जति टाउको छोप्दा सब लाज छोप्छ भन्नुमा छ ।

प्रजातन्त्रमा सब चल्छ भरेर मखुण्डो उत्पादनलाई प्रोत्साहन दिए पछि नर समाज बानर समाज हुंदै जान के बेर ! ठूला नेता जसले आफ्नो सक्कली रूपलाई नै आफ्नो जेथा सम्झेका छन् भने मखुण्डो मारको व्यथा बुझ्न र मखुण्डोसँग जुझ्न नभए गधा पनि मान्छेको मखुण्डो लगाएर उच्चा-सनमा उभिन के बेर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो प्रयोग मानक हो त ?

कृष्णप्रसाद पराजुली

१. प्राक्कथन

भाषामा कथ्य रूपको कुरो बेग्लै हो, तर लेख्य रूपमा प्रयुक्त हुने शब्द व्यापक स्तरमा स्वीकार्य र प्रचलित हुनुपर्ने कुरा सिद्ध छ । भाषालाई सपार्ने तथा जोगाउने क्रममा पत्रपत्रिकाको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपाली भाषामा भने स्तरीय ठानिने पत्रपत्रिकाहरूले पनि यस सम्बन्धमा कमै चासो लिने गरेका छन् । फलस्वरूप लेखाइमा प्रयुक्त शब्दहरू अमिल्दा, अनौठा र अड्बाङ्गा हुनाका साथै नियमविपरीत रहेका देखिन्छन् । प्रस्तुत भाषिक सन्दर्भमा यस्तै छिटपुट कुराको चर्चा गरिएको छ ।

२. मनलाग्दो रूप : उदेकलाग्दो प्रयोग

अचेलभरि 'उल्लेखित' शब्द खुबै प्रयोग गरिएको पाइन्छ । खास गरी पत्रिकामा प्रकाशित समाचार, सूचना, टिप्पणी आदिमा यस्तो शब्द देख्दा मथिङ्गलमा नै ठेस लाग्छ । 'उल्लेखित' कसरी भयो र पत्रपत्रिकाहरूले पनि किन त्यसरी छाप्ने गरेका हुन्- थाहा हुँदैन । संस्कृत तत्सम रूपमा 'लिखित हुन्छ, 'लेखित' हुँदैन, 'अलिखित' हुन्छ, 'अलेखित' हुँदैन । त्यस्तै 'लिखित' मा 'उत्' उपसर्ग जोडिएको यो शब्दको शुद्ध रूप 'उल्लेखित' नभएर 'उल्लिखित' हो । तर यति सानो कुरामा पनि लेखक सम्पादकबाट किन ध्यान दिइँदैन अचम्म लाग्छ ।

'खुल्ला' पनि त्यस्तै बिझाइरहने शब्द हो । यस शब्दको प्रयोग सम्भावना भविष्यत् (खुल्ने काम गर्ला, उघ्ला) जनाउने अर्थमा भएको पक्कै होइन । यो शब्द त 'बन्द' को विपरीतार्थक अर्थात् 'उघारो' अर्थमा प्रयुक्त शब्द हो । अझ कुनै सेवामा आवेदन दिने क्रममा यही शब्दको प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'आन्तरिक' को विपर्यायमा पनि भइरहेको देखिन्छ । यसो भएपछि 'खुल्ला' नभएर 'खुला' हुनुपर्ने होइन र ? तर यतापट्टि धेरैको ध्यान गएको छैन । हालसालै एउटा पत्रिकामा निस्केको विज्ञापनमा यो शब्द एकै ठाउँ तीपल्ट-सम्म आएको छ । समाचारमा समेत 'पूरै खुल्ला प्रतियोगिताको आधारमा अनुभव पनि जोडिने व्यवस्था हुनुपर्छ' भनी छापिएको देखिन्छ । 'खुला' शब्द आफ्नै अर्थमा प्रयोग हुँदा सुहाउँदो हुन्छ । उदाहरणका निम्ति तलका वाक्य-हरू हेर्न सकिन्छ–

१. घरको ढोका खुला छ ।

२. पहिरो गएर बन्द भएको बाटो आजदेखि खुला भयो ।

३. रामले खुला प्रतियोगितामा भाग लिन अवेदन दिएका हुन् ।

४. आज टुडिखेलको खुला मञ्चमा भाषण हुँदै छ ।

माथिका वाक्यमा 'खुला'को प्रयोग ठीक अर्थमा भएकाले छरितो छ र चिटिक्क पनि छ । तर त्यसैलाई 'खुल्ला' बनाइदिने हो भने खुला (उघारो) हुँदैन, भाषाको मर्यादा मात्र खुल्ने डर हुन्छ ।

इन्जिनियरिङ्ग, ट्रेडिङ्ग, कम्पनी, गार्भेण्ट, प्लाण्ट जस्ता शब्दहरू पनि अनौठा हुन् । यस्ता शब्द सकभर त रूपान्तरित हुनु वेस हो, तत्काल नेपाली-करणको स्थिति आउन नसकेमा वा लेख्नै पर्दा पनि नेपाली जिब्रामा इन्जिनियरिङ, ट्रेडिङ कम्पनी, गार्भेन्ट, प्लान्ट लेख्नु समुचित हुन्थ्यो । तर त्यसो नभई लेखाइमा शब्दहरूको बेठयाङ्ग प्रयोग छ्यासछ्यास्ती भइरहेको देखिँदा उदेक लाग्छ । यस्तै 'आफ्नोपन'लाई 'अपनोत्व' को प्रयोग गरिएको देखिनु पनि छक्क पर्ने कुरा हो । यस्ता कुरातर्फ हाम्रा पत्रपत्रिकाको ध्यान कहिले जाला ?

'एसिया'लाई अङ्ग्रेजीमा पनि (Asia) नै लेखिन्छ, तैपनि नाम-पट्टमा होस् वा पत्रपत्रिकामा 'एशिया' बनाउने मोह हटेको छैन । नेपालमा 'दक्षिण एशियाली सहयोग संगठन', 'नेपाल र एशियाली अध्ययन संस्थान' आदि यसका उदाहरण हुन् । यी नामलाई 'दक्षिण एसियाली सहयोग संगठन', 'नेपाल र एशियाली अध्ययन संस्थान' लेखिएको हेर्न कहिले पाइएला ? मलेसिया, इन्डोनेसिया, आदिका कुरा पनि यस्तै हुन् ।

३. शीर्षक रखाइको अनौठो साल

पत्रपत्रिकाकै कुरा हो, एउटा समाचारको शीर्षकमा 'नक्शा पास' लेखिएको छ । पहिलो कुरा त के भने नक्साको पास नक्सापास (षष्ठी तत्पुरुष)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएपछि पदयोग गर्नुपर्ने हो । दोस्रो यसैको पेटबोलीमा 'नक्सा पास' गरी दुई किसिमको हिज्जेको प्रयोग गरिएको छ । 'नक्सा' लाई नेपाली जिब्राले उर्दू अरबी जस्तो तन्काएर (नक्सा) उच्चारण नगरी सजिलो रूपमा नक्सा उच्चारण गरिन्छ भने 'नक्सा' नै लेख्ता के आपत्ति भयो र !

प्रतिगामी तत्वप्रति 'नजर अन्दाज' नगरेर 'आँखाले ठम्याउन' सके पुग्छ । 'पोखरीमा डुबेर दुईको मृत्यु' (शीर्षक) भन्दा २ को अङ्क नै मरेछ कि भन्ने शङ्का हुन सक्छ । यसैले 'दुई जना' सम्म त पार्नै पर्ने हो । अर्को एउटा शीर्षक छ– 'कोइराला सरकार विरोधमा' । यहाँ पनि कोइरालाको सरकार विरोधमा हो कि कोइराला सरकारको विरोधमा हो, स्पष्ट छैन । त्यसैले अभिप्राय अनुसार यी दुईमध्ये एक शब्दमा 'को' नलगाएसम्म भ्रम हट्न गाह्रै पर्छ । यस्तै 'उषाको खेलजीवनको सन्ध्या सुखमय हुन सकिएन'– उषालाई खेलजीवनको सुखमय सन्ध्यामा पुऱ्याउन सकिएन' जस्तो वाक्य भए त ठीकै हुन्थ्यो, तर त्यसो नभएकाले यस शीर्षकमा 'उषाको खेलजीवनको सन्ध्या सुखमय हुन सकेन' हुनुपर्छ । मुख्य कुरो यहाँ क्रियाको प्रयोग कर्मवाच्य नभई कर्तृवाच्य हुन्छ ।

४. वाक्य– बनोटको बेढङ्गी रूप

पत्रपत्रिकामा अचेल वाक्य–बनोटका बेढङ्गी रूप पनि धेरै देखिन्छन् । यस्ता रूप टिपेर र देखाएर साध्य चल्दैन । तैपनि भाषाको लेख्यगत स्तरीयताका निम्ति केही उदाहरण दिएर चर्चा गर्नु नितान्त आवश्यक प्रतीत हुन्छ ।

तल केही वाक्य प्रस्तुत छन् । सरसरती पढदापढ्दै पत्रपत्रिकाबाट टिपिएका यी वाक्यहरूलाई मुद्रणको भूल मात्रै भन्न अवश्यै मिल्दैन होला । प्रयुक्त वाक्यमा कुन-कुन शब्द त्रुटिपूर्ण छन् देखाइएको छ र दायाँपट्टि तिनको ठीक रूप के हो सङ्केत पनि गरिएको छ–

१. उनलाई काटमाडौंमा जुन होटेलको कुपन दिएको रहेछ त्यो होटेल विमानस्थलबाट धेरै टाढा पर्दो रहेछ । = दिइएको

२. यस्तो कार्यहरू जनताको नाममा गर्नु हुँदैन । = यस्ता

३. भर्खरै कतै रामे र श्यामेहरू खोपी खोलिरहेका होला । = होलान्

४. यस्तो काम अरू नै व्यक्तिहरूले गरोस् । = गरून्

५. कि म भन्दछु उहाँको साधना प्रशंसनीय छ । = म भन्दछु । म के भन्छु भने

६. विवाह छिनेको पहिलो रात घरका सबै सुतीसक्दा पनि गोरीलाई निद्रा परेन । = विवाहको कुरो छिनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. आञ्चालिक उपन्यास सम्बन्धी विद्वान्‌का
केही धारणा यस प्रकार छन्– = आञ्चालिक उपन्यासका सम्बन्धमा

यस्तै तल केही थप वाक्य दिइएका छन् । यी वाक्य पनि पत्रपत्रिकामा प्रकाशित लेख रचनाबाट टिपिएका हुन् ।

१. यो कहाँसम्म सत्यता छ भन्ने प्रमाणको अभावले खोजीको विषय भएको छ ।

२. उहाँ आफूलाई गायिकाको रूपमा प्रतिष्ठित हुन चाहनु हुन्छ ।

३. पाठकहरूलाई जुन रचनाले छुन्छन् मलाई त्यही रचना मन पर्छ ।

उपर्युक्त वाक्यहरू वाक्य-संरचनाका दृष्टिले ठीक छैनन् । यसैले ती वाक्यलाई निम्न प्रकारले कुनै एक रूपमा लेखिनु वा प्रकट गरिनु आवश्यक हुन्छ ।

१. क) यो कहाँसम्म सत्य छ भन्ने प्रमाणको अभावले खोजीको विषय भएको छ ।

ख) यसमा कतिसम्म सत्यता छ भन्ने प्रमाणको अभावले खोजीको विषय भएको छ

२. क) उहाँ आफू गायिका को रूपमा प्रतिष्ठित हुन चाहनुहुन्छ ।

ख) उहाँ आफूलाई गायिकाको रूपमा प्रतिष्ठत गराउन चाहनु हुन्छ ।

३. क) पाठकहरूलाई जुन रचनाले हुन्छ मलाई त्यही रचना मन पर्छ ।

ख) पाठकहरूलाई न रचनाले छुन्छन् मलाई तिनै रचना मन पर्छन् ।

५. उपसंहार

कुनै पनि विषयवस्तुका शैली' अभिव्यक्ति र प्रस्तुति आआफ्ना हुन्छन्–हुन सक्छन्, तर भाषिक परिप्रेक्ष्यमा लेखाइको रूप भने शिष्ट परम्परामा स्वीकार्य मानक स्तरका आधारमा नै हुने र हुनुपर्ने कुरामा दुई मत हुँदैन । पत्रपत्रिकामा प्रकाशित समाग्रीमा भाषा जति खारिन्छ, उति नै त्यो चम्कन्छ र त्यसमा आफ्नोपन पनि आउँछ । त्यसमाथि पत्रपत्रिकामा प्रयुक्त शब्द, वाक्यांश र वाक्यले अरूलाई पनि उदाहरण प्रस्तुत गर्नु आवश्यक हुन्छ । यसका निम्ति लेखन सम्पादनमा यिनको उचित प्रयोगतर्फ बढी चासो लिनुपर्ने स्थिति देखा परेको छ । भाषाको मर्यादालाई कायम गरी यसको विकास बिस्तारमा सम्भाव्य पाइला चाल्दै जानु भाषिक पक्षमा अत्यन्त महत्वपूर्ण कुरा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बदलिँदो परिस्थितिमा विद्यालय शिक्षा

आनन्ददेव भट्ट

१. बदलिँदो परिस्थितिको व्यापक सन्दर्भ

यसो त कुनै पनि परिस्थिति प्रतिपल बदलिरहेको हुन्छ तर जबसम्म त्यस परिवर्तनले गुणात्मक रूप लिन्न हामी त्यो परिस्थिति बदलिएको भन्दैनौं वा स्वीकार्दैनौं । संवत् १९०३ देखि २००७ सालसम्म देशमा जहानियाँ हुकुमी राणा शासन थियो तर २००७ सालको क्रान्तिले त्यस सत्ताको स्वरूपमा एउटा गुणात्मक परिवर्तन ल्याई राणाशाही नेपाललाई प्रजातान्त्रिक नेपालमा परिवर्तित गरिदियो । त्यसैले त्यो परिस्थितिको परिवर्तन कहलाइयो । अनि २०१७ साल पुस १ गते तत्कालीन संसदीय बहुदलीय शासन पद्धतिलाई सर्वथा समाप्त पारी निर्दलीय निर्विकल्प हुकुमी पंचायती व्यवस्था कायम गरियो र यसरी देशमा एउटा निश्चित परिवर्तन देखा पर्‍यो । २०३६ सालको व्यापक जन विप्लवले पञ्चायतको निर्विकल्पता माथि प्रहार गरि जनमत संग्रह गरायो । त्यसैले त्यहाँपनि स्थितिमा केही परिवर्तन आयो । तर त्यस बेलापनि, पुनरुत्थानवादी शक्तिले अनेक जाल झेल गरी बहुदलीय प्रजातान्त्रिक शक्तिलाई हरायो र निर्दलीय प्रजातन्त्र कायमै रहयो । तर २०४६ साल फागुन ७ गते देखि जब देशमा कांग्रेस र कम्युनिष्ट एकताका परिणाम स्वरूप भीषण जन संघर्ष शुरू भयो र कयौं वीर वीराङ्गनाले आफ्नो ज्यानको बाजी लगाए पछि २०४६ साल चैत्र २६ गतेका दिन देखि व्यवहारिक रूपमा नेपालमा बहुदलीय प्रजातन्त्र आयो र अब त पंचायती व्यवस्था नै समाप्त भई प्रजातान्त्रिक परिपाटी पाएको हाम्रो देशको मूलभूत राजनैतिक परिस्थिति एकदम बदलिएको छ । जब देशको राजनीतिनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बदलिन्छ अनि त्यहाँको आर्थिक, शैक्षिक, संस्कृतिक, सामाजिक आदि नीतिहरूमा श्रम पनि क्रमशः फेर बदल आउन थाल्छ। २०१७ साल पुस १ गते देखि २०४६ साल चैत्र २६ साल निर्दलीय पंचायती व्यवस्था अन्तरगत राष्ट्रिय शिक्षा पद्धतिको पोषण अनुसार शिक्षा कार्यक्रम चलेको थियो भने अब बहुदलीय प्रजातान्त्रिक व्यवस्था आइसकेपछि सोही अनुसार शिक्षामा पनि अमूल परिवर्तन हुन आवश्यक छ।

२. विद्यालय शिक्षा भन्दा के बुझिन्छ ?

आधुनिक अर्थको विद्यालय शिक्षा नेपालमा ई. सं. १८५० (वि. सं. १९०८) भन्दा अगाडि प्रचलनमा आएको देखिन्न। अर्थात् औपचारिक रूपले शिक्षा जहाँ एउटा निश्चित पाठ्यक्रम र त्यस अन्तरकालका पाठ्यपुस्तकहरू छन्, विद्यार्थीलाई नियमित र सुचारू रूपले पढाउन योग्यता प्राप्त शिक्षक शिक्षिकाहरू नियुक्त गरिएका छन्, अध्यापनको एउटा निश्चित समयावधि पनि तोकिएको छ, आज समय समयमा जहाँ सस्याना परीक्षा हुने गर्छन् र अन्तमा मूल परीक्षा लिई पास हुनेलाई प्रमाणपत्र दिइन्छ। यसरी शिक्षणलाई विधिवत रूप दिनु अध्यापन कार्य सम्पन्न गर्ने पद्धति आधुनिक शिक्षा पद्धति हो जसमा शिक्षा मनोविज्ञानको पनि ठूलो भूमिका हुन्छ। सन् १८५० भन्दा नेपालको इतिहासमा जंगबहादुरको उदयको समय पर्छ र क्रमशः राणाशाहीले आफ्नो हुकुम कायम गर्ने सिलसिलामा नेपालमा अंग्रेजी माध्यमले पढाइ हुने दरवार स्कूलको स्थापना (सन् १८५२/संवत् १९१०) भएको देखिन्छ अनि क्रमशः विधिवत संस्कृतको पढाईहुने पाठशाला पनि खुल्दै गएका देखिन्छन्। अनि श्री ३ महाराज प्रधानमन्त्री देव शमशेरको समयमा (सन् १९०१/संवत् १९५८) नेपालमा नेपाली भाषा मै शिक्षा दिने भाषा पाठशालाहरू पनि खुल्दै जान्छन्। अनि सन् १९१८/संवत् १९७५ ताका त्रि-चन्द्र कलेज खुल्छ र संस्कृत विद्यालयको पनि थप विकास हुन्छ। अनि एकैपल्ट २००७ सालको क्रान्ति भएपछि विद्यालय शिक्षामा अभूतपूर्व विकास हुँदै जान्छ। अनि २०१७ साल पुस १ गते पछि २०४६ साल चैत्र मसान्तसम्म पनि विद्यालय शिक्षाका क्षेत्रमा संख्यात्मक विकास हुँदै रह्यो। विशेषगरी प्राथमिक शिक्षामा द्रुततर विकास आयो र निम्न माध्यमिक र माध्यमिक शिक्षामा पनि निकै विकास आएको छ। आज नेपालमा २०४५ को शैक्षिक तथ्याङ्क अनुसार (श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय) शिक्षाको स्थिति निम्न प्रकार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. नेपालमा विद्यालय शिक्षाको स्थिति:

	प्रा. वि.	नि. मा. वि.	मा. वि.	जम्मा
१. विद्यालय संख्या	१३,५१४	३,८९७	१,६३८	
२. विद्यार्थी संख्या	२१,०८,७३९	३,०५,४०९	३,०७,५३४	२७,२१,६८२
३. छात्रा संख्या	६,७१.३७६	८३,५७३	८०,६५६	८,३५,६०५
४. छात्रा प्रतिशत	३२/·	२७./·	२६./.	३१./·
५, जम्मा शिक्षक संख्या	५७,२०४	११,९८९	९,१४३	७८,३३६
६, जम्मा महिला शिक्षक	६,१६९	१,०५५	६९७	७९२१०
७. महिला शिक्षक प्रतिशत	१०.८./·	८.८./.	७.६./·	१०.१./·
८. विद्यार्थी/शिक्षक अनुपात	३७	२५	३४	
९. विद्यार्थी/विद्यालय अनुपात	१५६	७८	१८८	
१०. शिक्षक/विद्यालय अनुपात	४	३	६	
११. सरदर कक्षा संख्या	३४	४०	६७	
१२. कुल बनोटको शिक्षामा छुट्याएको खर्च (प्रतिशतमा) (२०४४।०४५)				१०.५./·
१३. कुल विकास बनोटको शिक्षा (विकास) छुट्याइएको खर्च (प्रतिशत) (२०४४।०४५)				१३.०./·
१४. निजी श्रोत विद्यालय संख्या (सम्पूर्ण निजी श्रोत विद्यालयमात्र)	५८३	१५९	१०५	८४७
१५. निजी श्रोत विद्यार्थी संखया	८९०३९	२९,६७२	७२,२९३	१,९१,००५
१६. निजी श्रोत शिक्षक संस्था	३९११	१३६४	२२३८	७५१३

अब हामी यस तथ्याङ्कलाई २००७,२०१८ र २०२७ सालको शैक्षिक तथ्यांक सित तुलना गरौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००७ देखि २०२७ भित्र नेपाली शिक्षाको स्थिति

शिक्षाको स्तर	संस्थाहरूको संख्या			विद्यार्थी संख्या			शिक्षक संख्या		
	२००७	२०१८	२०२७	२००७	२०१८	२०२७	२००७	२०१८	२०२७
प्राथमिक	३२१	४००१	७२५६	८९७०	५७,५१४	४४९,१४१	—	—	१८२५०
माध्यमिक	११	१५६	१०६४	१२१५	२१२१५	१०२९०४	—	—	५४०७
उच्चस्तर	१	३३	४९	२५०	५१४३	१७,२००	—	१५	१०७०

(श्रोत प्रस्तावित राष्ट्रिय शिक्षा पद्धतिको मसौदा योजना, पौष २०२७)
(श्री ५ को सरकार, शिक्षा मन्त्रालय)

सजिलोको निम्ति हामी यी दुवै तथ्यांकलाई सँगसँगै राखी हेरौं:–

वर्ष	प्रा. वि. संख्या	मा. वि. संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या
२००७ साल	३२१	११		८९७०
२०१८ साल	४००१	१५६		५७,५१४
२०२७ साल	७२५६	१०६५	१८२५० (प्रा. शि.) ५४०७ (मा. शि.)	४४९,१४१
२०४५ साल	१३,५१४	१६३८	५७२०४ (प्रा. शि.) ६१४३ (मा. शि.)	२७,२१,६८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि उल्लेख गरिएको तथ्यांकलाई हेर्दा २००७ सालमा प्राथमिक-देखि माध्यमिक विद्यालयसम्मका विद्यार्थी संख्या जम्मा ८६७० थियो भने २०४५ सालमा यो २७,२१,६८२ पुगेको छ। यसरी ३५० दोव्वर जस्तो विद्यार्थी संख्या बढ्नु धेरै खुसी लाग्दो कुरो हो। यसमा पनि पंचायत काल लाग्दा विद्यार्थी संख्या ५७,५१४ थियो भने २०४५ वा पंचायत काल सकिने सकिने बेला यो संख्या २७,२१,६८ भएकाले यो वृद्धि पनि झण्डै ५० दोब्बर देखिन्छ। यसबाट पंचायत कालमा शिक्षाको गुणात्मक स्तर मानवीय स्वतन्त्र-ताको स्तरलाई हवात्तै तल झारिए तापनि गुणात्मक रूपले भने केही प्राप्त भएकै देखिन जस्तो २००७ देखि २०१८ भित्र झण्डै ८ दोव्वर विद्यार्थी संख्या बढेको देखिन्छ भने पंचायत कालमा पनि त्यस बेलाको समयले प्रजा-तन्त्रको वायु सेवन गर्न पाएको भए एकातिर संख्यात्मक वृद्धिमा पनि ५० दोव्वर भन्दा बढी हुदो हो भने गुणात्मक दृष्टिले चाहि शिक्षाको स्तर यो विध्न खस्कन पाउने थिएन होला भनी सहजै अनुमान गर्न सकिन्छ किनभने स्वतन्त्रता वा प्रजातन्त्रमा प्रतिस्पर्धा हुन्छ र त्यसले गुणको विकास गर्न विशेष मद्दत गर्दछ।

४. विद्यालय शिक्षामा ध्यान पुऱ्याउनु पर्ने कुराहरू

जस्तो हामीले माथि २००७, २०१८, ०३७ र २०४५ को विद्यालय शिक्षाको तुलनात्मक स्थिति हेर्दा त्यसको संख्यात्मक वृद्धि त निकै आकर्षक पायौं तर त्यसको गुणात्मक पक्षमा भने धेरै नै त्रुटि रहेको चर्चा गऱ्यौं। त्यसैले शिक्षामा गुणात्मकतालाई प्रवेश गराउन हामीले कैयन कुरातिर विशेष ध्यान दिनु पर्ने देखिन्छ। जस्तो २०२८–२०४६ सालको पंचायत कालको शिक्षा क्षेत्रमा लेखहरू, विशेषज्ञ र ओहदावाल अधिकृत एवं मन्त्रीहरूका भाषण, स्कूल एवं विश्वविद्यालयका प्राज्ञहरूमा भाषण पढयौं भने जतातै शिक्षामा गुणात्मक विकासको निम्ति जोडदार नारा दिएको पाउने छौं। तर व्यवहारमा के भयो ? 'राशिपथो' जतिजति उमेर खादै गयो उति उति उसमा गुणात्मक अभावको श्राप खानिदै गयो। यसो हुनाको कारण के हो ? एक त सर्वप्रथम त्यस निर्दलीय पंचायत व्यवस्थाको छली स्वरूप नै हो जो संधै भन्थ्यो एउटा कुरो तर गर्थ्यो त्यसको ठीक विपरीत कुरो। त्यसैले जनतालाई शिक्षामा गुणात्मक विकासको आवश्यकताको प्रवचन पिलाइन्थ्यो तर सम्पूर्ण शैक्षिक प्राक्षिक क्रियाकलाप गुणात्मकतालाई प्रवेश गर्न नदिन यहि अग्रसर हुन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तसर्थ अब हामी तल केही त्यस्ता कुराहरूको चर्चा गरौं जसमा राम्ररी ध्यान पुऱ्याउन सकेका खण्डमा हाम्रो शिक्षामा केवल संख्यात्मक विकास मात्र हुँदैन बरु गुणात्मक विकास समेत सम्भव हुने छ ।

क) शिक्षक र तिनको तालीम

सरासरी कुनै एक तहको शिक्षा प्राप्त गर्दैमा कोही व्यक्ति शिक्षक हुन उपयुक्त भै सक्दैन । शिक्षण एउटा कला हो, सीप हो । यसलाई विशेष थप दक्षता हासिल गर्नै पर्छ । यस कुराको आवश्यकता र महत्वलाई स्वीकार गर्दागर्दै अहिलेसम्म पनि हाम्रा प्राथमिकदेखि माध्यमिक तहका थुप्रै शिक्षक-हरू तालिम प्राप्त हुन बाँकी छन् । यसका निम्ति एकपल्ट तथ्यांक नै हेरौं ।

	प्रा. वि	नि. मा. वि.	मा. वि.	जम्मा
१. जम्मा शिक्षक संख्या	५७,२०४	११,९८९	९,१४३	७८,३३६
२. तालिमप्राप्त शिक्षक संख्या	२०,१०९	४,२५३	४,३९३	२८,७५५
३. तालिमप्राप्त शिक्षक प्रतिशत	१७.७./·	३५.५·/.	४८·१./·	३६.७./.
४. जम्मा महिला शिक्षक	६,१६९	१०५५	६९७	७९२१
५. महिला शिक्षक प्रतिशत	१०.८./·	८.८./·	७.६./·	१०.१./·
६. तालिम प्राप्त महिला शिक्षक	२५०६	४६४	४३१	३४०१
७. जम्मा महिला शिक्षकमा तालिम प्राप्त महिला शिक्षक प्रतिशत	४०.६./·	४४./·	६१.८./·	४२.९./·

(स्रोत: नेपालको शैक्षिक तथ्यांक प्रतिवेदन २०४५ । श्री ५ को सरकार शिक्षा तथा सं. मन्त्रालय)

यसरी अहिले पनि स्कूलमा हाम्रा शिक्षकहरू मध्ये ३६.७ प्रतिशत मात्र तालिम प्राप्त छन् । यसको अर्थ यो झण्डै २।३ शिक्षकहरू अझै तालिम पाउन बाँकी छन् । विद्यार्थी पढाउन शिक्षा मनोविज्ञानको ज्यादै ठूलो भूमिका हुने हुनाले हाम्रो शिक्षामा गुणात्मक ल्याउन सर्वप्रथम स्वयं हाम्रा सबै शिक्षक हरू तालिम प्राप्त हुनु अनिवार्य छ । हुन त कौयन तालिम प्राप्त नगरेका तर शिक्षण प्रतिभा सम्पन्न शिक्षकहरूबाट गुणात्मक शिक्षा प्राप्त हुन्न भन्ने होइन तर संगसंगै सबै शिक्षक जन्मजात शिक्षण प्रतिभा सम्पन्न पनि हुदैनन्, यस तथ्यलाई कसैले इन्कार गर्न सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) शिक्षक वर्गको प्राज्ञिक विकासका संभावनाहरू खुला रहनु पर्ने:

२०१७ पुस १ गते देखि २०४६ चैत्र २६ गते सम्मको निर्दलीय पंचायती तानाशाही कालमा अन्य क्षेत्रको साथसथै विशेष गरी शिक्षाको क्षेत्रमा अत्यन्त चर्को बौद्धिक, प्राज्ञिक, धार्मिक, वैचारिक लगाम कस्ने काम भयो। यसले गर्दा मानिसका मनमा स्वतन्त्र चिन्तन नै अपराध पो हो कि भन्ने अप्रत्यक्ष त्रासको भावना समेत पसाइयो। यसले गर्दा शिक्षक वर्गको प्राज्ञिक विकासका संभावनाहरू सीमित पारिए तथा रोकिए पनि। जस्तो प्राथमिकदेखि माध्यमिक तहसम्मका शिक्षकलाई दिनको ५ ७ पिरियडसम्म पढाउन लगाएर उनीहरूलाई प्राज्ञिक एवं बौद्धिक रूपले मेशिन तुल्याउने सुरवा पार्ने चेष्टा भयो र वयास्पसहरूमा पनि उनीहरूको प्राज्ञिक स्वतन्त्रता माथि हमला गरेर उनीहरूलाई तर्साउने, दबाउने र गामबासै उडाउने समेत षड्यन्त्र रचियो। त्यसैले जबसम्म कुनै शिक्षण संस्थामा त्यहाँका शिक्षक वर्गलाई प्राज्ञिक बौद्धिक रूपले स्वतन्त्र चिन्तन गर्न पाउने, अध्ययन, अध्यापन लेखन, प्रवचन, विचारको आदान प्रदान गर्न पाउने वातावरण खडा गरिंदैन तबसम्म ती शिक्षक केवल अमुक्त राजनीतिबाट दमित शिक्षा पद्धतिका कल पुर्जा बन्ने सिवाय अरू केही हुन सक्दैनन्। अझ उनीहरूलाई प्राज्ञिक पदोन्नतिमा नातावाद, कृपावाद, पक्षपात, भेदभाव, भनसुन, र हाकाहाकी दमनको शिकार बनाएसम्म त उनको प्राज्ञिक उन्नति हुने त प्रश्नै उठ्दैन। जुनसुकै देश, काल परिस्थिति र व्यवस्थामा पनि स्कूल र विश्वविद्यालयमा शिक्षक वर्ग देशमा ज्ञान दीप हुन् र उनले विश्वजनी स्वतन्त्रता र न्यायको प्रहरी हुन पाउनै पर्छ। तसर्थ शिक्षक वर्गलाई प्राज्ञिक स्वतन्त्रता र विकासको ग्यारेन्टी दिनै पर्दछ। नत्र ती शिक्षण संस्था बौद्धिक झ्यालखाना मात्र बन्दछन्।

ग) स्कूल भित्रको पुस्तकालय एवं वाचनालय सुदृढ हुनुपर्ने:

शिक्षा केवल कक्षामा पाइन्न वा त्यहाँ पाइएको शिक्षामात्र पर्याप्त हुन्न। एक त समाज नै सबभन्दा दरिलो प्रभावशाली र सशक्त शिक्षालय हो। तर पुस्तकालय अर्को शिक्षाको सागर हो। त्यहाँ संग्रहित विविध र ज्ञान विज्ञानले युक्त ग्रन्थहरू शिक्षक एवं विद्यार्थी वर्गका निम्ति अमूल्य निधि हुन। तसर्थ प्रत्येक स्कूलको राम्रो पुस्तकालय हुनुपर्छ, त्यहाँ पाठ्यपुस्तक र पाठ्य-सामग्रीलाई मद्दत पुग्ने बाहेक अनेक ज्ञान विज्ञानका पुस्तकहरू संग्रहित हुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ । त्यस पुस्तकालयमा किताब संग्रह गर्ने, हेर्ने दिने र फिर्तागर्ने वैज्ञानिक विधिको व्यवस्था हुनै पर्छ, अर्थात् पुस्तकालय संचालन हुनै पर्छ । यस पुस्तकालयबाट नियमित रूपमा शिक्षक र विद्यार्थीहरूले किताब हेर्ने लैजाउन र उनीहरूको पुस्तक अध्ययन गर्ने तीर्ह झन्झन् अभिरुचि बढोस् । अनि साथै स्कूलको वाचनालय पनि त्यस्तै महत्वपूर्ण ठाउँ हो । त्यहाँ बेला बेलामा अनेक प्रवचन र वादविवाद कार्यक्रमको आयोजना गरियोस् र विद्यार्थीहरूले आफ्नो बौद्धिक र नैतिक क्षमताको प्रशस्त विकास गरून् अनि नित्य पत्रपत्रिका पढ्ने पनि बानी बस्लुन् ।

घ) शिक्षण सामग्री र प्रयोग सामग्रीको प्रचुरताको आवश्यकता:

एउटा राम्रो विद्यालयमा शिक्षकहरूका निम्ति शिक्षण सामग्री र विद्यार्थीहरूका निम्ति प्रयोग सामग्रीको कत्तिपनि कमी हुनु हुँदैन । केवल पाठ्यपुस्तकका भरमा पठन पाठन त्यति राम्रो हुन सक्दैन त्यसैले यसको क्षति वा अभाव पूर्तिगर्न शिक्षण सामग्रीको अतिरिक्त आवश्यकता हुन्छ । त्यस्तै प्रयोगशालामा विद्यार्थीहरूले प्रयोग सामग्री पाएनन् भने उनीहरूको सैद्धान्तिक ज्ञानको कुनै अर्थ रहन्न । अहिले नेपालका सेन्टजेभियर, सेन्समेरी, बुढानिलकण्ठ स्कूल, दीपेन्द्र स्कूल (प्रहरी स्कूल), र अन्य कतिपय प्राइभेट सम्पन्न माध्यमिक विद्यालयहरूले पठनपाटनको गुणस्तर उचाल्न अनेक नयाँ नयाँ शिक्षण सामग्री र प्रयोग सामग्रीको उपयोग गर्ने गरेका छन् । यो धेरै राम्रो चलन चल्न थालेको हो । तर प्राइभेट स्कूलहरूले विद्यार्थीहरूबाट आवश्यक रूपले बढी बढी फी उठाई स्कूलको संपन्नताको उद्योग गर्नु चाहिँ कतिपनि उपयुक्त देखिन्न । यसमा सरकारका तर्फबाट निरीक्षण र आवश्यक निर्देशन हुनु अत्यन्त वाञ्छनीय देखिन्छ । विशेषगरी अंग्रेजी बोर्डिङ स्कूलको नाममा जस्तो ब्रह्मलूट हुने गरेको छ, सानो पूर्व प्राथमिक कक्षादेखि नै यसमा सरकार बाट तत्काल उचित कदम उठाउनु अत्यन्त अबेर भै सकेको छ ।

ङ) शिक्षक वर्गमा प्राज्ञिक स्वतन्त्रताको चेतनाको आवश्यकता:

माथि बुँदा (ख) अन्तर्गत प्राज्ञिक विकासका सम्भावनाको जुन कुरा उठाइएको छ वास्तवमा त्यो स्कूल सित सम्बन्धित कुरो हो । तर यस प्राज्ञिक स्वतन्त्रताको चेतनाको चर्चा गर्दा हामीले शिक्षक वर्गको आफ्नो दायित्वको विशेष ख्याल गर्न खोजिएको छ । अर्थात् प्रत्येक शिक्षकले आफूमा प्राज्ञिक स्वतन्त्रताको चेतना जगाउनु, त्यसलाई सुरक्षित पार्नु, त्यसको विकास र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बर्धन तिर विशेष उद्योग गर्नु व्यक्ति शिक्षकले देखाउनु पर्ने कर्तव्य पनि हो । जो शिक्षक आफ्नो हक अधिकारबारे सचेत हुँदैन ऊ स्वतःआफ्नो कर्तव्य प्रति पनि सजग हुँदैन । त्यस्तो शिक्षक समाजबाट पाउने मात्र आशा राख्न सक्छ तर समाजलाई दिनेपट्टि ऊ उपेक्षाशील हुन सक्छ । तसर्थ पूर्व प्राथमिक कक्षाका शिक्षकदेखि माध्यमिक विद्यालयसम्मका शिक्षकले 'प्राज्ञिक स्वतन्त्रता' हाम्रो जन्मसिद्ध अधिकार हो, यो हामीलाई हावा, पानी, भोजन, वस्त्र, आवास र औषधि जत्तिकै अनिवार्य छ भन्ने कुरा बोध गर्नु पर्दछ । जुन शिक्षकमा प्राज्ञिक स्वतन्त्रताको चेत हुँदैन । विद्यार्थी वर्गको प्राज्ञिक हकहितको रक्षा गर्न सक्दैन र उनीहरूलाई जगमगाकार पार्न सक्दैन ।

ज) विद्यार्थी वर्गको शारीरिक, सांस्कृतिक, शैक्षिक र नैतिक विकासको आवश्यकता:

विद्यार्थीले स्कूलमा गएर केवल किताव, कलम, कापी सित खेल्ने होइन । उसले आफ्नो शरीरको रक्षा र सम्भार गर्न सिक्ने, संस्कृतिको गतिशील पक्षको प्रहरी बन्दै त्यसलाई अझ उन्नत बनाउन सघाउने र आफ्नो बौद्धिक, मानसिक र हार्दिक क्षमताको बृद्धि विकास गरी भविष्य जीवनलाई नेतृत्व दिन सक्ने क्षमता आर्जन गर्दै जानु पर्छ । यसका निम्ति स्कूलको संचालक समिति सम्पूर्ण शिक्षक वर्ग र अविभावक वर्गमा पनि विद्यार्थी वर्गको समग्र उन्नतिमा साझा ध्यान हुनु पर्दछ । यस अर्थमा स्कूलका शिक्षक वर्ग र विद्यार्थीहरू, शिक्षक वर्ग र अविभावकहरू र स्वयं विद्यार्थी वर्ग र अविभावकहरूका बीच सामुहिक रूपले बरोवर आदान प्रदान हुनु पर्छ । यो अन्तर सम्बन्ध जति घनिष्ट हुन्छ उत्तिनै विद्यार्थी वर्गको सर्वोपरी हित हुन सक्छ ।

झ) पाठ्यक्रम र पाठ्य पुस्तकको नवीनीकरण र वैज्ञानिकीकरण:

कुनै पनि तहको विद्यालयको पाठ्यक्रम त्यस युगको वा समयको, देश काल, परिस्थिति सापेक्ष जन समुदायको सांस्कृतिक चाख र आवश्यकताले आह्वान गरेको कुराहरूको परिपूर्ति गर्ने हुनुपर्छ । जुन पाठ्यक्रमले त्यहाँको समाजको पढ्ने र पढाउनेहरूको आवश्यकताको परिपूर्ति गर्दैन त्यस पाठ्यक्रमलाई हामी अनुपयोगी, अर्थहीन, समयको मागभन्दा बाहिरको र काम नलाग्ने भनी भन्न सक्छौं । त्यस्तो पाठ्यक्रमलाई प्रथम समय सापेक्ष बनाउनु पर्छ र त्यसका प्रकाशमा पठ्यपुस्तकहरू लेखिनु पर्छ । त्यसले प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्यक्रम र पाठ्यपुस्तक सधैं नयाँ र वैज्ञानिक धारणा र मान्यताले पोसिएको हुनुपर्छ । २००७ सालसम्म अक्सर गरी हाम्रा विद्यालय र कलेजहरूको पाठ्यक्रम र पाठ्यपुस्तक भारतको कथन पाठ्यक्र र पाठ्यपुस्तक कै फोटो कपी थिए । २००७ देखि २०१७ सम्ममा त्यसमा क्रमश: केही परिवर्तन गर्ने दृष्टिकोणको जन्म भयो । अनि २०२८ सालदेखि जब 'राशिपयो' लागुभयो उनी यसलाई नवीनीकरण गर्ने धुनसवार भयो । तर पंचायती कालको जनविरोधी एवं परमुखापेक्षी देशघाती नीतिले गर्दा त्यस नवीनतामा राष्ट्र र जनताको स्वार्थलाई अस्विकार गर्ने प्रचलनभन्दा सात समुद्र पारका विदेशीहरूको नक्कल गर्ने, हिंड्न नजान्ने दगुर्न खोज्ने किसिमका हवाई कुराहरू प्रयोगमा ल्याउन खोज्ने, यथार्थतालाई ढाकछोप गर्न खोजी जानाजान प्रयत्नहरू हुँदै गए जसले गर्दा २०३६ सम्ममा पुगेर 'राशिपयो' आधारभूत रूपले फेल खायो र २०३६–०४६ सालको नेपाली शिक्षा पद्धतिले आधुनिकता र नवीनताको नाममा शिक्षाहीनतालाई पछ्याउने मात्र काम गर्‍यो। अब २०४७ साल लागेदेखि देशमा पंचायतलाई बाई बाई टाटा गरिएको छ र त्यसका ठाउँमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भएकाले यस व्यवस्था अन्तर्गतको शिक्षा नीतिले 'राशिपयो' अदिका यावत् खरावी, कमी, कमजोरी बद्मासी र जानाजान गरिएका जन विरोधी नीतिका विरुद्ध राष्ट्र र जनताको सर्वोपरी हितलाई ध्यानमा राखी शिक्षानीति तय गर्नु पर्दछ र हाम्रा विद्यालय पाठ्यक्रम र पठ्यपुस्तकले तिनलाई पछ्याउनु पर्दछ । अबको हाम्रो शिक्षाको उद्देश्यमा अवश्य पनि राष्ट्रियता, विश्वबन्धुत्व, स्वतन्त्रता, समानता र कुनैपनि किसिमको अन्याय अत्याचार विरुद्धको चेतनाले आसन ग्रहन गर्नु पर्दछ । हाम्रा सम्पूर्ण व्यक्तिवादी भावनालाई समाजसेवा र समर्पणको भावनाले जित्नु पर्दछ ।

ज) विद्यालय विद्यालय बीच आदान प्रदान कार्यक्रमको आवश्यकता:

कुनैपनि एउटा विद्यालयले शिक्षाका क्षेत्रमा असाधारण विकास गर्न का निम्ति अर्को विद्यालयबाट सिक्ने प्रवृत्तिको विकास गर्नु पर्छ । यसरी आपसमा आदानप्रदान र स्वच्छ प्रतियोगिताको विकास गर्दै लगेपछि दुवै विद्यालयका शिक्षक, विद्यार्थी, संचालनहरूमा एक अर्काबाट सिक्ने र नयाँ नयाँ प्रतिस्पर्धात्मक प्रयोगहरू गर्ने अभ्यास भएर जान्छ । जस्तो विद्यालयहरू आपसमा बौद्धिक, प्राज्ञिक, साहित्यिक, शैक्षिक क्षेत्रमा अनेक नयाँ कार्यक्रम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू लागू गर्न सक्छन्, जस्तै क्वीज कन्टेस्ट, वादविवाद प्रतियोगिता, साहित्यिक प्रतियोगिता, खेलकुद प्रतियोगिता, सामुहिक रूपले पत्रिका प्रकाशन, गर्ने शिक्षकहरू बीच अनेक विषयमा कार्यशाला गोष्ठी गर्ने, पठनपाठक विधि–बारे आदान प्रदान गर्ने, विभिन्न ऐतिहासिक एवं भौगोलिक, सांस्कृतिक महत्वका स्थानहरूको स्थलगत भ्रमण गर्ने आदि इत्यादि । यस्ता कार्यक्रम निजी स्कूलले मात्र गर्नुभन्दा केही स्कूलहरू मिलेर गर्नाले धेरै फाइदा हुन सक्छ ।

५. निष्कर्ष:

माथिका छलफलबाट हामीले निष्कर्षमा आइ पुग्छौं भने २०४६ साल चैत्र २६ गते पछिको बदलिदो नेपालको राजनैतिक परिप्रेक्ष्यमा अब नेपालको शिक्षा नीतिले पनि पूर्व प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म आमूल परिवर्तन गर्नु आवश्यक हुन आएको छ । विशेष गरी विगत झण्डै १५० वर्ष देखि नेपालमा चल्दै आएको शिक्षा नीतिलाई हेर्दा हामी के भन्न सक्छौं भने सन् १९५१ सालको राणाकालीन हुकुमी नेपालमा औपचारिक एवं अनौपचारिक शिक्षालाई एकदम दबाउने र उपेक्षा गर्ने नीति लिइए तापनि २००७ सालको क्रान्ति पछि १ दशक सम्म शिक्षाले पनि देशका अन्य सबै क्षेत्रले झैं प्रजातान्त्रिक वातावरणमा सास फेर्न पाई केही संख्यात्मक र गुणात्मक समेत उन्नति गर्न सक्यो । तर त्यसपछि संवत् २०१७ साल पुस १ गते देखि निर्दलीय पंचायती व्यवस्थाको जग हालिए पछि देशको राजनीति, अर्थनीति, समाजनीति, संस्कृतिमा झैं शिक्षा नीतिमा पनि प्राज्ञिक स्वतन्त्रतालाई पूरै हरियो र त्यसको ठाउँमा पंचायती गुणगान गर्न लगाइएकाले देशको शिक्षाले संख्यात्मक रूपमा निक्कै प्रगति देखाया तापनि गुणात्मक रूपमा त्यसको उत्थान र प्रगति हुन सकेन । अब २०४७ सालको शुरुदेखि हामीले बदलिदो बहुदलीय प्रजातान्त्रिक वातावरणमा टेक्न आइ पुगेकाले अब हाम्रो शिक्षा नीतिलाई त्यही अनुरूप स्वतन्त्र र फुक्का पार्नु परेको छ । त्यसै अनुरूप हामीले विद्यालय शिक्षाको पाठ्यक्रम पाठ्यपुस्तकमा नवीनता ल्याउनु पर्छ, शिक्षक विद्यार्थीमा प्राज्ञिक स्वतन्त्रताको भाव गर्नुपर्छ, अभिभावक, शिक्षक, संचालक आदिमा राम्रो आदान प्रदान गरी विद्यार्थीको शारीरिक, सांस्कृतिक, बौद्धिक, प्राज्ञिक, शैक्षिक स्थितिमा गुणात्मक परिवर्तन ल्याउन कम्मर कस्नु पर्छ । पंचायती जमानाको चाकडी चुक्ली, नातावाद, कृपावाद, भ्रष्टाचार, अनियन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मितता, छल नियमको हाकाहाकी उल्लङ्घनलाई पीठ फर्काई अब स्वतन्त्रता, समानता, विश्वबन्धुत्व, भ्रातृत्व र मानवीय मूल्य र मान्यताका आधारमा हामीले भावी विद्यार्थीको मन मस्तिष्कको निर्माण गर्नु परेको छ । हामी हाम्रो निवेदकले जे देख्छ त्यो नीलो र त्यसैलाई पछ्याई काम पनि गरौं । बदलिदो परिस्थितिमा हाम्रो विद्यालय शिक्षाको आधार यही नै हुनुपर्छ भन्ने ल.ग्दछ ।

२०४७।५।२२।६ काठमाडौं

२०४६ सालमा प्रकाशित निबन्धका पुस्तकहरू

विचारको खोइरो	–	कृष्णप्रसाद भट्टराई
उल्टोपट्टि	–	हरिवंदी
पठ्ठो नम्र रहरमा	–	मुकुन्द आचार्य
कर्णालीको अथ इति	–	रत्नाकर देवकोटा
घुम्टोभित्रको सयरङ्गी अनुहार हुम्ला	–	श्री कृष्ण गौतम

साझा प्रकाशन
पुल्चोक

विजय चालिसेको कथा संग्रह

प्रयोग/प्रत्यारोपण

प्रकाशित भयो ।

पठनीय छ, अवश्य पढ्नोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिल्लो पात

सर्वोच्च शिखर सगरमाथा

शुनिल मास्के

पृथ्वीको छातिमा उभिएको संसारको सर्वोच्च शिखर– 'सगरमाथा' उच्चारण नगर्ने नेपाली सायद छैन नै होला भने संसारको कुना काप्चोतिर रहेके भएपनि सगरमाथासंग अपरिचित मानिस विरलै होलान् ।

सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्ला स्थित खुम्बु हिमालय श्रृङ्खलामा पर्ने सगरमाथालाई तिब्बतिहरूले छोमोलोङमा (Chomolungma) अर्थात संसारको माता देवी र नेपालीहरूले सगरमाथा (आकासिदो शीर ?) नामले पुकारे तापनि सन् १८५६ मा सगरमाथा सर्वेक्षण (Survey) गरी अनमोल योगदान गरेको हुंदा सोही टोलिका टोली नेता Sir George Everest के नामबाट ससम्मान यस उच्च शिखरको Everest नामाकरण गरिएको हुंदा संसार भरका मानिसहरू एभरेष्ट हिमालयको नामले परिचित छन् ।

हिमालय (हिउँको घर) सगरमाथाको मात्र पर्यायवाची नाम नभै सिङ्गो नेपालको पर्यायवाची नाम भन्दा अतियुक्ति नहोला नै । वास्तविकता पनि यस्तै छ– देशको कुल भू–भागको १५.३५ प्रतिशत मात्र हिउँको ओढनाले ढाकेको छ भने समुद्रको सतहबाट ६००० मिटर भन्दा अग्ला २५० चुचुराहरू र ८००० मिटर भन्दा अग्ला संसारका १४ शिखरहरू मध्ये सगरमाथा (८८४८ मि.) लगायत जम्मा ८ उच्च शिखरहरू यहि भू–भागमा पर्दछन् ।

सन् १८५२ को कुरा हो एक दिन बंगाली कम्प्यूटर प्रमुख सर्भेयर जनरल अफ इण्डियाका हाकिमको कोठामा हुत्तिएर 'सर ! मैले संसारको सर्वोच्च शिखर पत्ता लगाएँ' भनि आश्चर्य साथ अत्तालिएर बोलेका थिए । आखिर यो आश्चर्यले वास्तविक रूप लिई यथार्थमा परिवर्तन भई छाड्यो । ६ वटा विभिन्न केन्द्र विन्दुबाट सर्भेगरे र तात्कालिन यस्को उचाई २९,००२ फिट (८८४० मि) निस्कन पुगेको थियो । जुन वर्तमान उचाई भन्दा मात्र २६ फिट कम थियो । यस उचाईको वृद्धिवाट वैज्ञानिकहरू यस शिखरको उचाई प्रति १० बर्षमा ७५ से. मी. देखि १ मि सम्म र प्रति १०० वर्षमा ७.५ मि. देखि १० मिटर सम्म वृद्धि हुने कुरामा निश्चित हुन पुगि आगामी २१ औं शताब्दीमा यस उच्च शिखर अझ उँचो भई ८८५८ मि.पुग्ने विश्वास गर्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब अनुसन्धानकर्ताहरू (Explorers) उत्तरी र दक्षिण ध्रुवहरूमा पाइलो टेक्न पुगे तब रहस्यमयी उच्च शिखर सगरमाथा नै प्रकृतिको अन्तिम कठिन पकडको रूपमा देखा पर्न थाल्यो भने यसलाई तेश्रो ध्रुवको उपनाम दिन पनि पछि परेनन् । संसारका मानव जातिहरू यस्को सौन्दर्यबाट टाढिन सकेनन् र दिन प्रतिदिन यो संसारभर फैलिन थाल्यो । वर्षेनी हजारौं मानिसहरू यसबाट आनन्द लुट्न झुम्मिन थाले । असिमीत चाहना बोकेका मानिस प्रयास गरे पछि असम्भवको साम्राज्य एकदिन अवस्य तोड्न सकिन्छ भन्ने अठोटमा पुगे । फलत रहस्यमयी उच्च शिखर आरोहण गर्ने कार्यमा मानिसहरू देखा पर्न थाले र सबभन्दा पहिले अंग्रेज पर्वतारोही जर्ज लिग मालोरा (George Leigh Mallory)लाई घचघच्याउन थाल्यो । उनी सन् १९२१ मा प्रथम पर्वतारोहीको रूपमा देखा परे । सबै उत्साही वर्गमा आँट थपिदिए ! भनिन्छ 'फुलको वास्ना वरिपरि मानिसको वास्ना डाँडा पारी' – यो खबरले संसार ढाक्न पुग्यो– सबैको ध्यान आकर्षण गरिदिए– सबैमा जोस जाँगर थपिदिए तर आफू भने यस कठिन कार्यमा लागि पर्दापर्दै सन् १९२४ मा २७,७०० फिटको उचाईमा सदाको लागि यस संसारबाट विदा भए । वलिदान बिना विजय असम्भव भन्ने निर्कोलमा मानिसहरू पुगि सकेका थिए तसर्थ मालोरी (Mallory) को देहावसान भएको तीन दशक अनि सगरमाथा नै पत्ता लगाएको ठीक एक शताब्दी पछि एक नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्ड निवासी एडमण्ड हिलारीले संयुक्त पाइला अगाडि बढाउन थाले । मानिसको साहस र अथक प्रयासको अगाडि प्रकृति पनि झुक्नै पर्‍यो– आखिर १९५३ मे २९ को दिन दुई वीर तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीको सफल आरोहणले संसारको सर्वोच्च त्यस सानो क्षेत्रफलको भू–भाग पनि मानिसले आफ्नो पाइलो टेक्न पुगे ।

यस क्रममा सन् १९८० मा (Reinhold Messner) रेइनहोल्ड मेसनर पहिलो पटक विना अक्सिजन समेत उक्त चुचुरोमा पाइलो टेक्न सफल भए । यसरी १९५३ यता विभिन्न मूलुकका झण्डै २०० महिला तथा पुरुष पर्वतारोहीहरू उक्त चुचुरोमा पाइलो टेक्न पुगे भने यस कठिन कार्यमा ६० भन्दा बढीले आफ्नो ज्यान गुमाइसकेका छन् । एक लाख भन्दा बढी पर्यटकहरू भने शिखर वरपरका क्षेत्रहरूमा यात्रा गरी आनन्द लुटी फर्किसकेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारङ्गीदेखि साँ–ग्रिलासम्म

अमरकुमार प्रधान

२०३५ को हिउँद याम । गोदावरी स्थित रा. वि. से. पूर्व सेवा प्रशिक्षण स्थलमा नेपाली भाषा शिक्षण समूहका विद्यार्थीहरूको जमघट बीच तेज, विजय र यस पंक्तिका लेखक भेट सहवासका अवसरमा भएका कुराकानीमा एउटा 'पत्रिका' निकाल्ने चर्चाको बीजारोपण भएथ्यो । अर्का एक मित्र थिए टीका सुब्बा । पछि उनको सहयोग प्राप्त हुन सकेन ।

२०३६ सालको रा. वि. से. कार्यक्रम सबभन्दा छोटो भयो राजनैतिक कारणले । मात्र ४ महीनामै पूरा भएको प्रमाणपत्र दिएर गाउँ–गाउँ गई १० महीनासम्म गाउँमा रही सेवा पूरा गर्नु पर्ने राम्रो उपयोगी कार्यक्रमलाई सदाकै लागि बन्द गरियो । काठमाडौंमा बसेका बानी लागेका हामीलाई यसरी एउटा उद्देश्यमूलक योजना बन्द भएकोमा दुःख थियो सामुहिक रूपमा । वैयक्तिक हिसाबमा चाहिं सँचो पनि ।

स्नातकोत्तर परीक्षा दिने क्रममा भेट हुँदा पनि चर्चा भै रहन्थ्यो पत्रिका निकाल्ने कुराकै । परीक्षा समाप्त भए पछि ४ जनाकै बीच भएको सानो भोजमा टुंगो लगाइयो– साहित्य प्रधान तीन महिने पत्रिका दर्ता गर्न आवेदन दिने । जिल्ला कार्यालय काठमाडौंमा निवेदन चार जनाले नै सही गरि दियौं । कार्यवाही कछुवा गतिमा चल्यो । त्यस बेला प्रहरी प्रतिवेदन अझ गोप्य प्रहरी प्रतिवेदन हरेक आवेदक निवेदक वा उम्मेदवारको अनिवार्य थियो । प्रहरी प्रतिवेदन ४ जनाको बुझ्नु उसमाथि कोही धनुकुटाको कोही दोलखा, कोही काठमाडौंको पनि पूर्व र पश्चिमी छेउको क्रमशः पालैसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्खँदा वर्षौं लाग्ने भएर छिटो छरितोको लागि मुख्य सम्पादक–प्रकाशक एक जनाकै नाममा दर्ता गर्न सहमति जनायौं।

त्यसबेला सम्म ४ जना नै थियौं विद्यार्थी। त्रैमासिक पत्रिका दर्ताको लागि अर्को शर्त थियो रु. २५,०००।– बराबरको बैंक पूँजी वा अचल सम्पत्ति। यसका निमित्त बाबा (रमेश विकल) को मंजुरीनामा सहित जग्गाको लाल पूर्जा तेर्साइयो। जिल्ला कार्यालयबाट स्वीकृतिको प्रक्रिया पूरा गर्न सूचना विभागमा पुग्यो। त्यहाँबाट पनि केही महिना पछि फर्क्यो। लाग्यो अब दर्ता प्रमाणपत्र हात लाग्ने भयो।

तर हैन। सूचना विभागले रुजु गर्दा 'नाम' दोहरिएको पाइयो। पत्रिकाको नाम सारङ्गी राखिएको थियो। जसको दर्ता जनकपुरबाट निस्कने वा निस्केको पत्रिकाको परेछ। बिलकुलै नदोहरिएको वा दर्ता नभएको नयाँ नामाकरण गरी फेरी सुरू कार्यवाही गर्नु पर्ने खण्ड आइलाग्यो। पूरा एक साल बिते तीनजना 'भावी' संपादकले 'नाम' सोच्नमा। त्यतिन्जेल दैनिक देखी वार्षिक रूपमा करीब ७०० नाम दर्ता भएका थिए। हरेक 'नाम' सोचे पनि दोहरिएको हुनु पर्ने आभास हुन्थ्यो।

यस्तै बेला 'गोरखापत्र' मा रमेश विकलको एउटा लेख निस्क्यो साङ्ग्रिला भू स्वर्ग 'को खोजीमा'। जेम्स हिल्टनको उपन्यास दी लस्ट होरिजन' मा प्रवेश पाई अंग्रेजी शब्द कोषमा समेत स्थान पाइसकेको 'साँग्रिला' 'तव्वती' शब्दै थियो। स्वर्गसँग तुलनीय भूतलमै भएको अनुमानित वा कल्पित 'साँग्रिला' कतै भए पनि वा नभए पनि शब्द चाहिं नेपालमा राम्ररी नै प्रचलित थियो: होटेल, पर्यटन र व्यापारिक उत्पादनहरूमा समेत।

नाम पक्कै नदोहरिने ठानेर साहित्यिक पत्रिकाको न्वारान साँग्रिला बाट गरियो। जिल्ला कार्यालयबाट फेरि सूचना विभागमा पुगी घुमि फिरी फर्क्यो दर्ता स्वीकृति भएर। सारङ्गीको धून बजाउने रहरले पुगेन 'साँग्रिला' मा पुऱ्याउनु पर्ने भयो।

दुःखबाट प्रर्वजित सुख, शोक–भोक–रोगले उन्मुक्त शान्ति र संतोष व्याप्त भू–स्वर्ग 'साँग्रिला' कहीं छ, छैन थाहा छैन। तर 'साहित्यमा' कमसेकम 'साँग्रिला'को परितोष मिल्ने आशा गरी साङग्रिला (दोस्रो अंक देखि उच्चारण शुद्धीकरण साँ ग्रिला) निस्कन थाल्यो। पच्चीसवटा भोटो फेर्दा यही 'लक्ष्य' तर्फ उन्मुख भएको यत्किंचित संतोष सम्म छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंग्रेजी शब्दकोषमा 'साँग्रिला' को अर्थ छ: युटोपिया जस्तै हिमाली भागमा कल्पित स्थल । 'साँ–ग्रिला'को चिनारी जेम्स हिल्टनले दिएका थिए । 'युटोपिया'को परिकल्पना थियो जेम्स मुरको । फरक यति हो सुख-संतोषले पूर्ण टापू थियो 'युटोपिया' । जहाँ मानिसहरू दीर्घजीवी स्वरूप, प्रसन्न रहन्थे । साँ–ग्रिला-साँ–ग्रिला चाहि हिमाली प्रदेश भित्र हुन सक्ने जन साधारणबाट निषिद्ध स्थल जहाँका मानिस अमर सुखी हुन्थे वा हुन्छन् ।

एउटा रोचक प्रसंग पनि उल्लेख गरौं: तिब्बतमा एकजना मानिस फेला पर्‍यो जो आफूलाई ४०० वर्षको उमेर बताउँथ्यो र आफ्नो उद्गम प्रदेश बारे रहस्य खोतल्न अनकनाउँथ्यो । उसलाई कुनै तरीकाले पेकिंग लगी परीक्षण गरियो ऊ ४० वर्षको मात्र देखिन्थ्यो शारीरिक सफलताको दृष्टिले । चीनका तत्कालीन शासक तथा प्रिय नेता माओत्सेतुङ्गले पनि साँ–ग्रिला बारे सुनेका थिए– खोज गर्न लगाएका थिए । त्यो ठाउँ पत्ता लाउन पाइएमा आफू पनि दीर्घजीवि हुन सक्ने चाहना उनमा पनि थियो । यस सन्दर्भमा उल्लेखित कार्य सहायक हुन सक्ने भएकोले उसलाई निगरानीमा राखियो । फकाइ फुला उसको घर गाउँबारे जान्न खोजियो तर उसले जहिले पनि पहेलीयुक्त जवाफ दिने गरेकोले भेउ पाउन सकिएन । त्यो व्यक्तिलाई बन्धन मुक्त गरी आफ्नो घर फर्कन भनियो यद्यपि गोप्य निगरानी यथावत थियो । तर त्यो व्यक्ति घर फर्केन बरू भारततर्फ लागि सीमावर्ति क्षेत्रको प्रसिद्ध गुम्बा 'स्वाङ मठ' मा सात वर्ष बिताएर मर्‍यो ।

चिनीया फौजले अप्रत्याशित रूपमा अतिक्रमण गरी स्वाङ मठ प्रवेश गरी पछि हटेको एउटा घटना बारे भारत चीन बीच खटपट परेको घटनाको अनुसन्धान क्रममा नै उल्लिखित प्रसंग चलेको थियो । सामरिक महत्व पटक्कै नभएको र विबादस्पद क्षेत्र पनि नठहरिएको 'स्वाङ मठ'मा चिनीया आक्रमण निरूद्देश्यपूर्ण थिएन । साँ–ग्रिलाबाट आएको अनुमानित व्यक्तिले मर्नु अघि कुनै नक्शा वा रहस्य छोडेको हुनु पर्ने परिकल्पनामा आक्रमण गरी खानतलासी भएको बुझिन्थ्यो ।

विज्ञानले अनेक रहस्यहरूको पटाक्षेप गर्दै लगेको छ तथापि कतिपय 'रहस्य'रहस्य नहोलान् र पनि कल्पनाको रहरले तिनलाई रोचक र विस्मतिपूर्ण बनाइ दिन्छ । हामी यिनै रहस्यको 'सुख' मा विस्मित हुन्छौं । साँ–ग्रिला यस्तै होला, होस् पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोण/प्रतिकोण

विजय चालिसे

- सयौं शहीदको रगत झलमलाएको छ– प्रजातन्त्रको विहानी भएर, हामी लाई सार्वभौम नागरिक बनाएर र मौलिक हकको प्रत्याभूति दिएर !
- र, हामी शहीदको रगतको आलो रंग नसुक्दै अलमलिन थालेका छौं; त्यही आलो रगत कुल्चिएर हामी आरोप-प्रत्यारोप, गाली गलौज र हिजैको स्वार्थपरक प्रवृत्तिमा रूमल्लिन थालेका छौं !
- सके स्वार्थ हाम्रो प्रवृत्ति हो र यसलाई संस्कार कै रूपमा टम्म भरेका छौं । यो भरियुन्जेल हामी 'म' बाट हामीमा पुग्न सक्दैनौं सायद मबाट 'हामी' मा पुग्नुको स्थिति विना प्रजातान्त्रिक संस्कारको वीजारोपण पनि गर्न सक्दैनौं ।
- संविधान प्रजातान्त्रिक आएको छ, नेपाली संप्रभू बनेका छौं, वाक तथा प्रकाशन स्वतन्त्रता र मौलिक हकको संविधानमा पूर्ण प्रत्याभूति भएको छ। एकदलीय निरंकुशताबाट हामी बहुदलीय प्रजातान्त्रिक युगमा फडको मारेका छौं ।
- संविधानमा धेरै कुरा प्रत्याभूत भएका छन्, तर व्यवहारमा तिनको प्रत्याभूति दिन सकिन्छ ? लिन सकिन्छ ? प्रश्न हाम्रो संस्कार र संस्कृतिको परिवर्तनसंग गाँसिएको छ र संस्कार – संस्कृतिलाई हामीले यति चाँडै बदल्ने मनस्थिति सायद बनाइसकेका छैनौं ।
- नत्र:

  – हिजो पंचको ढोका कुर्ने साहित्यकार र कतिपय बुद्धिजीवीले 'कुर्ने'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास छाड्ने थिए– पंचको साटो पार्टीको र नेताको ढोका कुर्नेका ठाउँमात्र फेर्ने थिएनन्, अभ्यास फेर्ने थिए।

– हिजो एकथरी नाउँ बेचेर स्तुति गर्नेहरू आज अर्कोथरीको स्तुति गरेर 'ठूला'को नाउँ बेच्दै आफ्नो ढूनो सोझ्याउने प्रवृत्तिलाई त्यागथे; स्तुति गानका नायक मात्र फेर्दैनथे।

– हिजोको राजकीय प्रज्ञा-प्रतिष्ठान सत्ताको लाचार छाया थियो त्यसैले ती प्रज्ञाले कुर्सी छोड्नु पर्छ भन्नेहरू नै त्यही नियम, त्यही परिवेश र कार्यप्रणाली भित्र सुटुक्क आफू स्थानापन्न हुँनासाथ त्यसैलाई प्रजातान्त्रिक देख्दैनथे न त बाँस जति बढ्छ उति निहुरन्छ भन्ने अनुभवलाई लत्याएर जर्जर बाँझ वृक्ष झैं रूखो भएर आत्म बरबाद गर्थे।

☫ विमोचन लोकार्पणमा शब्दान्तर मात्र भएको छ– संभवतः नयाँ प्राज्ञत्वको कुर्सी योगदान ! विमोचन विमोचन नै रहोस् वा लोकार्पणमा शब्दान्तर होस्, शैली उही छ, निशुल्क प्रचारको शोक उही छ, विमोचनकर्ता उनै छन्– राजनीतिक नेता र मन्त्री ! र संचार माध्यमको अभ्यास उही छ– कार्यक्रममा समाचार होइन,समाचारको मूल्य र महत्व होइन, नेताको अनुहार खोज्ने, मन्त्रीको अनुहार खोज्ने !

☫ राजनीति फेरिएको छ तर राजनीतिक संस्कार आफै फेरिएको छैन। हिजो सत्ता पक्षको दृष्टिमा सबै अराष्ट्रिय हुन्थे, मुठीभर हुन्थे र अर्को पक्षको विचार सुन्ने उनीहरूमा धैर्य हुँदैनथ्यो। र आजको राजनीति पनि संभवतः त्यस संस्कारबाट पूर्णतः मुक्त हुन सकिरहेको छैन। एउटा पक्षले अर्को पक्षलाई हिलो छ्याप्ने प्रवृत्ति अझ मेटिएको छैन। बौद्धिक सैद्धान्तिक प्रतिवाद भन्दा गालीगलौजको माध्यमलाई नै चुनावी हतियार बनाउने बानी पूरै मेटिएको छैन।

☫ प्रजातन्त्र संविधानमा अंकित शब्दमात्र होइन, व्यवस्था परिवर्तनबाट मात्र प्रजातन्त्र व्यवहारमा अनुवाद हुँदैन। प्रजातन्त्र जीवन पद्धतिमा पनि अनुवाद हुनुपर्छ, व्यक्ति व्यक्तिको व्यवहार, संस्कार र चरित्रमा पनि अनुवाद हुनुपर्छ र यसको उदाहरण राजनीति स्वयं बन्नुपर्छ !

हाट बजार (कथा संग्रह)

पठनीय छ, अवश्य पढ्नोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नूतन प्रकाशन

प्रयोग/प्रत्यारोपण (कथा संग्रह)

कथाकार:– विजय चालिसे, प्रकाशक:– साझा प्रकाशन
संस्करण:– पहिलो' २०४७ मूल्य रु.:– २७।२५,
पृष्ठ ७२+१०

खँरो पृष्टभूमिमा चार वटा मानवाकृति सलबलाएका–दुईटा सेता र दुइटा काला । जीवनका घामछाया दर्शाउने आकर्शक आवरण । त्यस भित्र समेटिएका १५ वटा कथाहरूको संगालो प्रयोग/प्रत्यारोपण' भर्खर बजारमा देखा परेको छ । कथाकार विजय चालिसे समाज, जीवन र संस्कार निर्माणका विसंगत तत्वहरूलाई प्रहार गर्नु पर्ने शैलीमा कथा कथ्नुमा खरिस छन् । यस अघि अनि कुइरो फाट्छ' (उपन्यास) र सह संकलन 'त्रिविध' कथा संग्रह (२०४४) प्रस्तुत गरिसकेका कथाकार चालिसेको यो प्रस्तुत कथा संग्रहमा वि. सं २०३० देखि २०४५ साल सम्म मधुपर्क, रूपरेखा, गोरखा पत्र, दीपिका, साँ–ग्रिला, संरचना, समष्टि,रचना आदि पत्रपत्रिकामा प्रकाशित भैसकेका कथाहरू संकलित छन् । यस संग्रहमा संकलित कथाहरूको विशेषताका सम्बन्धमा राजेन्द्र सुवेदीले 'प्रयोग/प्रत्यारोपण संग्रह संक्षिप्ति विचरण' गर्ने क्रममा (भूमिकामा) खास खास निम्नानुसार ५ वटा विशेषताहरू प्रक्षेपण गरेका छन्

१. पुरुष कथाकारले नारी मनस्थितिको उद्घाटन गर्ने काम गरेको छ
२. कथाको आयतन आकर्षक ढंगले छोटयाउने काम भएको छ
३. कथाले स्थानीय र क्षेत्रीय मात्र होइन व्यापक मुल्यलाई समेटेको छ
४. कौतुहलतालाई सचेततापूर्वक निर्वाह गरेको छ,
५. प्रस्तुतीकरणमा स्वभावोक्तिलाई प्रधानता दिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथाकार चालिसेका यस्ता विशेषताले भरिएका कथाहरू आफैंमा मार्मिक, सशक्त र भावमय छन् । प्रस्तुति रोचक र भाषा सरल छ । सम्पूर्णमा कथाकार चालिसे सफल देखिन्छन् । र संग्रह पठनीय छ । अन्यथा कथा संग्रहको साजसज्जा, कागज, छपाईमा खास खोट लगाउन नसकिए तापनि सझा प्रकाशन जस्तो संस्थाले प्रकाशन गरेको ७२ पृष्टको पुस्तकको मोल रू. २७।२५ तिर्नु औषत पाठक वर्गको बलबुताले भ्याउलाफैं लाग्दैन । साझाले यसतर्फ पूरै ध्यान पुराउनु आवश्यक देखिन्छ ।

— जगन्नाथ

अतीतका स्मृति

लेखक:— हरि श्रेष्ठ प्रकाशिका:- श्रीमती सरिता श्रेष्ठ
मुद्रक:— आवर्त प्रेस मूल्य:—

२०४६ सालको जन आन्दोलनको उपलब्धि प्रजातन्त्रको पुनर्स्थापन पछि रेडियो नेपालले 'नेपाल भाषा' मा समाचार प्रसारण (२०२२ सालमा बन्द गरेको) गर्न थालेको छ । बेलाबखत समाचार वाचकको रूपमा हामी हरि श्रेष्ठको नाम सुन्दछौं । हरि श्रेष्ठले वाचन गरेको 'नेपाल भाषा' को समाचारको मीठास मौलिक लाग्दछ ।

२००७ सालमा प्रजातन्त्रको उदय पछि प्रजातन्त्र नेपाल रेडियोले नेपाल भाषामा समाचार प्रसारणको आरम्भ २००८ साल वैशाख १ देखि गरेको थियो त्यसका सम्पादक र समाचार वाचक थिए हरि श्रेष्ठ ।

रेडियो नेपालले २०२२ साल देखि नेपाल भाषाको कार्यक्रम बन्द गरे पछि 'हरि श्रेष्ठ'को स्वर श्रोताले नसुने पनि उनको सेवा रेडियो नेपालले पाइरह्यो । उनका एकाङ्की, रूपक, नाटकहरू रेडियो नेपालको माध्यमबाट प्रसारित र प्रकाशित भैरहे । उनको संकलन— सम्पादनमा नेपाल भाषाका लोकगीतहरूको संग्रह प्रकाशित भएको छ ।

अतीतका स्मृति'कतै जीवनी लाग्दछ । कतै कथा जस्तो पनि । आफ्ना अतीतका दुःख सुखलाई अनुभूतिका रूपमा, कथाको स्वरूपमा विभिन्न खण्ड उपखण्डमा पोखिएको छ । कहीं लेखक वाचक बनेका छन्, कतै अन्तर्वार्ताको शैली अपनाइएको छ । भूमिकामा कृष्णचन्द्रसिंह प्रधानले भन्नु भएझैं 'अतीतका स्मृति' जीवनी नै हैन, इतिहास पनि हैन, घटना—वृतान्त पनि हैन, संस्मरण पनि हैन' तर 'अलिकती जीवनी, अलिकता इतिहास, अलिकति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वंशावली र अलि अलि संस्मरण मिसिएको विगत हो । यसमा पारिवारिक प्रसंग छ । राजनैतिक कविहरूसित उठवसका अपठ्यारा संझना छन् । राष्ट्रिय विभूति लक्ष्मीप्रसाद देवकोटा सितका मार्मिक क्षणहरू पनि व्यक्तयाइ-एका छन् । कता कती 'रोगी' को आत्मवृत छ, कतै कर्मचारीको मनोराग छ कहीं समाज सेवाको उत्पीडा छ । छोटकरीमा लेखकले आफ्नो जीवनका अनेक घटना केलाउने क्रममा तत्कालीन समाज, प्रशासन र राजनीतिलाई पनि छामेका छन् । अनुभवले ठम्याइएका कुराहरूको इमान्दारीपूर्ण अवलोकन प्रस्तुत कृतिको सम्प्राप्ति हो ।

पुस्तक संग्रहणीय, पठनीय तथा रोचक छ ।

– अ. कु.

यी पुस्तक पठनीय र संग्रहणीय छन्

कथा	लेखक
१. त्रिविध	अमरकुमार प्रधान
	विजय चालिसे
	तेजप्रकाश श्रेष्ठ
२. हाट बजार	तेजप्रकाश श्रेष्ठ
३. बाँकेका क्षणहरू	,,
४. प्रयोग/प्रत्यारोपण	विजय चालिसे
५. नौवेली	कृष्णप्रसाद परा ली
लोक साहित्य	
१. डोटेली लोक संस्कृति र साहित्य	विजय चालिसे
२. अछामी लोक साहित्य	तेजप्रकाश श्रेष्ठ
कविता	
१. तेस्रो कोण	गो गो ते
२. वादलका बुट्टाहरू	कृष्णप्रसाद पराजुली
विविध	
१. समाचार (लेखन र संपादन)	विजय चालिसे
२. अप्रेलको बेलाय्रत (यात्रा)	विजय चालिसे
३. भाषाको माया	कृष्णप्रसाद पराजुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यको चौतारी

बधाई

२०४६ सालको मदन पुरस्कार डा. राजेश गौतमले पाउनु भयो– 'नेपालको राजनैतिक आन्दोलनमा प्रजा परिषदको भूमिक 'शीर्षक पुस्तकका लागि । जगदम्बा पुरस्कारबाट विभूषित हुनु भयो 'मह' जोडी: मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । गत असोजमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले एक समारोह बीच उहाँहरूलाई पुरस्कारको प्रमाणपत्र र नगद राशी (रू. ५०,०००। पुरस्कार) हस्तान्तरण गर्नु भयो । इतिहासमा आफूले विद्यावारिधि प्राप्त गरेको शोध पत्रको प्रकाशन ग्रन्थ डा. गौतमको प्रस्तुत कृतिले ऐतिहासिक महत्व राखेको छ । खास गरी २०४६ सालको जन आन्दोलन मनस्थितिमा यस्ता प्रकाशनले प्रेरक भूमिका निर्वाह गरेथ्यो भनिदा अत्युक्ति हुँदैन ।

नेपाली नाटक, टेली चलचित्र, चलचित्र, हास्य व्यग्यात्मक, गीत प्रहसनको क्षेत्रमा मौलिक योगदान स्वदेश भित्र र विदेशमा पनि लामो समयदेखि अनवरत रूपमा प्रदान गरि आउन सक्षम कलाका द्वय 'मह' जोडीको लोकप्रियता उसै पनि थियो । जगदम्बा पुरस्कारको प्राप्तिले अझ बढी दायित्व थपेको अनुभव उहाँहरू स्वयंले व्यक्त गर्नु भएको छ भने प्रशंसकहरूलाई चाहिं प्रसन्नता दिलाएको छ ।

लेखनको माध्यमले नेपाली साहित्यको हास्य व्यग्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएकोमा हास्य व्यग्य क्षेत्रका महारथी स्वर्गीय भैरव अर्यालको नाममा स्थापित पहिलो भैरव पुरस्कार श्री केशवराज पिंडालीले पाउनु भएको छ । साहित्यकार यदुनाथ खनालले गत असोजमा 'भैरव अर्याल' जन्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयन्तीको अवसरमा उहाँलाई पुरस्कार प्रदान गरिँदा एकातिर दिवंगत हास्यव्यंग्यकार प्रति श्रद्धाञ्जली अर्पण गरिएको अर्कोतिर जीवित साहित्यकारहरूको उचित सम्मान भएको रोचक अनुभव भयो ।

यसरी नै स्व. साहित्यकार झपट बहादुर राणाको ९५ औं जन्म जयन्ती समारोहमा गत कार्तिक १ गते उद्योग वाणिज्य मन्त्री साहना प्रधानले कवि तथा भाषा सेवी कृष्ण प्रसाद पराजुलीलाई झटप पुरस्कार वितरण गर्नु भयो । झपटबहादुर राणाको अप्रकाशित कविताहरूको संकलन– सम्पादन तथा अनुसन्धान गरी भञ्ज्याङ्को सुसेली शीर्षकमा प्रकाशन गर्न योग्य पारे वापत यो पुरस्कार प्रदान गरिएको हो ।

पुरस्कृत व्यक्तित्वहरूमा हाम्रो हार्दिक बधाई । पुरस्कार संस्थापक–चयनकर्ताहरूमा साधुवाद ।

समवेदना

नेपाली भाषा र समालोचनाका क्षेत्रमा चर्चित उप प्राध्यापक हिरामणि शर्मा पौडेलको गत कार्तिक ३० गते ४५ वर्षको उमेरमा क्यान्सरले असामयिक निधन भयो । श्री पौडेलका समालोचनात्मक ग्रन्थहरू समालोचनाको बाटोमा परिक्रमा, केही साहित्यिक विवेचना, रचना: विवेचना, भाषागत अध्ययन सम्बन्धी पर्वती भाषिकाको स्वरूप र संरचना, बोटे भाषाको शब्दकोश, बोटे भाषाको अध्ययन, कुमाल भाषाको अध्ययन आदि कृतिहरू प्रकाशित छन् । उहाँको असामयिक निधनमा प्रगतिशील लेखक संघ र त्रि वि. नेपाली शिक्षण समितिले शोक सभाहरू गरी श्रद्धा सुमन अर्पण गरेका छन् ।

दिवंगत आत्माको चिर शान्तिको कामना र शोक संतप्त परिवार प्रति समवेदना ।

अ. कु. प्रधान

तेजप्रकाश श्रेष्ठद्वारा लिखित

नेपालमा सार्वजनिक निर्माण सम्बन्धी

लेखा व्यवस्था

विद्यार्थी, कर्मचारी र अन्य जिज्ञासुकालागि अति उपयोगी छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली साहित्यको विकासमा 'साँ–ग्रिला'को योगदान

गोपीकृष्ण शर्मा

नेपालमा साहित्यिक पत्रिकाको प्रकाशनको थालनी सर्वप्रथम १९९१ सालमा 'शारदा' नामक मासिक पत्रिकाबाट भएको हो। यसपछि साहित्य-स्रोत, प्रगति, इन्द्रेणी, नेपाली, रूपरेखा, मधुपर्क, रचना, गरिमा आदि थुप्रै सार्वधिक साहित्य प्रधान पत्रिकाहरू देखा परेका हुन्। यिनमध्ये कतिपय पत्रिकाको प्रकाशनक्रम रोकिएको छ भने अन्य पत्रिकाहरू प्रकाशित हुँदै आएका छन्। खास गरेर व्यक्ति वा समूहबाट सञ्चालित पत्रिकाभन्दा सङ्गठित संस्थाबाट निस्कने साहित्यिक पत्रिकाहरू दिगो भएका देखिन्छन्। यति भएर पनि साहित्यप्रति निःस्वार्थ अभिरूची राख्ने सौखिन साहित्यकारहरूको समूहबाट निजी श्रम र दौडधूपका आधारमा केही साहित्यिक पत्रिका निस्कने गरेका छन् र यिनलाई स्थायित्व प्रदान गर्ने प्रयास पनि देखिएको छ। यस्तै खालको सत्प्रयास अन्तर्गत चौबिसौं प्रकाशन पूरा गरेर पच्चीसौं पूर्णाङ्कका रूपमा प्रकाशन हुन लागेको 'साँ-ग्रिला' पत्रिकाले नेपाली साहित्यका जिज्ञासुहरूकालागि निकै सामग्री प्रदान गरेर महत्वपूर्ण योगदान पुऱ्याएको तथ्य उल्लेखनीय छ।

विजय चालिसे, अमरकुमार प्रधान र तेजप्रकाश श्रेष्ठको सम्पादकत्वमा साँ-ग्रिला कार्यालय, चिकँमुगल, काठमाडौंबाट साहित्यिक त्रैमासिक पत्रिकाका रूपमा 'साँग्रिला'को पहिलो प्रकाशन २०३६ साल वैशाख–जेठ–असारमा भएको थियो। प्रस्तुत पत्रिकाको प्रमुख सल्लाहकारको आसनमा सुरुदेखि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसिद्ध साहित्यकार रमेश विकललाई स्थापित गरेको देखिन्छ । यस क्रममा पत्रिकाको न्वारन गर्ने काममा समेत प्रमुख सल्लाहकारको सम्मति रहेछ भन्ने कुरा प्रवेशाङ्क कै सुरू पृष्ठमा रमेश विकलको उद्धरित लेख 'सांग्रिला' एउटा भूस्वर्ग' (प्रथम प्रकाशन: गोरखापत्र, २०३७ फागुन २४) बाट थाहा हुन्छ । यसबारे पहिलो अङ्कको सम्पादकीयका रूपमा रहेको 'साँग्रिलाको पातो' स्तम्भमा भनिएको छ–

'साँग्रिलाको यस प्रवेशाङ्कमा 'साँग्रिला एउटा भूस्वर्ग' शीर्षक लेख गोरखापत्रबाट साभार प्रस्तुत गरिएको छ । पत्रिकाको नामबारे पाठकहरूको जिज्ञासा मेटाउन उक्त लेख सक्षम होला भन्ने हामीलाई आशा छ ।' (पृ. ५७)

रमेश विकलको उक्त लेखमा 'साँग्रिला'शब्दलाई अंग्रेज उपन्यासकार जेम्स हिल्टनबाट आफ्नो उपन्यास 'हराएको क्षितिज' (लस्ट होराइजन, ई. १९३३) मा लामामठ भन्ने अर्थमा प्रयुक्त भएको चर्चा पाइन्छ । 'साँग्रिला' को अर्थ स्पष्टयाउने सन्दर्भमा रमेश विकलको धारणा छ–

'तिब्बती भाषामा साँग्रिलाको अर्थ विभिन्न रूपमा लगाएको पाइन्छ । 'ला' अर्थात् पर्वतको घाटी (Pass) वा उद्यान, घर, स्थान इत्यादि र साँग्रि अर्थात् धूपी वा त्यस्तै अलौकिक सुवासयुक्त वस्तु । अब यसरी दुवै शब्द मिलाएर अर्थ लगाउँदा यसको संयुक्त भावार्थ (शब्दर्थ) भयो धूपीको बगैंचा वा वन, धूपीको घाटी, पारलौकिक सुवासको उद्यान, अझ दिव्य सुवासको स्थल वा घर ।" (साँग्रिला, वर्ष १, अङ्क १, पृष्ठ २)

यही 'साँग्रिला' शब्दलाई पत्रिकाको शीर्षकमा चयन गर्नुमा विशेष व्यञ्जना अन्तर्भूत भएको छ । तदनुसार 'साँग्रिला' पत्रिका विविध साहित्य-सम्बन्धी सूचनाप्रद सामग्रीले समेत एक आकर्षक साहित्यबाटिका बनोस् भन्ने लक्ष्य सम्पादक मण्डलमा रहेको अनुभव हुन्छ । यस क्रममा नवोदित तथा सिद्धहस्त साहित्यकार समालोचकहरूका कथा, कविता, समालोचना, हास्य-व्यङ्ग्य, नाटक, निबन्ध र भेटवार्ता आदि विविध आस्वादयुक्त रचना प्रकाशित गरेर साँग्रिलाले आफ्नो चाहनालाई साकार बनाउँदै लगेको प्रतीत हुन्छ ।

आफ्नो प्रकाशन समयावधिबारे यस पत्रिकाले प्रवेशाङ्कमै 'साँग्रिलाको अनुरोध' शीर्षकमा स्पष्ट उल्लेख गरेको छ– 'साँग्रिला हरेक तीन महिना भित्र (असार, असोज, पुस र चैत्र गरी वर्षमा ४ पटक) प्रकाशित हुनेछ'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पृ. ३८) । तदनुसार पहिलो अङ्क २०३९ साल असारमा प्रकाशित भएको हो र सुरुमै वैशाख जेठ असार गरी तीन महिनालाई सङ्केत गरिएको छ । यसरी २०३९ वैशाखबाट नै तीन तीन महिनाको समयमात्र गन्नुपर्ने हुन्छ र अहिले आएर २०४७ असारसम्म महिनाको गणनामा ९९ महिना पर्दछन् । यसभित्र प्रति तीन महिना एक पूर्णाङ्कका हिसाबले ३३ पूर्णाङ्क प्रकाशित हुनुपर्ने थियो । तर गत २०४७ असारसम्म जम्मा २४ पूर्णाङ्क मात्र प्रकाशित भएका छन् । वर्ष अनुसार निर्धारित शृङ्खलामा हेर्दा २०३९ र २०४० सालमा तोकिए बमोजिम ४।४ अङ्क प्रकाशित छन् । २०४१, २०४२, २०४३ र २०४६ सालमा ३।३ अङ्क मात्र छापिएका देखिन्छन् । २०४५ सालमा २ अङ्क र २०४४ सालमा १ अङ्क प्रकाशित भई २०४७ सालको सुरू तीन महिनामा १ अङ्क देखापरेको छ । यस किसिमले बेलाबखत प्रकाशनको नियमिततामा व्यवधान आउनु कुनै नौलो कुरा होइन । यहाँनेर सम्झनु पर्ने कुरा के छ भने प्राय: निजी स्तरमा कतिपय उत्साही साहित्यिक बन्धुहरू मिली विभिन्न रचनागत तथा आर्थिक स्रोत जुटाएर साहित्यिक पत्रिकाको प्रकाशन आरम्भ गर्छन् । नियमितताको निर्वाहका सन्दर्भमा सधैं समान स्थिति रहँदैन । सबभन्दा ठूलो अकाल स्तरीय लेखरचनाको हुन्छ । यसपछि समयको अभाव, आर्थिक कठिनाइ, विज्ञापनदाता मनग्गे नपाइनु आदि बाधा-व्यवधान आइपर्छन् । यस्ता अप्ठेराहरूको अपवादमा साँग्रिला पनि उभिन सक्दैन । यति भएर साँग्रिलाले कुनै वर्ष नटुटाई अहिलेसम्म जेजस्तो उत्साह र समर्पण देखाउँदै आएको छ त्यसकालागि साँग्रिला परिवारप्रति धन्यवाद नदिई रहन सकिदैन ।

अहिलेसम्म 'साँग्रिला'का पूर्णाङ्क १ देखि २४ सम्मका अङ्कहरूमा प्रकाशित लेख रचनाहरूमा कथा ७१ कविता १४४, लेख निबन्ध १०४, नाटक ६, भेटवार्ता ५ र स्थायी स्तम्भ १४० गरी जम्माजम्मी ४७० रचनाहरू प्रकाशित भइसकेका छन् । स्थायी स्तम्भमा हरेक अङ्कमा कम्तीमा ३ र बढीमा ७ स्तम्भहरू रहेका छन् । यिनमध्ये नूतन प्रकाशन (३७ रचना) चिल्लो पात (२३ रचना) र साँग्रिलाको पातो (२४ रचना) नामका तीन स्तम्भहरू प्राय: सबै अङ्कमा रहेका देखिन्छन् । अन्य स्तम्भहरू हुन् - घट्टराज भट्टराईद्वारा प्रस्तुत 'खोज खबर' (४ रचना) अमरकुमार प्रधानद्वारा प्रस्तुत 'साहित्यको चौतारी' (२१ रचना) शिव भट्टराईद्वारा प्रस्तुत 'चिन्तनका क्षण' (७ रचना), विजय चालिसेद्वारा प्रस्तुत 'अनुभूतिका डोबहरू' (११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचना) तेजप्रकाश श्रेष्ठद्वारा प्रस्तुत 'श्रुति अनुश्रुति' (१२ रचना), 'पाठक प्रतिक्रिया' र 'कोण प्रतिकोण आदि ।

'साँग्रिला'ले कथाहरूको प्रकाशनका सन्दर्भमा सिद्धहस्त कथाकारका कथाहरूलाई प्रकाशनमा ल्याएर ठूलो गुन लगाएको छ । रमेश विकल, ध्रुव-चन्द्र गौतम, मोहनराज शर्मा, पूर्णप्रसाद ब्राह्मण, अनिता तुलाधर, मनु ब्राजाकी, माया ठकुरी, भागीरथी श्रेष्ठ, भाउ पन्थी, विश्वेश्वरप्रसाद कोइराला, शंकर कोइराला आदि थुप्रै चर्चित कथाकारहरूका कथालाई समेटेर यसले ठूलो योगदान पुऱ्याएको छ । यसै गरी कविताका क्षेत्रमा पनि सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, कृष्णप्रसाद पराजुली, क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, विष्णु विभु घिमिरे, ईश्वर बल्लभ, मोहन कोइराला, जीवन आचार्य, विनोद अश्रुमाली, जैनेन्द्र जीवन, शलभ, अविनाश श्रेष्ठ, माधवलाल कर्माचार्य, मञ्जुल, उपेन्द्र श्रेष्ठ र नवराज कार्की आदि बहुसंख्यक कविका कविताहरू साँग्रिलाका अङ्कहरूमा समाविष्ट छन् । फणीन्द्रराज खेताला र अशेष मल्ल समेतका केही नाटक एकाङ्कीलाई समेत साँग्रिलाले आफूभित्र समेटेको छ । आनन्ददेव भट्ट, देवीचन्द्र श्रेष्ठ, कमल दीक्षित र नारायण बहादुर सिंह आदि चर्चित निबन्धकारका निबन्ध पनि यसमा समाविष्ट छन् । यसरी हेर्दा सिर्जनाको फाँटमा साँग्रिलाले लेखक र पाठक दुवैलाई ठूलो गुन लगाएको छ ।

लेख रचनाका क्रममा पनि साँग्रिलाको योगदान कम उल्लेख्य छैन । सिद्धहस्त समालोचकदेखि लिएर नवोदित लेखकका रचनाहरू यसभित्र समेटिएका छन् । समालोचक कृष्णचन्द्र सिंह प्रधान, मोहनराज शर्मा, दयाराम श्रेष्ठ सम्भव, घटराज भट्टराई, शरदचन्द्र शर्मा भट्टराई, राजेन्द्र सुवेदी, हिमांशु थापा, ईश्वर बराल आदि थुप्रै चर्चित समालोचकका दृष्टिहरू यस भित्र संकलित छन् । हास्यव्यङ्ग्य र यात्रा निबन्धको क्षेत्रमा पनि साँग्रिलाले राम्रो भूमिका निर्वाह गरेको छ ।

स्थायी स्तम्भहरूको सुनियोजित समायोजन यस पत्रिकाको अर्को महत्वपूर्ण पाइला हो । नूतन प्रकाशनको स्तम्भले पाठकलाई नयाँ प्रकाशनको सूचनाका साथै पुस्तकीय उपलब्धिबारे जानकारी दिलाउँछ भने चिल्लो पात स्तम्भमा नवोदित कविका कविता र बाल कविता छापेर साँग्रिलाले नव प्रतिभालाई प्रोत्साहन दिने गरेको छ । स्थायी स्तम्भ अन्तर्गत उल्लेखनीय पक्ष हो- साहित्यको चौतारी । यस स्तम्भ अन्तर्गत साहित्यिक फाँटमा बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बखत भए गरेका साहित्य गोष्ठी, पुरस्कार, पुस्तक विमोचन, साहित्यिक संस्थाको गठन, सभा–सेमिनार, साहित्यिकको मृत्यु आदि महत्वपूर्ण सूचनाहरूलाई लिपिबद्ध गरेर यस पत्रिकाले स्थायित्व प्रदान गर्ने गरेको छ। खोज खबर स्तम्भ भित्र पुराना दुर्लभ र अप्रकाशित सामग्री छापिने गरेका छन्। सुन्नुहुन्छ ? स्तम्भले साहित्यकार बीचको चुट्किलो कुराकानीलाई प्रकाशमा ल्याउने गरेको देखिन्छ।

कतिपय अङ्कमा यस पत्रिकाले 'चिन्तनका क्षण' नामक स्तम्भको आयोजन गरेर वरिष्ठ चिन्तकहरूबाट साहित्यिक समस्याबारे लिखित उत्तरहरूको संग्रह तँयार पार्ने गरेको छ। पूर्णाङ्क ३ मा 'वर्तमान साहित्यिक उपलब्धि सन्तोषजनक छ वा छैन' भन्ने विषयमा कृष्णचन्द्र सिंह प्रधान, डा. तारानाथ शर्मा, दयाराम श्रेष्ठ, रमेश विकल, रोचक घिमिरे, डा. चूडामणि बन्धु, ईश्वर बल्लभ र मोहनराज शर्मा आदि चिन्तकका विचारहरू संकलित छन्। यसपछिका धेरैजसो अङ्कमा पनि चिन्तनका क्षण अन्तर्गत सूर्यविक्रम ज्ञवाली, डा. वासुदेव त्रिपाठी, रत्नध्वज जोशी, मदनमणि दिक्षीत, कृष्णप्रसाद पराजुली, शिवप्रसाद सत्याल आदि धेरै विद्वान्हरूलाई सहभागी बनाएर विचार बटुल्ने प्रयास गरिएको छ। यस खालको योजनाले पनि पत्रिकालाई बढी पठनीय तुल्याएको अनुभव हुन्छ।

साँग्रिलाका चौबिसै अङ्कहरूमा प्रकाशित कृतिहरूको बारेमा सोलोडोली अध्ययन गर्नु निकै कठिन कुरा हो। एउटै कविता वा कथाबारे धेरै भन्न सकिने दृष्टि सापेक्षतामा लगभग पाँचसय फुटकर कृतिबारे यही नै भनेर ठम्याउनु अन्धाले हात्ती छाम्नु जस्तै हो। यति भएर पनि समष्टिमा साँग्रिला के हो र यसको प्रमुख उपलब्धि कुन क्षेत्रमा छ भन्ने विषयमा थोरथोर प्रकाश पार्ने उद्देश्यले कलम चलाउने धृष्टता गरिएको हो। यस लेखलाई एक प्रकारले २४ अङ्कको संकलित पत्रिका समीक्षाको कोटिमा राख्न पनि सकिन्छ। यस सन्दर्भमा परिशिष्टमा दिइएका कथा, कविता, लेख निबन्ध र नाटक आदिका प्रकाशनगत कालक्रमिक एव वर्णानुक्रमिक सूचीले पनि आहिलेसम्म साँग्रिलाको योगदान के रहेछ भनेर खुट्याउन सजिलो पर्दछ।

अन्तमा साँग्रिला परिवारले साहित्यिक पत्रिकाको प्रकाशन दायित्व बोकेर जुन योगदान पुऱ्याएको छ त्यो अवश्य पनि सन्हाहनीय छ। विशेष गरेर विजय चालिसे, तेजप्रकाश श्रेष्ठ र अमरकुमार प्रधानको साहसलाई भुल्न सकिदैन। साँग्रिला चिरञ्जीवी बनोस्, हरियाली झाङ्गिदै जाओस् यही आन्तरिक शुभकामना छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

शाँ-ग्रिला पूर्णाङ्क १ देखि २४ सम्म प्रकाशित सन्दर्भ सूची

कथा/लघुकथा

सि. नं.	कथाकारको नाम	शिर्षक	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अच्यूतप्रसाद चालिसे	सुनबाखी	१७	५	५१
२.	अच्यूतरमण अधिकारी	तीन लघुकथा	४	१	२५
३.	अनिता तुलाधर	तृष्णा	३	१	५३
४.	अमरकुमार प्रधान	स्वप्न दृश्य	२३	७	४९
५.	"	शान्तिः कान्ति	२४	८	३४
६.	अमर शाह	व्यूह भित्र	५	२	४३
७.	आमोददेव भट्टराई	मौन व्यथा	१९	६	१
८.	आनन्दराम आचार्य	तुङथली गाउँ	२१	७	३८
९.	इन्दिरा बिष्ट 'निरिह'	अर्को विहे	२२	७	४८
१०.	ओममणि शर्मा	अपुतो	६	२	५
११.	किशोर कुँवर	कोल	६	२	१९
१२.	"	आक्रोश	२१	७	५०
१३.	किशोर पहाडी	महाभारत	५	२	३७
१४.	कुमार ज्ञवली	अव्यक्त प्रेम	१८	५	४७
१५.	केश पथिक	इच्छा	१२	३	५४
१६.	कृष्ण गौतम	स्वयम्बर	१७	५	१
१७.	गोपाल पराजुली	साफे	६	२	५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८.	गोविन्दप्रसाद कुसुम	विश्वास	१६	६	२६
१९.	,,	प्रायोग	२१	७	२२
२०.	जानकी कर्माचार्य	विडम्बना	१५	४	४१
२१.	तेजप्रकाश श्रेष्ठ	आफ्नो मान्छे	१२	३	२१
२२.	,,	विदाको दिन	१८	५	६१
२३.	दिनेश सत्याल	खेत	४	१	२६
२४.	धीरेन्द्र मल्ल	माने तामाङ्को दिन चर्या	२१	७	२९
२५.	ध्रुवचन्द्र गौतम	आगो	१	१	६
२६.	,,	असन्तुलित	६	३	१६
२७.	निर्मोही व्यास	दृश्य परिवर्तन	२२	७	१३
२८.	न्यूएन थे फिओंग (अनु. कृ. प्र. श्रेष्ठ)	भूतपूर्व कलाकारको आत्मकथा	१	१	१८
२९.	पूर्णप्रसाद ब्राह्मण	अमृत मार्ग	३	१	३०
३०.	,,	आँधी	७	२	४
३१.	भागिरथी श्रेष्ठ	श्यामेको सपना	६	२	४५
३२.	,,	अभिषक्त	१२	३	३०
३३.	,,	मोड	२०	६	४१
३४.	भाउ पन्थी	महाप्रस्थान	८	२	२९
३५.	,,	हाललाई स्थगीत	१८	५	४१
३६.	मधुवन पौड्याल	सुरचिता वलिन र सम्झनाको तरङ्ग	२४	८	२२
३७.	मनु ब्राजाकी	चौथो दावेदार	९	३	३४
३८.	,,	अध्यारोमा शान्ति	२३	७	३५
३९.	महेश प्रसाई	र माने रचाक्सन	५	२	३१
४०.	,,	उसको मृत्यु	१७	५	२६
४१.	माया ठकुरी	घामछायाँ	८	२	५८
४२.	,,	सर्पदंश	१३	४	५१
४३.	मुकुन्द ढुंगेल	मान्छेको मोल	१६	५	१
४४.	मुरारी अधिकारी	चिया	२	१	३१
४५.	,,	मुस्कान	८	२	४५
४६.	,,	सीपका पानाहरू	२१	७	७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४७.	मोहनराज शर्मा	नीलो घरको हरियो कोठा	१	१	२९
४८.	,,	लेखनीदास	१४	४	२२
४९.	रमेश विकल	गलेटिन र गर्धन	३	१	१३
५०.	,,	ठण्टी काकी	२४	८	१
५१.	रामप्रसाद पन्त	अनुपस्थित एकरातको	२४	८	५३
५२.	रासी पाण्डे	वरगाछी	२२	७	५
५३.	वरबोटे बाहुन	जाग्यो जवानी	१६	५	६२
५४.	बाबा न्यौपाने	कल्पनाको शिकार	१९	६	३७
५५.	,,	छोरो	२२	७	२८
५६.	वासु वराल	अस्तित्ववोध	१६	५	२०
५७.	विजय चालिसे	विखण्डन	१०	३	३८
५८.	विश्वनाथ न्यौपाने	पुल जो दुईभाग जोड्छ	१५	४	१६
५९.	विश्वेश्वरप्रसाद कोइराला	भैंयादाई	१३	४	६६
६०.	श्याम जोशी	रिक्तता	१७	५	५५
६१.	सजल	किरमिर किरमिर केही घर्साहरू	२०	६	८७
६२.	संजय थापा	खोजी पछिको खोजी	७	२	५०
६३.	सन्तोष भट्टराई	प्रशिक्षण	४	१	३६
६४.	,,	हामी कहाँ जाने	९	३	५२
६५.	हर्वट कुनर	परफारमेन्स	१०	३	२३
६६.	हरिहर अधिकारी	भूतपूर्व	३	१	६८
६७.	हरिगोविन्द लुइटेल	सभा	४	१	२७
६८.	,,	दुई लघुकथा	१३	४	४१

कविता

सि. नं	कविको नाम	शिर्षक	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अन्जिर प्रधान	यो शहर	८	३	५२
२.	अनुक्रमराज	हो यो शहर हो यहाँ यस्तै गर्नुपर्छ	५	२	५६
३.	,,	गीत	१७	५	३८
४.	धणि सुवेदी	भाषा: दुई कविता	९	३	४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. अमृतलाल श्रेष्ठ	हामी भित्रको भोक	२४	८	१३
६. अविनाश श्रेष्ठ	सूर्य शिकार	६	२	५१
७. ”	नदी नाङ्गो छ	८	२	६६
८. ”	प्रमिथसको सुस्केरा	१७	५	२५
९. अशेष मल्ल	हामी विश्राम लिनेहरू	१	१	३४
१०. अज्ञय	मरूस्थल कविताको शृंखला	२०	३	३६
११. आनन्ददेव भट्ट	कुण्ठा र नैराश्यका बादल भित्रबाट	१४	४	११
१२. इन्द्रकुमार सरित	कथा व्यथा	२०	६	१२
१३. इश्वर बल्लभ	छाल र समुद्रको छाल	७	२	७
१४. उपेन्द्र श्रेष्ठ	क्रममा कुण्डिएको म	४	१	२९
१५. ”	अन्त भयो अन्त्यहीन मेरो यात्रा	९	३	५७
१६. ”	कति हिँडिरहूँ यो कुइरो भित्र	१२	३	४१
१७. एन. पी ज्योत्स्ना	बादल काला हुन् वा सेता	६	२	६८
१८. कणाद महर्षि	गजधम्म एउटा पहाड	१	१	३५
१९. ”	बीजहीन वृष्टी	६	२	३८
२०. ”	तब एउटा बाजा बजाउनु	९	३	६३
२१. ”	घाउ दुखिरहेको हो	१८	५	१३
२२. किशोर पहाडी	र धरहरा चुपचाप भत्केर मसान भयो	२	१	३३
२३. कुमारधर शर्मा ज्ञानी	अपूर्ण पुण्य कार्य	१८	५	७
२४. कुमुद देवकोटा	राम नाम कृष्ण श्रद्धान्जली भाषण	१६	५	२३
२५. कूलचन्द्र कोइराला	जीवन	२१	७	१४
२६. केदारमान व्यखित	कविताका आठ टुक्रा	२	१	१२
२७. केश पथिक	खैं जन्मेको बादललाई के शुभ कामना दिउँ	७	२	२८
२८. केशव प्रधान	गजल	२२	७	२०
२९. कृष्णप्रकाश श्रेष्ठ	सोभियत संघका दुई कविता	१८	५	२३
३०. कृष्णप्रसाद पराजुली	आउ माटोमा अभिषेक गर्न	२०	६	१
३१. ”	सुख फुल्ने र दुःख भुल्ने गीत	२३	७	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२.	कृष्णप्रसाद भट्टराई	धर्तिमा प्रतिज्ञा गरिरहेछन्			
		मुक्ति योद्धाहरू	१	१	३७
३३.	कृष्णवम मल्ल	मेच बस्ने मानिस	६	२	१३
३४.	कृष्णबहादुर सिंह	काल चक्र	४	१	१२
३५.	कृष्णभक्त श्रेष्ठ	जीवन विउँतिन्छ फेरि	१४	४	१७
३६.	कृष्णभूषण वल	म ओधान	२	१	३०
३७.	,,	आजकल	११	३	५७
३८.	गणेश योन्जन	आँधी	२	१	५६
३९.	गोपाल पराजुली	पृथ्वीमाथि आलेख	१	१	१६
४०.	गिरीराज आचार्य	मोजमज्जा त जिन्दगीकोखेल हो	८	२	५७
४१.	गोविन्दवाबु तिवारी	धर्म कर्म र संकल्प	२२	७	४
४२.	,,	जुलुश एउटा दिवसको	२४	८	२७
४३.	जगदीशप्रसाद श्रेष्ठ	संवेदना	१६	५	२५
४४.	जनकप्रसाद हुमागाईं	म काम गर्छु	१६	५	४१
४५.	जितेन्द्र महत अभिलाषी	तिमी र म	१८	५	४०
४६.	जीवन आचार्य	एउटा माला	४	१	६३
४७.	जीवन सुवेदी	यो फूलको होइन पत्थरको जीवन	१०	३	६५
४८.	जैलेन्द्र जीवन	तिमीहरू	५	२	५२
४९.	तुलसी दिवस	साँगुरी	८	२	२६
५०.	तेजप्रकाश श्रेष्ठ	यो सल्लेरी हो	२	१	५८
५१	,,	कफ्यूँ हिँडिरहेछ	२४	८	२०
५२.	तोया गुरुङ	धेरै दिनका कुरा	८	२	४४
५३.	,,	नलेखिएको कविता	१२	३	१८
५४.	दामोदर गिरी	वसुदैव कुटुम्बकम	१९	६	४४
५५.	दिनेश अधिकारी	कोपरा	१	१	२७
५६.	,,	बादल	५	२	२९
५७.	,,	यन्त्रणाहरूको बाझमा	१३	४	१५
५८.	दिव्य गिरी	गजल	६	२	४४
५९.	दिल्ली राज रेग्मी	कवि शिरोमणी प्रति श्रद्धान्जली	११	३	३४
६०	दीपक मुडभरी	सर्वश्रेष्ठ सुन्दरी	१८	५	४५
६१.	ध्रुव कृष्ण दीप	सगरमाथा र गुनगाथा	२	१	२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२. ध्रुवकृष्ण दीप	ढुंगाको पनि छाती हुन्छ	१०	३	२५
६३. ,,	तीन चानचुन कविता	१५	४	३५
६४. ,,	तीन मसिना कविता	१६	५	३
६५. नवराज कार्की	पानी	५	२	१७
६६. नारायण भण्डारी	वर्तमानसँग एउटा युद्ध	२	१	५३
६७. ,,	विकल्पको खोजीमा गएका आँखाहरू	७	२	१५
६८. ,,	वर्तमान र अभिशक्तमत	२३	७	४७
६९. पदम क्षेत्री	तबेलाका घोडाहरू	१९	६	१९
७०. पुरूषोत्तम सुवेदी	क्रममा बाँधिएको गीतयात्रा	२३	७	२६
७१. प्रकाश देवकोटा	अम्बर भित्रको नौलाख तारा	१३	४	३०
७२. प्रयाजराज वाशिष्ठ	मेरो माटो र म	२	१	४४
७३. ,,	मलाई मेरै हातले छुनुपर्थ्यो	८	२	५७
७४. प्रल्हाद पोखरेल	यो काठमाडौं	१७	५	५३
७५. फणिन्द्रराज खेताला	मेरो तीन टुक्रा कविता	२२	७	११
७६. बमबहादुर जिताली	श्रद्धाको उद्गार	११	३	५
७७. बुद्ध सायमी	आगो	१०	३	२९
७८. बुँद राना	कविता क्यानभासमा कुइरो	२४	८	४६
७९. भरतराज पन्त	पातली	१६	५	१४
८०. ,,	खा–ए	१९	६	४
८१. भैरवनाथ कदम	मेरो इच्छा	७	२	३
८२. मकुश 'वरदान'	धर्ति भन्छ	७	२	१०
८३. मञ्जुल	दुई कविता	११	३	४५
८४. मनु ब्राजाकी	गजल	६	२	२८
८५. ,,	गजल	१७	५	६८
८६. ,,	गजल	२०	६	३५
८७. मथुरा के. सी.	यदि बाहादुरै होस् भने	२२	७	२७
८८. महेश प्रसाई	महान् हुनलाई	२	१	२६
८९. माधवलाल कर्माचार्य	रिटायर्ड हुने वेलातिर	१०	३	१२
९०. महालक्ष्मी	म एउटा डमलप	१७	५	४९
९१. मीनबहादुर विष्ट	के यो नाटकको कुनै दृश्य हो	४	१	३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२. मोहन कोइराला	कहिले इच्छा मर्छ, कहिले इच्छाको जन्म निश्चित हुन्छ	४	१	१३
९३. मोहन दुवाल	चार मुक्तक	११	७	६
९४. रत्नशम्शेर थापा	तीन टुक्रा कविता	९	३	२६
९५. रमेश पोखरेल	मृत्यु	१२	३	५२
९६. रमेश पौडेल	गजल	२४	८	३३
९७. राजन चिपलू	यो जीवन कस्तो कस्तो	७	२	४४
९८. रामकुमार पाँडे	हामी तयार छौं पूजा गर्न	६	२	२४
९९. "	प्रित भित्रका गीतहरू	२३	७	९
१००. रामबाबु सुवेदी	हो राष्ट्र कै टाकुरा	१४	४	५
१०१. लेखनाथ पौड्याल	भूतनाथ	५	२	१
१०२. विजय वस्न्यात	मुक्तक	२१	७	२८
१०३. विदुर चालिसे	दोलक	५	२	४९
१०४. "	नारायणघाट	१२	३	३७
१०५. विनोद अश्रुमाली	जीवन कहिले फूल्ने होला	५	२	३६
१०६. "	पुरस्कार	१०	३	४५
१०७. "	यस पल्टको क्षति	१४	४	३३
१०८. विमल निभा	बाको चस्मा	९	४	६६
१०९. वियोगी बुढाथोकी	इतिहासले जन्माएको गोर्खाली बहादुर कान्छा	८	२	७३
११०. विश्वनाथ कौडिन्य	शुभ लक्षण	११	३	१६
१११. विश्वनाथ न्यौपाने	मेरो हत्केलाका रेखाहरू	१३	४	४५
११२. विश्वविमोहन श्रेष्ठ	दुई साना कविता	१	१	४६
११३. विष्णु विभू घिमिरे	विस्तारै दिउँसो झरेपछि	२	१	५६
११४. शार्दुल भट्टराई	जिन्दगीलाई के हुँदैछ	२०	६	४७
११५. श्याम उपाध्याय	शहीद जो विजयका बाटो देखाउँछ	२४	८	५५
११६. संजय थापा	म	१५	४	१२
११७. सलभ	आऊ एउटा सम्झौता गरौं	७	२	२५
११८. सिद्धीचरण श्रेष्ठ	बैल गाडीमा	९	४	१३
११९. "	प्याङ गाउँ	१२	३	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२०.	सैलेन्द्र साकार	नयाँ दिल्ली	१५	४	२३
१२१.	श्रीहरि फुँयाल	एकताको आह्वान	७	२	५७
१२२.	”	ग्राऊ हामीहरू भकुण्डो खेल खेलौं	२३	७	१७
१२३.	स्नेह सायमी	केही मुक्तक	४	१	७०
१२४.	श्रेणु नारायण	मेरो काठमाडौं	१२	७	२८
१२५.	हरि अधिकारी	केही मसिना कविता	१०	३	३४
१२६.	हेमन्त श्रेष्ठ	होशियार अब पृथ्वी पड्कनेछ	१०	३	६०
१२७.	क्षेत्रप्रताप अधिकारी	घाम उदाइरहेछ, घाम अस्ताइसकेछ	२	१	२५
१२८.	ज्ञान उदास	कहिले कहिँकोत साइत पनि कस्तो ?	४	१	५४
१२९.	ज्ञानुवाकर पौडेल	व्यर्थ	५	२	४२
१३०.	”	गजल	१७	५	६८
१३१.	”	गजल	२०	६	२०

नाटक/एकांकी

सि. नं	नाटककारको नाम	शिर्षक	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अशेष मल्ल	डाक्टरको प्रतीक्षा	१०	३	४६
२.	फणिन्द्रराज खेताला	सबै लोग्ने मानिस उस्तै हुन्	२०	६	२१
३.	रमेश खनाल	धमिलिएको साँझ	५	२	२३
४.	शिव अधिकारी	सशस्त्र आँगन	२	१	४६
५.	”	मेटिएको श्रृंगार	७	२	५
६.	”	हल्लो दुष्यन्त	१५	४	१३

भेटघाट/अन्तरवार्ता

सि. नं	अन्तरवार्ताकार	अन्तरवार्ता	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अमरकुमार प्रधान	कृष्णप्रकाश श्रेष्ठसित	१३	४	१२
२.	गोविन्द गिरी प्रेरणा	भारतीय साहित्यकार राजेन्द्र अवस्थिसंग एक बिहान	२	१	२७
३.	विजय चालिसे	मोहनराज शर्मा	१६	५	२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्रा निबन्ध

सि. नं.	निबन्धकार	शिर्षक	पूर्णाङ्क	बर्ष	पृष्ठ
१.	घनश्याम राजकर्णिकार	कटुमधु अनुभव दिल्लीको	१३	४	१३
२.	तेजप्रकाश श्रेष्ठ	रोइदिन्छ घाइते धरान आफैं पिडाभित्र	१९	६	२०
३.	,,	घाटको बसाई पाण्डाको रजाई	२०	६	३
४.	,,	कसैको तीनवास आफ्नो उठीवास	२१	७	३२
५.	,,	फेवा, माछापुच्छ्रे र मेमसाहेबहरू	२२	७	४८
६.	,,	अहाँ, हेर्नोस् त उडन खटोला	२३	७	३९
७.	देवीचन्द्र श्रेष्ठ	एक्का र टाँगाको शहरमा शोकाउँदो छ ताजिया	८	३	४५
८.	मधुवन पौड्याल	रामायण रावण र नुवारा एलिया	१६	५	२६
९.	रन्जुश्री पराजुली	हिमयात्रा	२४	८	२८
१०.	वासु रिमाल 'यात्री'	रम्घा तीर्थाटन	२	१	३५
११.	,,	जेनेभा भ्रमण	७	२	३६
१२.	विश्वम्भर चन्चल	एउटा साझा भाषाको खोजी	१०	३	७

लेख/निबन्ध

सि. नं.	लेखकको नाम	शिर्षक	पूर्णाङ्क	बर्ष	पृष्ठ
१.	आनन्ददेव भट्ट	प्रेमको सुगन्धमा	८	३	३०
२.	,,	मनको एकाग्रता	२२	७	१
३.	इश्वर बराल	आधुनिक भारतीय नेपाली आख्यानकार रसिक मोक्तान र राई	८	२	१
४.	अंगुरकुमार दहाल	देवकोटा र उसको दुःखदायी घटना	१४	४	६
५	कमल दीक्षित	यति लेख्नु पऱ्यो	७	२	११
६.	कुमारधर ज्ञानी	अर्कालाई मान्दा के हामी सानो हुन्छौं	११	३	३८
७.	के. पी. न्यौपाने	नेपाली साहित्य लेखनाथ जन्म शताब्दी	११	३	६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. के बि. राजभण्डारी	मानगृह शासन हो वा प्रशासन	१३	४	३७
९. कृष्णप्रकाश श्रेष्ठ	रूसमा नेपाल विद्याको मन्दिर	२२	७	५५
१०. कृष्णप्रसाद पराजुली	नेपाली नामाकरण	१५	४	५
११. ”	सन्दर्भ वर्ण विन्यासको कुरा नोटको	१७	५	२०
१२. गोपीकृष्ण शर्मा	अनुचित प्रयास अवाञ्छित कार्य (व्याकरण)	१६	५	४५
१३. ठाकुर चालिसे	अन्धकार वस्तिकों प्रज्वलित दियो	४	१	५७
१४. डा. डिल्लीराम तिमिल्सिना	मेरो राम काव्यमा प्रयुक्त रामको विशेषता	१२	३	७
१५. तेजप्रकाश श्रेष्ठ	धिमाल लोक धर्म र संस्कृति	१३	४	४६
१६ तेजेश्वर बाबु ग्वंग	माछा देवता मछिन्द्र नाथ	१८	५	२६
१७. ”	नृसिह अवतार	२३	७	१२
१८. दर्शन	साहित्य र आर्थिक समस्या	४	१	७५
१९. देवी शर्मा	सन्दर्भ कवियत्री प्रेम राजेश्वरी को कविता यात्रा	१५	४	२९
२०. ध्रुवनारायण जोन्छे	कवि लेखनाथ एक संस्मरण	११	३	६६
२१. नर्मेन्द्र लामा	उम्मेदवार चिनारी	१५	४	२५
२२. नारायण बहादुर सिंह	गाउँ, गिद्ध, शहर	७	२	२६
२३. निर्मोही व्यास	परिवार नियोजन गरिसके पछि	१९	६	६
२४. नृपेन्द्र पुरुष	जीवनका कुरा	८	२	४१
२५. ”	बौद्धिकता	२०	६	३८
२६. ”	तिमीलाई कस्ले गनेको छ	२४	८	४७
२७. पूर्णप्रकाश नेपाल यात्री	नेपालीकरणका सांस्कृतिक पूर्वाधार	४	१	१
२८. पूर्णप्रसाद ब्राम्हण	पापको गर्व वाणी	९	३	१
२९. ”	निबन्धको सम्बन्ध	१२	३	२
३०. प्रयागराज 'वाशिष्ठ'	बाँचून कवि शिरोमणी	११	३	१०
३१. ”	मेरो दृष्टिमा म	१४	४	२९
३२. वसन्तप्रसाद विडारी	पेट ! हाइ हाइ पेट !	४	१	३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३.	भरतराज पन्त	ह्वातको तकिया	६	२	३२
३४.	,,	लेखनाथको चङ्गा	११	३	१
३५.	मनोजबाबु मिश्र	आलु	१५	४	४६
३६.	मोहनराज शर्मा	कविता छन्द मुक्त हुँदैन	७	२	१
३७.	मोहन सिटौला	वेरा	१०	३	१३
३८.	रत्नध्वज जोशी	कवि परम्परा	११	३	५२
३९.	रवीन्द्र मिश्र	मान्छे	२४	८	१५
४०	रमेश विकल	साँ-ग्रिला एउटा भूस्वर्ग	१	१	१
४१.	राजन चिपालु	अन्ध विश्वास र मनोविज्ञान	८	३	६७
४२.	,,	तपाईको मन अनि तपाई	६	२	४१
४३.	राजेन्द्र सुवेदी	भैरवका दृष्टिमा दश औतार भित्रका पाँच औतार	२	१	१
४४.	,,	मेरो कवि बन्ने कला	५	२	१८
४५.	,,	एकीकृत साहित्यिक विकास परियोजना	८	२	८
४६.	,,	के यस्तो पनि श्रद्धाञ्जली हुन्छ	१४	४	१९
४७.	,,	व्यङ्ग्य र प्रगतिशील दृष्टिकोण	२३	७	२८
४८.	रामदयाल राकेश	मानवतावादी कविको रूपमा	११	३	४७
४९.	,,	प्रतिभा र प्रशस्ती	१७	५	३९
५०.	रामशरण दर्नाल	विश्व प्रसिद्ध बाजा पियानो	८	२	५३
५१.	,,	प्यानो र एकरडिएन	१६	५	६
५२.	वासुदेव शर्मा लुइटेल	पुरानो मान्छेको नयाँ अनुहार	१२	३	२६
५३.	,,	क्या फसाद	१४	४	१५
५४.	विधान आचार्य	दण्डीवियो चरित्रको शुरूआत	१६	५	१६
५५.	विनोद तिमिल्सिना	माछाको अगति र दुर्गतिको कथा	१६	५	४
५६.	शरदचन्द्र शर्मा भट्टराई	मोतीरामकालीन नेपाली प्रकाशकहरू	४	१	१३
५७	,,	लुकनू किन कवे पटभित्र	६	२	१
५८.	श्यामल	उडाउनको तयारी गऱ्यो पन्छीले	१०	३	३५
५९.	श्याम प्रसाद	म साम्यवादी होइन	७	२	२३
६०.	श्यामप्रसाद शर्मा सेवक	म	१	१	५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१.	श्यामबहादुर लामा	मेरो गोड ब्याएन	२३	७	५३
६२.	शिव रेग्मी	इतिहासशिरोमणि बाबुराम	१०	३	१
६३.	,,	सम्झनाको तरेलीमा कविशिरोमणि	११	३	३५
६४.	शंकर कोइराला	भानुभक्तको देशमा	२	१	१३
६५.	,,	आफैसित प्रश्नोत्तर	१८	५	१
६६.	सागर नासत्य	केही उड्डिस उखानहरू	१३	४	४३
६७.	सीताराम अधिकारी	रोमान्टिक कवि वर्डवर्थ	२१	७	२४
६८.	हरिहरनाथ शर्मा	दर्वार हेर्ने रहर	१२	३	४३

समालोचना

सि. नं.	समालोचकको नाम	शिर्षक	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अमरकुमार प्रधान	कवि माधव घिमिरे	२२	७	२१
२.	कृष्णप्रकाश श्रेष्ठ	साहित्यकार श्यामप्रसाद शर्मा	८	२	१२
३.	,,	लेखनाथको साहित्यिक धारणा	११	३	१७
४.	कृष्णचन्द्र सिंह प्रधान	अवमूल्यन भित्रका कथाकार मनुब्राजाकी	५	२	१०
५.	घटराज भट्टराई	गीतिनाटक शकुन्तला	१	१	३९
६.	,,	कृष्णवम मल्ल र उनको योगदान	६	२	१५
७.	,,	बुद्धि बिनोदको सोधखोज	११	३	६
८.	जयदेव भट्टराई	भाषासेवी बद्रीनाथ भट्टराई	२१	७	१६
९.	तीर्थराम झा	नेपाली काव्य परम्परामा प कवि शिरोमणि	१३	४	५
१०.	रमेश गोर्खाली	कवि हेम हमालका यथार्थ	१७	५	१४
११.	,,	व्यथित र दृष्टि सत्य	२३	७	१९
१२.	राजन चिपालु	लेखनाथ र कविता	११	३	५८
१३.	राजेन्द्र सुवेदी	केही आधारभूत बुँदा र गीतमको अलिखित उपन्यास	१२	३	४६
१४.	,,	अनाम सत्य बारेको निबन्ध	१९	६	११
१५.	रामप्रसाद दहाल	नाटककार सम र मुकुन्द इन्दिरा	१७	५	२१
१६.	,,	समयको हुरी उपन्यास	२०	६	१३
१७.	रामविक्रम सिजापति	कवि शिरोमणीको तरुण तपसी	११	३	११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. सुशिला सँजु	कवि पराजुलीका मुक्तकहरू	२३	७	२
१९. हिमांशु थापा	समको तेस्रो चरणका नाटकमा प्रयुक्त गीति योजना	५	२	४६
२०. हेमचन्द्र पोखरेल	लक्ष्मी प्र. देवकोटा र उनका वन कविता	१२	३	३८

संस्मरण निबन्ध

सि. नं.	निबन्धकार	शिर्षक	पूर्णाङ्क	वर्ष	पृष्ठ
१.	अमरकुमार प्रधान	पारिलो घाम, वरण्डा र ना. ब. सिंह	१९	६	३३
२.	कमल दीक्षित	गण्डा	९	३	१४
३.	,,	सम्पदा हराए	२१	७	१

साँ-ग्रिलाको अनुरोध

१. साँ-ग्रिला गद्यप्रधान साहित्यिक त्रैमासिक हो । यसलाई आफ्नो स्तरीय लेख रचना दिएर सघाउन हामी समस्त साहित्यिक वर्गमा हार्दिक अनुरोध गर्दछौं ।

२. साँ-ग्रिलामा प्रकाशनार्थ प्रेषित सामग्री प्रष्ट बुझिने गरी एकापट्टि मात्रै लेखिएको र एक प्रति आफूसंग राखी पठाउनु भएमा हामीलाई सहयोग मिल्नेछ ।

३. साँ-ग्रिलाले आफ्नो प्रवेश कालदेखि नै स्तरीय र मागिएका रचनालाई आफ्नो सामर्थ्यले भ्याएसम्म यथोचित पत्रं पुष्पम् दिदैं आएको छ ।

४. साँ-ग्रिलालाई विज्ञापन दिएर सहयोग गर्न सक्नु हुनेछ ।

विज्ञापनको दर यसप्रकार छ ।

	पूरा पृष्ट	आधा	चौथाई
आवरण (पछिल्लो पृष्ठ)	१०००।–	६००।–	३००।–
आवरण (भित्री पृष्ठ)	८००।–	५००।–	३००।–
साधारण (भित्री पृष्ठ)	६००।–	४००।–	२५०।–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरा घुम्न जाऔं

सौजनकिरण श्रेष्ठ

पोखरा एउटा सुन्दर ठाउँ हो । त्यहा हामीले माछापुच्छ्रे छर्लङ्ग देख्यौं । माछापुच्छ्रे सारै राम्रो छ । त्यहाँ बिन्दवासिनी भगवती मन्दिरमा गयौं । तालै तालको शहर पोखरामा रमाइलो फेवाताल पनि छ । फेवा तालमा हामीले डुङ्गा चढ्यौं । डुंगामा प्रतिघण्टा रू. ४०।– लिदो रहेछ । फेवातालको बिचमा बाराह मन्दिर छ । त्यहाँ हामीले चार पाँच फोटो खिच्यौं । डुङ्गा चढेर घुम्न साह्रै रमाइलो हुन्छ ।

हामी बेगनास ताल पनि गयौं । बेगनास तालबाट आधा घन्टा हिडे पछि रूपाताल पुगिन्छ । त्यहा माछा मार्नेको लागि ठूलो जाल हालिदो रहेछ । चार किलोमिटर गहिरो बेगनास ताललाई पहाडै पहाडले घेरेको छ । त्यस-पछि हामी महेन्द्र गुफा गयौं । त्यहाँ अध्यारो हटाउन बत्ती हालिएको छ । तर त्यो बत्तीको प्रकाश माथिमात्र पर्दो रहेछ । भित्र शिवलिङ्गको दर्शन गर्‍यौं ।

डेबिड फल्स झन रमाइलो रहेछ । त्यहाँ पानी जमिन मुनि झरेर झरना बनेको छ । त्यसलाई पातले छाँगो पनि भनिन्छ । पानीको छिटा माथि-सम्म आइ पुग्दा इन्द्रणी बन्दो रहेछ । त्यसपछि हामी डाँडाको गुम्बामा गयौं । त्यहाँ भित्र बुद्धको सुन्दर मूर्ति छ । त्यो मूर्ति सिसाभित्र राखिएको छ । त्यहाँको ठूलो ढ्याङ्ग्रो नित्य पूजामा मात्र बजाइन्छ । त्यहाँबाट पोखरा शहर खुब राम्रो देखिन्छ । हामी नजिकैको भद्रकाली मन्दिरमा पनि सिढि चढेर गयौं ।

पोखरा घुम्न सारै रमाइलो हुदो रहेछ । त्यसैले त विदेशीहरू त्यहाँ घुम्न जान्छन् । साथी हो हामी पनि जाऔं पोखरा घुम्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँ-ग्रिलाको पातो

सयौं शहीदको बलिदान र सम्पूर्ण नेपालीको योगदानबाट सफल बनेको राष्ट्रिय जनआन्दोलनको परिणाम स्वरूप अपहरित बहुदलीय प्रजातन्त्र प्राप्त भएको छ । इतिहासमा सर्वप्रथम हामीमा सार्वभौम सत्ता निहित भएको छ; संवैधानिक राजतन्त्रको स्थापना भएको छ । संविधानले वाक तथा प्रकाशन स्वतन्त्रताको साथै मौलिक हकको प्रत्याभूति गरेको छ । यसो हुनुमा कलमका धनी लेखक साहित्यकार कलाकार र बुद्धिजीवीहरूको पनि उत्तिकै योगदान छ जति अरू राजनीतिक नेता कार्यकर्ता र सर्वसाधारण नेपालीको छ । यो योगदानलाई कसैले 'मेरो मात्र' वा 'हाम्रो मात्र' हो भन्छ भने त्यो अहम्ण्यता बाहेक अरू केही हुन सक्दैन । त्यसमाथि जनचेतना अभिवृद्धिमा लेखक, साहित्यकार, कलाकार र बुद्धिजीवीको अग्रणी स्थान रहन्छ भन्ने तथ्यबोध गर्नेले संभवतः त्यस्तो दाबी पनि गर्दैन ।

राजनीतिक दल र तिनका नेता कार्यकर्ताले विगत ३० वर्षमा जे जति दमन र अमानवीय व्यवहार बेहोरे, उपेक्षित बने, सत्तासँग सम्झौता नगरी शब्दब्रह्मलाई नै सत्य ठानेर जनताको पक्षमा, राष्ट्रको पक्षमा र राष्ट्रियताको पक्षमा नयाँ संस्कृतिको निर्माण गर्न दत्तचित्त लेखक, साहित्यकार, कलाकार र बुद्धिजीवीले पनि त्यस समयमा त्योभन्दा कम दमन र अमानवीय व्यवहार भोगेनन् । हिजो जसरी एक वर्ग सत्ता स्तुति गर्दै आफ्नो टुनो सोझ्याउने गर्थ्यो त्यस्तै र नयाँ वर्ग समेत अहिले पनि खडा भइसकेको छ । ऊ परिवर्तित सत्य र शक्तिको विरुदावलीमा लागिसकेको छ । विशुद्ध साहित्यकार कलाकार, लेखक र बुद्धिजीवी निश्चय नै सत्ताको वरद हस्त चाहँदैनन् सत्ता भन्दा माथि रहेर सत्ता र शक्ति अनि सरकारलाई मार्गदर्शन गर्छ, पद र ऐश्वर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइन पाठक र जनतालाई वा जीवनलाई संपत्ति ठान्दछ । कला साहित्यलाई आत्मरति र ऐयासीको विषय होइन जीवनको विषय ठान्दछ, जीवनकोलागि ठान्दछ र जीवनलाई सत्यं, शिवं, सुन्दरमतर्फ अभिप्रेरित गर्छन्, निरुद्देश्य होइन सोद्देश्य कलम चलाउँछन् । यसैले प्राप्त प्रजातन्त्रलाई जोगाउन र साँचो अर्थमा मानिसलाई माया गर्ने प्रजातान्त्रिक संस्कार र चरित्रको निर्माण गर्ने अभिभारा पनि निकै हदसम्म लेखक, कलाकार, साहित्यकार र बुद्धिजीवी वर्ग ञैं रहन्छ । यिनै सशक्त विचार र सभ्यताका संवाहक कलम- बुद्धिजीवी-हरूको एउटा माध्यमका रूपमा रही आएको साँ–ग्रिला पनि आफ्नो सामर्थ्य अनुसार अग्रसर रहिनै रहने विश्वास दिलाउँछ ।

साँ–ग्रिलाको प्रस्तुत अंक पच्चीसौं पूर्णाङ्क हो । यस अंकलाई पूर्णत: निबन्ध अंकका रूपमा प्रकाशित गर्ने हाम्रो चाहना कतिपय कारणले चाहे जस्तो गरी पूरा हुन पाएन । जे जस्तो भयो श्रद्धेय पाठक समक्ष ल्याएका छौं । यस अंकलाई यो रूपमा ल्याउन आफ्ना बहुमूल्य रचना दिई सहयोग गर्नुहुने श्रद्धेय लेखकवृन्दमा धन्यवाद भन्नु मात्र औपचारिकता ठहरिने छ ।

विगत ८ वर्षमा (वि. सं. २०३९ वैशाख देखि) साँ–ग्रिलाले के कस्तो योगदान गरेको छ त्यसको मूल्यांकन पाठकवर्गले गर्ने कुरा हो । हामी त यो आठ वर्षको यात्रा लडखडाउँदै मात्र गरिरहेका छौं– गतिवान् भएर यात्रा गर्ने राष्ट्रिय वातावरण तयार नहुन्जेल अझै 'अनुत्पादक' ठानिने साहित्य र साहित्यिक पत्रकारिताको नियति लड्खडाउनु बाहेक अर्को हुन पनि सक्दैन । राजनीतिक परिवर्तनलाई तदनुरूपको साहित्य र संस्कृतिको विकास र प्रसारले सुदृढ गर्छ भन्ने धारणा प्रजातान्त्रिक सरकारमा विकसित भयो भने यो लडखडाहटबाट साहित्य र साहित्यिक पत्रकारिताले पनि मुक्ति पाउने छ भन्ने आशा राख्नु बाहेक अहिले गर्न नै के पो सकिन्छ र !

NEPAL SANSKRIT UNIVERSITY

तेजप्रकाश श्रेष्ठद्वारा लिखित

अछामी लोक साहित्य

पठनीय र संग्रहनीय छ

रत्नपुस्तक भण्डार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

SAN - GRILA
Quarterly PubliCation

द. नं. ४२/०३८/०३६ जि. का. का.
Jul-Sep 1990

विजया दशमीको

शुभ उपलक्ष्यमा

सुख सम्वृद्धि र सफलताको

हार्दिक

शुभ-कामना

जोन्सन एण्ड निकोल्सन
(नेपाल) प्रा. लि.
भक्तपुर

मुद्रक:- बाबर्ड प्रेस, कालिमाटी, काठमाडौं । फोन २-७१०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu